माझी भाषाको व्याकरण

डा. दुबिनन्द ढकाल

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

माझी भाषाको व्याकरण

डा. दुबिनन्द ढकाल

प्रकाशक
नेपाल सरकार
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर

माझी भाषाको व्याकरण

लेखक : डा. दुबिनन्द ढकाल
प्रबन्ध सम्पादक : सरीना गुरुङ
भाषा सम्पादक : भुवन न्यौपाने

प्रकाशक : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर, नेपाल
फोन नं.: +९७७-०१-५१८३२५२/५१८३१७४
Email: mail@nfdin.gov.np
URL: www.nfdin.gov.np

सर्वाधिकार : प्रकाशक

प्रकाशन प्रति : ३००
संस्करण : प्रथम, वि.सं. २०८० (सन् २०२३)

मुद्रण : क्लासिक प्रिन्टिङ सर्भिस
अनामनगर, काठमाडौं, नेपाल
फोनः +९७७-०१-४१०२६०२

ISBN NO. : 978-9937-9556-2-1

Majhi Grammar written by **Dr. Dubi Nanda Dhakal** in 2023

प्रकाशकको स्वीकृति नलिई समीक्षा र अन्य अनुसन्धानात्मक उद्धरणबाहेक यस पुस्तकको कुनै पनि अंश पुनः मुद्रण गर्न पाइने छैन।

नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

उपाध्यक्षको मन्तव्य

नेपाल विविध भाषा, धर्म, संस्कृति, परम्परा र मान्यता बोकेका जात, जातिहरूको बसोबास भएको पावन भूमि हो । नेपालका यी अमूल्य निधिहरूका विकास, संरक्षण, सम्वर्द्धन र प्रवर्धन गर्न आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मार्फत ५९ समुदायलाई आदिवासी जनजातिका रूपमा सूचीकृत गरेको छ। सरकारले यसै संयन्त्रमार्फत आदिवासी जनजातिको आंशिक रूपमा उनीहरूका विकास र उत्थानको कार्यहरू गर्दै स्थापना कालदेखि समुदायको पहिचानलाई जोगाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने भाषाको संरक्षण र प्रवर्द्धनमा जग हाल्ने काम गरेको छ। यसका लागि लोपोन्मुख भाषाहरूका वर्ण निर्धारण, शब्दकोश, व्याकरण निर्माण, मातृभाषामा लेखिएका कथा, कविता, साहित्य, इतिहासलगायतको अभिलेखन कार्य भइरहेको छ । मातृभाषी स्रष्टा, सर्जकहरूलाई लेखनप्रति आकर्षण र प्रोत्साहित गर्दै मनोवल उच्च बनाउन पुस्तकहरूको प्रकाशन, प्रवर्द्धनमा सहयोग र सम्मानित समेत गरिँदै आइएको छ । यसैको उपजको रूपमा **माझी भाषाको व्याकरण**को प्रकाशन गरिएको हो ।

अन्त्यमा, **माझी भाषाको व्याकरण** निर्माण गरेर **माझी** जातिको भाषालाई चिररकालसम्म बचाइराख्न लेखक **डा. दुविनन्द ढकाल**ले पुऱ्याउनुभएको योगदानको कदर सधैं उच्च रहने छ। यो कार्यको इतिहासले उच्च मूल्याङ्कन गर्ने विश्वासका साथ **माझी भाषाको व्याकरण**ले **माझी** भाषा विकासमा कोशेढुङ्गा बन्न सकोस् भन्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

.....

गोकुलप्रसाद घर्ती

(उपाध्यक्ष)

धन्यवाद ज्ञापन

नेपालमा माझी भाषाको अध्ययन शैशवावस्थामा रहेको छ। हालसालै माझी भाषाको शब्दकोश प्रकाशित भएको छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गत भाषाविज्ञान केन्द्रीय विभागमा र अन्य केही संस्थाबाट माझी भाषाको समाजभाषावैज्ञानिक केही अनुसन्धान भए पनि समुदाय लाभान्वित हुने प्रकारका सामग्रीहरू हालसम्म तयार भएका छैनन्। यो व्याकरण तयार गर्ने क्रममा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले आर्थिक सहयोग गरेर मलाई यस अध्ययन गर्नका लागि प्रेरित गऱ्यो। त्यसका लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र त्यसका सदस्य सचिव श्री गोविन्द माझीप्रति कृतज्ञ छु। त्यसै गरी यसको प्रकाशनमा तत्परता देखाउनुहुने आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष गोकुल घर्ती साथै प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

यो व्याकरणमा मूलत: श्री धनबहादुर माझीसँग लिइएको सूचनामा आधारित छ। भाषासम्बन्धी सूचना उपलब्ध गराइदिनुहुने श्री धनबहादुर माझीलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै भाषासम्बन्धी अध्ययन अनुसन्धानमा मेरो प्रेरणाका स्रोत प्रा. डा. योगेन्द्रप्रसाद यादव र प्रा.डा. माधव प्रसाद पोखरेलज्यूप्रति सधै आभारी छु। म कार्यरत रहेको भाषाविज्ञान केन्द्रीय विभागका सहकर्मी मित्रहरूप्रति पनि म कृतज्ञ छु। यो कृति नेपाली भाषामा सम्पादन गर्नुहुने त्रिचन्द्र बहुमुखी क्याम्पसका उप-प्राध्यापक डा. भुवन न्यौपानेप्रति समेत म कृतज्ञ छु।

वि.सं. २०७६ सालको चैत्रको पहिलो हप्ताबाट कोरोना भाइरसले गर्दा लामो समय बन्दाबन्दीमा हामी सबैलाई घरमै राख्यो। मैले त्यही समयको भरपुर सदुपयोग गरेँ र यस पुस्तकलाई अन्तिम रूप दिएँ। विभागको जिम्मेवारी र अरू सामाजिक सम्बन्धले व्यस्त रहने वातावरणबाट कोभिड-१९ का कारण मलाई यो व्याकरणलाई अन्तिम रूप दिने समय मिल्यो।

मेरो शैक्षिक उन्नयनमा मेरा बुवा नन्दप्रसाद उपाध्याय र आमा टीका देवी ढकालको माया र प्रेरणा निरन्तर रहिआएको छ। उहाँहरूका साथसाथै मलाई हरेक किसिमले सहयोग पुऱ्याउने परिवारका सदस्यहरूप्रति पनि म कृतज्ञ छु। यस क्रममा

जीवनसाथी सीतादेवी शर्मा, छोरी उपमा र छोरा अनुपमसमेत लाई मैले धन्यवाद दिन चाहन्छु।

डा. दुबिनन्द ढकाल
भाषाविज्ञान केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं

विषयसूची

कृतज्ञता ज्ञापन
विषयसूची
संङ्क्षिप्त रूप

	पृष्ठ
अध्याय १: परिचय	१-८
अध्याय २: वर्ण व्यवस्था	९-२४
अध्याय ३: नाम, नाम रूपावली र सर्वनाम	२५-५७
अध्याय ४: विशेषण	५८-७३
अध्याय ५: क्रिया र क्रिया रूपावली	७४-११३
अध्याय ६: क्रियाविशेषण र अन्य पदवर्ग समूह	११४-१२५
अध्याय ७: नाम पदावली	१२६-१३८
अध्याय ८: वाक्य र वाक्यको रूपान्तरण	१३९-१६३
अध्याय ९: वाक्य संयोजन तथा वाक्य मिश्रण	१६४-१८४
अध्याय १०: प्ररूपक विशेषताहरू र पारिवारिक वर्गीकरण	१८५-१८७

References
अनुसूची

संक्षिप्त रूप

१	प्रथम पुरुष
२	द्वितीय पुरूष
३	तृतीय पुरूष
अक	अकरण
अनुक्रम	अनुक्रमिक
अधि	अधिकरण
अपा	अपादान कारक
अनुवाची	अनुमतिवाची
अभू	अभूतकाल
आव	आवधिक
इच्छा	इच्छार्थ
उद्देश्य	उद्देश्यक
ऊर्जा	ऊर्जावत कारक
एव	एक वचन
कर्म	कर्म कारक
कतृवा	कर्तृ वाच्य
करण	करण कारक
क्रिप	क्रिया पदावली
क्रिकृ	क्रियाकृत
दूद	दूरदर्शी
नाप	नाम पदावली
निषेध	निषेधात्मक
पूकाकृ	पूर्वकालिक कृदन्त
पूप	पूर्ण पक्ष
प्रेरणा	प्रेरणार्थक
बव	बहु वचन

विम	विशेष महत्त्व
सङ्केत	सङ्केतार्थ
सम्भा	सम्भावना
सम्प्र	सम्प्रदान कारक
सहा	सहार्थक कारक
सम्बो	सम्बोधन कारक
साकृ	सामान्य कृदन्त
सातत्य	सातत्य बोधक पक्ष
स्त्री	स्त्रीलिङ्गी

अध्याय-१
परिचय

१.१ परिचय

नेपालमा भारोपेली, भोटबर्मेली, आग्नेय र द्रबिडगरी मूलतः चार परिवारका भाषाहरू बोलिन्छन्। नेपालको राष्ट्रिय जनगणनामा उल्लेख भएअनुसार नेपालमा करिब दुई दर्जन जति भारोपेली परिवारअन्तर्गत भारतीय-आर्य उपपरिवारका भाषाहरू बोलिन्छन्। यो सङ्ख्या थपघट हुने सम्भावना छ; किनभने फरक फरक स्रोतहरूमा नेपालमा बोलिने भाषाको सङ्ख्यामा केही थपघट हुने गर्छ। नेपालमा बोलिने भारोपेलीअन्तर्गत भारतीय-आर्य भाषाहरूको सङ्ख्यामा पनि थपघट हुँदै जान सक्छ । केही वर्ष यता नेपालमा बोलिने भोटबर्मेली भाषाहरूको बढी चर्चा हुने गरेको छ । यहाँ बोलिने भारोपेली भाषाहरूले भने कम चर्चा पाउने गरेको यथार्थ समेत हामीकहाँ रहेको छ। नेपालमा भारतीय-आर्य भाषा परिवारका के कति भाषाहरू बोलिन्छन् भन्ने अलग्गै अध्ययनबाट पुष्टि हुन बाँकी रहेको छ।

माझी जाति नेपाल सरकारले सूचीकृत गरेका जनजातिमध्येको एक जाति हो (उक्याब र अधिकारी २०००)। नेपाल सरकारले सूचीकृत गरेको माझी समुदायका मातृभाषी वक्ताहरूले माझी भाषा बोल्ने गर्दछन् । त्यसकारण माझी जातिले बोल्ने जातीय भाषासमेत यो भाषा हो। विगतको जनगणनाअनुसार नेपालमा माझी जातिको कुल जनसङ्ख्या ८३२२७ रहेको छ भने माझी भाषा मातृभाषा हुनेको सङ्ख्या चाहिँ २४४२२ मात्र रहेको छ (तथ्याङ्क केन्द्रीय विभाग २०१२)। यही तथ्याङ्कलाई आधार मान्दा चाहिँ माझी भाषा २९.३४ प्रतिशतले मात्र बोल्ने गर्दछन्। माझी भाषा विभिन्न गाउँहरूमा बोलिने हुनाले यसका क्षेत्रीय भेद हुन सक्छन् चालिसे (२०१४, पेज २०१८)। केही माझी भाषाका वक्ताहरू भारतको सिक्किममा समेत रहेको औँल्याइको छ (गङ्गोपाध्याय १९९३)। सिक्किममा बोलिने भनिएको माझी भाषाको चाहिँ भाषावैज्ञानिक अध्ययन हुन बाँकी नै रहेकाले त्यसको तुलनात्मक अध्ययन हुन सकेको छैन। भारतको पन्जाबमा बोलिले पन्जाबी भाषाको भाषिका माझी नामको भाषिका समेत रहेको छ। यी दुई भाषाबिच नाममा समानता भए पनि यी दुई भाषाबिचको तुलनात्मक अध्ययन हालसम्म हुन सकेको छैन।

माझी जाति र भाषाका सन्दर्भमा केही टिप्पणीहरू भएका छन्। बिष्ट (१९६७:११७) ले माझी, दरै, र दनुवारको शारीरिक बनोटमा समानता भएको औँल्याएका छन्। बिष्टले यी सबैलाई समग्रमा 'कुसार, कुसुवार' भन्ने गरिएको कुरासमेत उल्लेख गरेका छन्। माझी समुदायका व्यक्तिहरूसँग हालसम्म गरेको अन्तर्क्रियाका आधारमा माझी समुदायभित्र पाँचओटा उप-समूह अहिले पनि कायम छन् - दनुवार, कुसवार, कुम्लाहे, बान्तार र थालथालु। माझी जातिभित्रको एउटा उप-समूह 'कुसार' अहिलेसम्म पनि कायमै छ। अहिलेको स्थितिमा चाहिँ माझी जातिभित्र समेत कुसारको जनसङ्ख्या अन्य उप-समूहको तुलनामा बढी भएकाले कुसारलाई माझी लेख्न थालिएको हुन सक्ने सम्भावना चाहिँ बढी छ। हड्सन (१८८५) ले 'कुसार' भनेर उल्लेख गरेको जाति अहिलेको माझी मात्र हो भनेका छन्। हाल प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा बिष्टले भने जस्तै 'कुसार' जातिभित्र अन्य जातिहरूसमेत पर्थे भन्ने कुरा निश्चित गर्न गाह्रो छ। जेस्ट (१९७७) मा प्रकाशित लेखमा समेत उनले माझीको सट्टा कुसार नामावली प्रयोग गरेका छन्। भारतीय-आर्य भाषा बोल्ने अन्य जातिहरू – दरै, कुमाल, बोटे जस्ता जातिहरू अहिले अलग्गै सूचीकृत भएका कारणले चाहिँ हडसनले 'कुसार' भनेर सूचीकृत गरेका जाति चाहिँ अहिलेका माझी मात्र हुन् भन्ने अनुमान गर्न गाह्रो छैन। माझी जातिका सम्बन्धमा लेखिएका अनुसन्धान ग्रन्थहरूमा जेस्ट (१९७७) भन्दा पछि माझी जातिलाई 'कुसार' लेखिएको पाइँदैन।

माझी भाषा (आइएस्ओ कोड mjz, ग्लोटोकोड माझ १२५३) भारोपेली परिवारअन्तर्गतको भारतीय-आर्य परिवारको भाषा हो। ग्लोटोलग कोडमा माझी भाषालाई नेपालको सुदूर पश्चिममा स्थित भाषाका रूपमा उल्लेख गरिएको छ। यो विवरण त्यति भरपर्दो छैन। काठमाडौँ उपत्यकाबाट पूर्वमा अवस्थित रामेछाप र सिन्धुली जिल्लाका दुधकोसी, तामाकोसी किनार र मूलतः सप्तकोसी किनारको वरिपरि माझीहरूको मूल बसोबास रहेको छ। माझीहरू मूलत कोसी नदीका आसपासमा बस्छन्। रामेछाप जिल्लामा मात्र ४२५२ माझी वक्ताहरू बसोबास गर्दछन् भने सिन्धुली जिल्लामा चाहिँ उनीहरूको सङ्ख्या ४८४० रहेको छ। क्षेत्रगत कार्यको सम्भावनालाई केलाउँदा रामेछाप जिल्लामा बोलिने माझी भाषालाई यस अध्ययनमा छनोट गरिएको छ।

केही विद्वान्हरूमा माझी र माझी भाषा एउटै हुन् भन्ने बुझाइ छ (भान ड्रिम २००७)। माझी र बोटे भाषाका थुप्रै व्याकरणिक विशेषताहरू फरक छन् (हेर्नू, ढकाल २०१७क)। भान द्रिम (२००७:३१७) ले नेपालमा बोलिने

तीनओटा भारतीय-आर्य भाषा सङ्कटापन्न अवस्थामा रहेका र दनुवार, दरै, माझी अथवा माझी भाषिक समुदाय सांस्कृतिक र भाषिक किसिमले नेपाली संस्कृतिमा समीभूत (assimilated) भएको उल्लेख गरेका छन्। त्यसकारण पनि नेपाली भाषामा लेखिएको माझी भाषाको व्याकरणको सान्दर्भिकता छ। यस अध्ययनले तीनओटा प्रश्नको उत्तर दिने अपेक्षा गरिएको छ (क) माझी भाषाको समग्र व्याकरण कस्तो छ र यसका केकस्ता मौलिक विशेषता छन् ? (ख) माझी भाषामा भौगोलिक किसिमले निकटका भाषाहरूसँग केकस्ता साझा विशेषता पाइन्छन् ? (ग) यी विशेषताहरूले माझी भाषाको पारिवारिक वर्गीकरणमा केकस्ता आधार दिन्छन् ?

१.२ पारिवारिक वर्गीकरण

माझी भाषाका सम्बन्धमा केही अध्ययन भएका छन्। *इथनोलोग* (इपिली र अन्य २०१२) मा माझी भाषालाई भारोपेली, भारतीय-आर्य, पूर्व क्षेत्रीय, वर्गीकृत भनेर यसको पारिवारिक वर्गीकरणको स्थिति उल्लेख गरेका छन्। यादव (२००३) ले प्रस्ताव गरेको वर्गीकरण पनि यससँग मिल्दोजुल्दो छ। उनले नेपालका कतिपय भाषाको विस्तृत अध्ययन भइनसकेकाले यी भाषाहरूको पारिवारिक वर्गीकरण हुन बाँकी रहेको कुरा उल्लेख गरेका छन्। थारू, माझी, दरै, कुमाल, मिया (चुरेटे) र दनुवार भाषाहरू व्याकरणिक विशेषताहरूका आधारमा वर्गीकरण हुन नसकेका भाषाहरूको समूहमा राखिएका छन्। ढकाल (२०१४) ले माझी भाषा नेपालमा बोलिने मैथिली, राजवंशी जस्ता पूर्वीय भारतीय-आर्य भाषाहरूसँग मिल्दाजुल्दा विशेषता भएको कुरा औँल्याएका छन्। ढकाल (२०१७क) मा एउटै भाषाजस्ता लाग्ने बोटे र माझी भाषाका पनि भिन्न प्रकार्यपरक विशेषता भएको र माझी भाषाका विशेषता उल्लिखित भाषाहरूसँग मिल्दोजुल्दो भएको कुरा औँल्याइएको छ।

१.३ पूर्वाध्ययन

माझी भाषाको सामाजिक, आर्थिक र सांस्कृतिक विषयहरूमा धेरै अध्ययन भएका छन्। विस्ट (१९६७) ले माझी जातिको प्रारम्भिक सामाजिक-आर्थिक सूचना दिएका छन्। गौतम र मगर (१९९४) अनि माझी (२०६३ वि.सं.) मा माझी जातिको सामाजिक आर्थिक पक्षको चर्चा गरिएको छ। सामाजिक, आर्थिक ,सांस्कृतिक विषयमा केन्द्रित यी अध्ययनमा माझी भाषा

अलग्गै भएको कुरा उल्लेख भए पनि माझी भाषाका बारेमा सूचना उल्लेख्य रूपमा दिइएको छैन।

माझी भाषामा हालसम्म विभिन्न किसिमका अध्ययनहरू भएका छन्। हडसन (१८५७) मा माझी भाषाका केही शब्दहरू सङ्कलित छन्। हडसनले सूचीकृत गरेको 'कुसुवार' भाषा माझी भाषा हो भन्न त्यति कठिन छैन किनभने ती सबै शब्द माझी भाषासँग मिन्छन्। यसका अतिरिक्त हडसन (१८५७) को सूचीमा समाविष्ट नामहरूमा प्रयोग गरिएका सार्वनामिक प्रत्ययहरू पनि माझी भाषामा प्रयोग हुने प्रत्ययहरूसँग मिल्दाजुल्दा छन्। हन्टर (१८६८) मा पनि ती शब्दहरू समावेश गरिएका छन्। हामीले यी शब्दहरूलाई अहिले बोलीचालीको माझी भाषासँग तुलना गर्दा समेत यी शब्दहरूमा समानता देखिन्छ। हालैका वर्षमा माझी भाषालाई 'कुसुवार' शब्द प्रयोग भएको त्यति देखिँदैन। माझी भाषालाई 'कुसुवार' शब्द प्रयोग गरेर भएको अन्य अध्ययन हालसम्म पाइएको छैन। जेस्ट (१९७७) ले चाहिँ माझी जातिलाई इङ्गित गर्नका लागि कुसुवार शब्द चाहिँ प्रयोग गरेका छन्। अध्ययनकर्ताद्वारा अहिलेसम्म सङ्कलन गरेका सामग्रीमा जेस्ट (१९७७) भन्दा पछाडि माझी समुदायलाई कुसुवार भनेर सम्बोधन गरिएको सामग्री फेला पारिएन।

समाज भाषावैज्ञानिक तहमा माझी भाषामा केही अध्ययन भएका छन्। चालिसे (२०१४) को अध्ययनमा माझी भाषाका मूलतः तामाकोसी र सुनकोसी गरी दुई भाषिका भएको उल्लेख गरिएको छ। यो अध्ययन समाजभाषावैज्ञानिक अध्ययन भएका कारणले शब्दहरूको तुलनाका आधारमा यो भिन्नता देखाइएको छ। यस अध्ययनमा यी दुई भाषिकाका क्रिया सङ्गतिमा समेत फरक हुने र यी दुई भाषिका बिच बोधगम्यताको स्तर समेत न्यून हुने कुरा उल्लेख छ । चालिसे (२०१४) ले प्रयोग गरेका २१० शब्दसूचीका आधारमा माझी भाषाका भेदहरूमा ६५ देखि ९० प्रतिशतसम्म समानता भएको उल्लेख गरेका छन्।

भाषाप्रयोगका सम्बन्धमा पनि उनको (चालिसे २०१४) अध्ययनमा केही टिप्पणी गरिएको छ। माझी भाषाको प्रयोग सीमित स्थान र प्रसङ्गमा मात्र हुने गर्दछ। माझीहरूले आफ्ना बालबालिकालाई माझी भाषामा पठनपाठन उपयुक्त हुने राय यस अध्ययनमा व्यक्त गरिएको छ। माझीहरूमा बहुभाषिकताको स्तर उच्च छ। माझी बालबालिकाहरू नेपाली तथा अन्य भाषाहरूमा दक्षता भएको भए पनि उनीहरू पहिलो पटक विद्यालय जाँदा उनीहरूले नेपाली राम्रो बुझ्न सक्दैनन्। बहुजातीय विवाहका कारणले गर्दा नयाँ पुस्तामा भाषाको स्थानान्तरण राम्ररी हुन नसकेको देखिन्छ।

समाजभाषाविज्ञानका सन्दर्भमा पेज (२०१८) ले समेत बोटे र माझी भाषाको एकै स्थानमा भाषा सर्वेक्षण गरेकी छन्। माझी र बोटे भाषाको संयुक्त रूपमा प्रस्तुत अध्ययन गरिएको हुँदा यसमा समाजभाषाविज्ञानका समग्र विषयवस्तु समेटिएका छैनन् तथापि यो अध्ययन माझी भाषाको प्रयोगमा ह्रास हुँदै गएको र भाषाको प्रयोग क्रमशः खुम्चिँदै गएको कुरा उल्लेख गरिएको छ। भान द्रिम (२००१) ले माझी भाषा बोलिने क्षेत्रको उल्लेख गर्दै माझी र बोटे भाषाको सम्बन्धको चर्चा गरेका छन्। माझी र बोटे भाषा एउटै हुन् भन्ने उनको कुरामा बलियो प्रमाण देखिँदैन।

माझी भाषाका सीमित शब्दसङ्ग्रहरू उपलब्ध छन्। हडसन् (१८५७) ले सङ्कलन गरेका शब्दहरू नै माझी भाषामा पहिलो पटक सङ्कलन गरिएका शब्दहरू हुन् तर उनले यस भाषालाई 'कुसुवार' भाषा भनेका छन्। त्यसै गरी माझी भाषामा जेष्टले केही गीतहरू सङ्कलन गर्दा माझी भाषाका शब्दहरू सङ्कलित भए पनि छुट्टै शब्दसङ्ग्रह चाहिँ प्रकाशित भएको देखिँदैन। व्याकरण तथा लेखहरूमा प्रस्तुत गरिएका वाक्यहरूमा आउने शब्द, शब्दसूचीमा दिइएका छोटा शब्दसूचीबाहेक माझी भाषाको पहिलो शब्दसङ्ग्रह चाहिँ माझी (२०७२ वि.सं.) हो। यस सङ्ग्रहमा लेखकले दुधकोसी, तामाकोसी र भटौली गरी तीन भाषिकाका अलगअलग शब्दहरू दिइएको छ साथै क्रियाका रूपावलीलाई पनि अलग्गै प्रविष्टि दिइएको छ। माझी भाषाका दिनानुदिन प्रयोग हुने शब्द, र भाषिकागत शब्दहरूको प्रविष्टि समावेश गरिएका हुनाले समेत यस शब्दसङ्ग्रहमा व्याकरणिक रूपहरूको समेत यथेष्ट सूचना समेटिएको छ।

माझी भाषाको वर्णव्यवस्थामा भएका अध्ययनहरूमा ढकाल (२०१४) लाई लिन सकिन्छ। यी सन्दर्भग्रन्थहरूमा उल्लेख भएअनुसार माझी भाषाको प्रारम्भिक वर्णव्यवस्था नेपाली भाषाको जस्तै देखिन्छ तथापि माझी भाषाको वर्णव्यवस्थामा मौलिक विशेषताहरू रहेका छन्। ढकाल (२०१४) मा प्रयोग भएका वर्णहरूसँग तुलना गर्दा पेज (२०१८) मा केही नयाँ वर्णहरूसमेत देखिन्छन्। कतिपय स्थानमा ढकालले दिएको को /dz/ सट्टा /dʒ/, /r/ को सट्टा /ɾ/, /e/ को सट्टा /ɛ/, /tsh/को सट्टा /tʃh/ को प्रयोग भएको छ। यी वर्णहरू ध्वन्यात्मक हुन् वा होइनन् ? साथै यी वर्णहरू लघुतम युग्मबाट अलग्गै स्थापित हुन सक्छन् वा सक्दैनन् भन्ने निर्क्योल गर्नुपर्ने स्थिति छ।

ढकाल (२०१४) को अङ्ग्रेजी भाषामा तयार गरिएको व्याकरण मूलत: ढकाल (२००८) मा आधारित छ। यो व्याकरण रामेछाप जिल्लामा बोलिने माझी भाषामा आधारित छ। यो अध्ययन कुल १० खण्डमा विभाजित छ। पहिलो अध्यायमा माझी भाषाको अध्ययनको समग्र रूपरेखा दिइएको छ।

ढकालले साबिकको भटौली गाउँ विकास समितिमा बसोबास गर्ने माझी वक्ताबाट तथ्याङ्क सङ्कलन गरी यो व्याकरण तयार गरेको उल्लेख गरेका छन्। दोस्रो अध्यायमा माझी भाषाको वर्णव्यवस्था दिइएको छ। माझी भाषाको वर्णव्यवस्था मूलतः भारतीय-आर्य भाषाहरूका विशेषतासँग मिल्दोजुल्दो छ तथापि माझी भाषाका केही मौलिक विशेषतासमेत यसमा रहेका छन्।

अध्याय तीनमा नाम र सर्वनामको विश्लेषण गरिएको छ। यसमा माझी भाषाका नाममा लाग्ने सार्वनामिक प्रत्ययहरू यस भाषाको प्रकार्यपरक विशेषताको उल्लेखनीय चर्चा गरिएको छ। त्यसै गरी अध्याय चारमा विशेषणको रूपव्यवस्थाको चर्चा गरिएको छ। अध्याय पाँचमा क्रिया र क्रियारूपावलीको विश्लेषण गरिएको छ। यस अध्यायमा चर्चा गरिए जस्तै माझी भाषाको क्रिया रूपावली चाहिँ पूर्वीय भारतीय-आर्य भाषामा जस्तै भएको कुरा प्रस्तुत गरिएको छ।

अध्याय छ मा क्रियाविशेषण र अन्य पदवर्गको विश्लेषण गरिएको छ। त्यसै गरी, अध्याय सातमा नाम पदावली, अध्याय आठमा सामान्य वाक्य र यी वाक्यहरूको रूपान्तरण, अध्याय नौमा वाक्य संयोजन र वाक्य मिश्रणको चर्चा गरिएको छ। अध्याय दशमा माझी भाषाका प्ररूपक विशेषताहरूको चर्चा गर्दै माझी भाषाको वर्गीकरणको प्रस्ताव समेत गरिएको छ।

अङ्ग्रेजी भाषामा तयार गरिएको यस कृतिमा व्याकरणका सबै पक्षको विश्लेषण गरिएको छ। माझी भाषाको व्याकरणका बारेको यो नै पहिलो प्रकाशित कृति हो तथापि अङ्ग्रेजी भाषामा लेखिएको र विदेशबाट प्रकाशित यो कृति मातृभाषी माझीहरूको पहुँचमा नभएको देखिन्छ। त्यसै गरी ढकाल (२००८, २०११, २०१२ख, २०१३, २०१७ख) मा माझी भाषाका विविध पक्षमा चर्चा गरिएको छ। एकै स्थानमा बोलिने माझी भाषाबाट लिइएको तथ्याङ्कमा आधारित यी लेखहरू मूलतः उनको व्याकरणमा समाविष्ट सूचनामा आधारित छन्। ढकाल (२०१४) मा माझी भाषाका पाठहरूको अध्ययन गर्दै ती पाठहरूको विश्लेषण गरिएको छ। उनको यस सन्दर्भग्रन्थको पहिलो अध्यायमा व्याकरणको सङ्क्षिप्त चर्चासमेत गरिएको छ। यस कृतिमा कुल ३४१ वाक्यहरू दिइएका छन्। यी पाठहरू माझी भाषाका भाषिक विशेषताहरूको विश्लेषण गर्न उपयोगी छन्।

१.४ सैद्धान्तिक अवधारणा (theoretical framework)

यो अध्ययन माझी भाषाको वर्णनात्मक व्याकरण हो। यसका अतिरिक्त माझी भाषाका भाषिक विशेषताहरूलाई यसका छिमेकी भाषाहरूसँग पनि

तुलना गरिएको छ र यो अध्ययन प्ररूपक भाषाविज्ञान (typological linguistics) मा आधारित छ। यस अर्थमा यो अध्ययन माझी भाषाको प्ररूपक व्याकरणसमेत हो। नेपालमा बोलिने भारतीय-आर्य भाषाका मात्र प्ररूपपरक अध्ययनको अभाव रहेको सन्दर्भमा मासिका (१९९१) लाई यस अध्ययनमा प्ररूपपरक तुलनाका लागि प्रयोग गरिएको छ। माझी भाषाका केही व्याकरणिक विशेषताहरू यसका छिमेकी भाषाहरूसँग समेत तुलना गर्न सान्दर्भिक हुने भएकाले अन्य निकट भाषाका केही विशेषताहरूसँग समेत तुलना गरिएको छ। यस अध्ययनमा माझी भाषाका छिमेकी भाषाहरूबाट समेत सूचना लिइएको छ।

१.५ तथ्याङ्क सङ्कलन

वर्णनात्मक व्याकरण लेखनमा सहयोगी हुने सन्दर्भ सामग्रीहरूलाई यस व्याकरण निर्माणमा प्रयोग गरिएको छ। यस व्याकरणमा प्रयोग भएका माझी भाषाका उदाहरणहरू रामेछाप जिल्लाअन्तर्गत साविकको भटौलीमा बसोबास गर्ने माझी भाषाका वक्ताहरूले प्रयोग गर्ने बोलीचालीको भाषामा आधारित छ। यसमा वर्णनात्मक व्याकरणमा प्रयोग गर्न उपयुक्त प्रश्नावलीको समेत प्रयोग गरिएको छ। यस्ता सन्दर्भ सामग्रीमा कम्री र स्मिथ (१९७७), डाल (१९८५) आदि पर्दछन्। साथै स्वाडेसका १०० शब्दको सूची सङ्कलन गरेर यसमा समाविष्ट गरिएको छ।

व्याकरणलाई कार्यमूलक (functional) बनाउनका लागि र माझी भाषाका वक्ताहरूले यस भाषालाई कसरी बोलीचालीमा प्रयोग गर्छन् र माझी समाजको जनजिब्रोमा यो भाषा कसरी प्रयोग हुन्छ भनेर बुझ्नका लागि केही पाठहरूको सङ्कलन गरी ती तथ्यलाई भाषिक विशेषता औँल्याउनका लागि प्रयोग गरिएको छ। यस्ता पाठहरूमा आएका वाक्यहरूलाई उपयुक्त स्थानमा उदाहरणका रूपमा प्रयोग गरिएको छ। यी उदाहरणहरूले व्याकरणको वर्णन र विश्लेषणलाई थप प्रामाणिक र थप विश्वसनीय बनाउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। यस अध्ययनमा माझी भाषामा प्रयोग भएका विभिन्न द्वितीयक स्रोत सामग्रीहरू समेत प्रयोग गरिएका छन्। यसका निम्ति मूल रूपमा ढकाल (२०१४) लाई लिइएको छ। अधिकांश उदाहरणहरू माझी भाषाका वक्ताहरूबाट सिधै सोधिएका (elicited) छन्। यो व्याकरण मूलतः अनुसन्धाताले (ढकाल वि.सं. २०७७) आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानमा पेस गरेको प्रतिवेदनमा आधारित छ । यस व्याकरणमा कोष्ठकमा […] दिइएका

उदाहरणहरू ढकाल (सन् २०१६) मा प्रकाशित माझी भाषाका पाठसङ्ग्रहबाट लिइएका हुन् ।

१.६ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययनलाई १० अध्यायमा व्यवस्थित गरिएको छ। यस अध्ययनका अध्याय १ मा शोधको परिचय, अध्याय २ मा मा वर्ण व्यवस्था दिइएको छ। त्यसै गरी अध्याय ३ मा नाम र सर्वमान, अध्याय ४ मा विशेषणको रूपव्यवस्था, अध्याय ५ मा क्रिया र क्रियारूपावली , अध्याय ६ मा क्रियाविशेषण र अन्य पदवर्गको विश्लेषण गरिएको छ। त्यसै गरी, अध्याय ७ मा नाम पदावली, अध्याय ८ मा सामान्य वाक्य र यी वाक्यहरूको रूपान्तरण, अध्याय ९ मा वाक्य संयोजन र वाक्य मिश्रणको चर्चा गरिएको छ। अध्याय १० मा माझी भाषाका प्ररूपक विशेषताहरूको चर्चा गर्दै माझी भाषाको वर्गीकरणका आधारहरू प्रस्ताव गरिएको छ। अन्त्यमा यस अध्ययनमा ३ ओटा अनुसूची समावेश गरिएको छ। पहिलो अनुसूचीमा क्रियाहरूको रूपायन, दोस्रो अनुसूचीमा केही नातागोताका शब्द र तेस्रोमा स्वाडेसका १०० शब्दको सूची समावेश गरिएको छ। यसरी यो अध्ययन १० अध्याय र ३ अनुसूचीमा व्यवस्थित छ।

अध्याय-२:
वर्ण व्यवस्था

२.० परिचय

यस अध्यायमा मूलत: माझी भाषाका वर्णहरूको चर्चा गरिएको छ। यस अध्यायलाई चार उपखण्डमा विभाजन गरिएको छ। पहिलो उपखण्ड (२.१) मा स्वरवर्णको विश्लेषण गरिएको छ। यस उपशीर्षकअन्तर्गत स्वरवर्णको सूची, स्वरवर्णका लघुतम युग्म र स्वरवर्णको वितरण जस्ता विषय समेटिएका छन्। त्यसै गरी स्वर संयोगको वितरण र स्वर संयोगको चर्चा समेत यस उपशीर्षक अन्तर्गत गरिएको छ। त्यसै गरी खण्ड (२.२) मा व्यञ्जनवर्णका लघुतम युग्म, तिनीहरूको वितरण, आक्षरिक संरचना जस्ता विषयहरू समावेश गरिएका छन्।[१]

२.१ स्वरवर्ण

माझी भाषामा पाइने स्वरवर्णलाई तालिका (२.१) मा दिइएको छ। माझी भाषामा पाइने स्वरवर्णलाई तालिका (२.१) मा दिइएको छ। स्वनिम स्थापित गर्नका लागि लघुतम युग्मलाई आधार मानिएको छ।

तालिका २.१: माझी भाषाका स्वरवर्ण

अग्र	**केन्द्रीय**	**पश्च**
इ		उ
ए		ओ
	अ, अ:	
	आ, आ:	

[१] माझी भाषाको स्वनिम व्यवस्थाको यो विश्लेषण गर्दा माझी (२०७२ वि.सं.) मा सङ्कलित शब्दहरू र अनुसन्धाता आफैले सङ्कलन गरेका शब्दहरूलाई आधार मानिएको छ।

तालिका (२.१) मा दिइएका स्वरहरू भारतीय-आर्य भाषाहरूमा समेत पाइन्छन्। माझी भाषामा दीर्घताले पनि स्वरहरूको भेद स्थापित गर्दछ। यस भाषामा /अ/ र /अ:/ साथै /आ/ र /आ:/ मा समेत दीर्घता मार्फत भेद स्थापित गर्न सकिन्छ। यसकारण दीर्घता माझी भाषाका स्वरहरूको अभिलक्षण (feature) हो।

२.१.१ लघुतम युग्म

स्वरवर्ण स्थापित गर्नका लागि आवश्यक लघुतम युग्म तलका उदाहरणहरूमा दिइएको छ; जस्तै तलका उदाहरणमा [ख्+अ+ङ्+इ] र [ख्+आ+ङ्+इ] जस्ता स्वरहरूको संयोगबाट यी शब्दहरू निर्माण भएका छन् ।

(१) **/इ/ र /उ/**

खडि	'घ्याम्पो'	*खडु*	'मासु काट्ने अचानो'
इत्रेइ	'ठट्टा गर्नु'	*उत्रेइ*	'उत्रनु'
इन्खा	'यस्तो'	*उन्खा*	'त्यस्तो'

(२) **/ए/ र /ओ/**

फेरइ	'फेर्नु'	*फोरइ*	'फोर्नु'

(३) **/इ/ र /ए/**

बिरइ	'बिराउनु'	*बेरइ*	'बेर्नु'
पिसइ	'पिस्नु'	*पेसइ*	'पेस गर्नु'
बिसाइ	'बिसाउनु'	*बेसइ*	'बेसाउनु'

(४) **/इ/ र /अ/**

तिरइ	'तिर्नु'	*तरइ*	'तर्नु'
बिसाइ	'बिसाउनु'	*बसाइ*	'बसाइ'
बिकइ	'बिक्नु'	*बकइ*	'भन्नु, बक्नु'

(५) **/अ/ र /आ/**

मरइ	'मर्नु'	*मारइ*	'मार्नु'
खपइ	'खप्नु'	*खपाइ*	'खपाउनु'
उठइ	'उठ्नु'	*उठाइ*	'उठाउनु'

(६) **/ओ/ र /उ/**

मोल्	'मूल्य'	*मुल*	'मूल'

कोरइ 'कोर्नु' *कुरइ* 'पर्खनु'
लोटाइ 'लोटाउनु' *लुटाइ* 'लुटाउनु'

माझी भाषाका स्वरहरूमा दीर्घता धेरै नपाइने भए पनि दीर्घताले मात्रै स्वरहरू स्थापित गर्नका लागि लघुतम युग्म पाइन्छन् (७-८)।

(७) **/अ/ र /अ:/**

बस्छ 'बस्.अभू२एव.आदर'
बस्छ: 'बस्.अभू२बव'
बेग्छ 'दौड्.अभू२एव.आदर'
बेग्छ: 'दौड.अभू२बव'

(८) **/आ/ र /आ:/**

जा 'जा.प्रेरणा' *जा:* 'जा.प्रेरणा.बव'
तोरा '२एव.आदर' *तोरा:* '२बव'

माझी भाषाका प्राथमिक स्वरहरू सबै स्थानमा (शब्दादिमा, शब्दमध्यमा र शब्दान्तमा) आउने गर्दछन्। स्वरहरूको वितरण तालिका (२.२) मा प्रस्तुत गरिएको छ।

तालिका २.२: माझी भाषाका स्वरहरूको वितरण

	सुरु	**मध्य**	**अन्त्य**
इ	*इछि* 'यहाँ'	*उँडिस्* 'उडुस्'	*खोँगि* 'एक प्रकारको जाल'
उ	*उडइ* 'उड्नु'	*गिँडुलि* 'मुसो'	*न्याबु* 'धमिरो'
ए	*एकान* 'अरू'	*छेपइ* 'छेप्नु'	*अँडे* 'मान्छे, लोग्ने मान्छे'
ओ	*ओच्चा* 'त्यति'	*छोपइ* 'छोप्नु'	*पिङ्गो* 'पिङ'
अ	*अखन्* 'अहिले'	*अखन्* 'अहिले'	*ब्वाक* 'उसको बाबा'
अ:	-	-	*बस्छ:* 'बस्.अभू२एव.आदर'
आ	*आम्तोव* 'अमिलो'	*थाकइ* 'थाक्नु'	*अँठुवा* 'किर्ना'
आ:	-	-	*जा:* 'जा.विध्यर्थ.बव'

माझी भाषामा अनुनासिकता (nasalization) का आधारमा मात्रै भेद स्थापित गर्न सकिने शब्दहरू निकै कम पाइन्छन्। केही उदाहरणहरू तल दिइएका छन् :

(९) *अँठ्वा* 'किर्नो'
अँडे 'मान्छे, लोग्ने मान्छे'
(१०) *आँठि* 'बिया (फलफुलको)'
आँति 'आन्द्रा'
(११) *उँडिस्* 'उडुस'
उँख्लि 'ओखल'
(१२) *खोँगि* 'एक किसिमको जाल'
खोँदा 'गुँड'
पोँख् 'प्वाँख'
(१३) *गिँडुलि* 'मुसा'
पँइतो 'दाल'
(१४) *गँटो* 'मकैको खोइलो'
घँच् 'घाँटी'

२.१.२ स्वर संयोग

माझी भाषामा निम्नानुसारका ५ ओटा स्वर संयोगहरू (vowel sequences) पाइन्छन्। यीमध्येमा ३ ओटा स्वर संयोग /उ/ मा अन्त्य हुन्छन् भने स्वर संयोग /इ/ मा अन्त्य हुन्छन्। ती उदाहरणहरू तल दिइएका छन् :

(१५)	*एउ*	:	*अनेउ*	'अनौ'
	अउ	:	*अउताइ*	'डराउनु'
	आउ	:	*करेहाउ*	'कम्मर'
	अइ	:	*अइना*	'ऐना',
			अच्खइ	'सुक्खा बनाउनु'
	ओइ	:	*ओइज्याल्*	'छाया'

२.२ व्यञ्जनवर्ण

माझी भाषामा जम्मा २९ व्यञ्जनवर्ण रहेका छन्। यसमा अर्धस्वरलाई समेत समावेश गरिएको छ। सर्वप्रथम माझी भाषाका व्यञ्जनहरूलाई तिनीहरूको उच्चारण र प्रयत्नका आधारमा प्रस्तुत गरिएको छ। कैयौँ भारतीय-

आर्य भाषा जस्तै माझी भाषामा पनि महाप्राणका आधारमा मात्र व्यञ्जनवर्णहरूमा भेद पाइन्छ (हेर्नू, ओहाला १९९१:१११; मासिका १९९१:१०१)। माझी भाषामा व्यञ्जनवर्णहरूलाई तालिका (२.१) मा प्रस्तुत गरेर यिनीहरूको वर्णन गरिएको छ।

तालिका २.३: माझी भाषाका व्यञ्जनवर्ण

	द्वयोष्ठय अघो. घो.	दन्त्य अघो. घो.	वर्त्स्य		तालव्य अघो.	कण्ठ्य अघो. घो.	स्वरय. घो.
			शिखरीय अघो. घो.	फलकीय अघो. घो.			
स्पर्शी	प् ब्	त् द्		ट् ड्		क् ग्	
	फ् भ्	थ् ध्		ठ् ढ्		ख् घ्	
स्पर्श सङ्घर्षी			च् ज्				
			छ् झ्				
सङ्घर्षी			स्				ह्
नासिक्य	म्	न्				ङ्	
कम्पन		र्					
अर्धस्वर	व्				य्		
पार्श्विक		ल्					

(यस तालिकाका सङ्क्षिप्तरूपः घो. घोष, अघो.अघोष, अप्रा. अल्पप्राण, मप्रा. महाप्राण, स्वरय.स्वरयन्त्रमुखी)

२.२.१ व्यञ्जनवर्णको परिचय

२.२.१.१ स्पर्शी

माझी भाषामा जम्मा १६ ओटा स्पर्शी व्यञ्जनवर्णहरू छन्। तिनीहरू हुन् द्वयोष्ठय (labial), दन्त्य (dental), मूर्धन्य (retroflex), तालव्य (palatal), र कण्ठ्य (velar)। मासिकाले मूर्धन्य (retroflex) भनेर परिभाषित गरेका व्यञ्जनवर्णहरू माझी भाषामा वर्त्स्य (alveolar) व्यञ्जनका रूपमा उच्चारित हुन्छन्। तिनीहरूलाई शिखरीय (apico-) र फलकीय (laminal) गरी भेद

देखाइएको छ। माझी भाषाका स्पर्शी व्यञ्जनवर्णहरूको भेद देखाउनका लागि लघुतम युग्म उदाहरण (१६-२३) मा दिइएको छ।

(१६) **/प्/ र /फ्/**

पुल्	'पुल'	*फुल्*	'फुल'
पालइ	'पाल्नु'	*फालइ*	'फाल्नु'

(१७) **/प्/ र /फ्/**

पुल्	'पुल'	*फुल्*	'फुल'
पालइ	'पाल्नु'	*फालइ*	'फाल्नु'

(१८) **/त्/ र /थ्/**

तापइ	'ताप्नु'	*थापइ*	'थाप्नु'
तुनइ	'टाल्नु'	*थुनइ*	'थुन्नु'

(१९) **/द्/ र /ध/**

दाइ	'दाउनु'	*धाइ*	'धाउनु'
दरइ	'दर्ता गर्नु'	*धरइ*	'थन्क्याउनु'

(२०) **/ट्/ र /ठ्/**

टन्कइ	'बाँधिनु'	*ठन्कइ*	'ठन्कनु'
टेकइ	'टेक्नु'	*ठेकइ*	'निधो गर्नु'

(२१) **/ड्/ र /ढ्/**

डोलाइ	'हल्लाउनु'	*ढोलाइ*	'पोख्नु'
डाँटइ	'गाली गर्नु'	*ढाँटइ*	'ढाँट्नु'

(२२) **/क्/ र /ख्/**

किचइ	'किच्नु'	*खिचइ*	'खिच्नु'
कसइ	'कस्नु'	*खसइ*	'खस्नु'

(२३) **/ग्/ र /घ्/**

गुमाइ	'गुमाउनु'
घुमाइ	'घुमाउनु'
गोटाइ	'दुहुने बेलामा जनावर पग्रिनु'
घोटाइ	'घोटाउनु'

माझी भाषाका स्पर्शी व्यञ्जनवर्णको शब्दादि, स्वरमध्यगत र शब्दान्तमा पाइने वितरण तालिका (२.४) मा प्रस्तुत गरिएको छ।

तालिका २ .४: माझी भाषाका स्पर्शी व्यञ्जनवर्णको वितरण

	शब्दादि	**स्वर मध्यगत**	**शब्दान्त**
प्	*पइरि* 'लिस्नो'	*खोपइ* 'खोप्नु'	*कोप्* 'कानेगुजी'
फ्	*फच्चेइ* 'तिर्नु'	*उफरइ* 'उफ्रिनु'	*गफ्* 'गफ'
ब्	*बेगइ* 'दौडिनु'	*न्याबु* 'एक किसिमको धमिरो'	*चोब्* 'चोब्.विध्यर्थ'
भ्	*भुकइ* 'भुक्नु'	*गाभा* 'गाभ्नु'	*गाभ्* 'जोड्.विध्यर्थ'
त्	*तात्तेइ* 'तातिनु'	*बितइ* 'बित्नु'	*असुत्* 'आश्विन'
थ्	*थुनइ* 'थुन्नु'	*गुथइव* 'बुन्नु'	*गुथ्* 'बुन्.विध्यर्थ'
द्	*देइ* 'दिनु'	*लदि* 'कोसी नदी'	*खाँद्* 'खाँद्.विध्यर्थ'
ध्	*धामा* 'धुँवा'	*आँधारि* 'अँध्यारो'	*सोध्* 'सोध्.विध्यर्थ'
ट्	*टपइ* 'जित्नु'	*बेटेक्* 'उसकी छोरी'	*कुबाट्* 'कुबाटो'
ठ्	*ठगइ* 'ठग्नु'	*टेठइ* 'जेठा बा'	-
ड्	*डकउरे* 'एक किसिमको कमिला'	*खडि* 'जाँड राख्ने भाँडो'	*गोड्* 'खुट्टो'
ढ्	*ढल्केइ* 'ढल्कनु'	*बढइ* 'बढ्नु'	*गढ* 'गढ.विध्यर्थ'
क्	*कखन्नि* 'कहिलेकाहीँ'	*एकान्* 'अरू'	*भाएक्* 'उसको भाइ'
ख्	*खजरा* 'खजुरो'	*अखन्* 'अहिले'	*देख्* 'देख्.विध्यर्थ'
ग्	*गगला* 'एक प्रकारको माछा'	*आगि* 'आगो'	*भाग्* 'भाग्.विध्यर्थ'
घ्	*घुरइ* 'घुर्नु'	*अघउरे* 'लमी'	*सुँघ्* 'सुँघ्.विध्यर्थ'

२.२.१.२ स्पर्श सङ्घर्षी

माझी भाषामा चार ओटा स्पर्श सङ्घर्षी व्यञ्जनहरू छन्। यी सबै व्यञ्जनहरू वर्त्स्य (alveolar) अन्तर्गत शिखरीय व्यञ्जनहरू हुन्। यी मध्येमा /च्/, /छ्/ जस्ता व्यञ्जनहरू घोषत्वमा भेद पाइन्छन् भने /च्/, /ज्/ व्यञ्जनहरू प्राणत्वका आधारमा विभेदक देखिन्छन्। यी व्यञ्जनहरूको भेद देखाउनका लागि न्यूनतम युग्म उदाहरण (२४-२५) मा दिइएको छ।

(२४) **/च्/ र /छ्/**

चिनइ 'चिन्नु' *छिनइ* 'छिन्नु'
चिरइ 'चिर्नु' *छिरइ* 'छिरइ'

(२५) **/ज्/ र /झ्/**

जानइ 'जान्नु' *झानइ* 'झान्नु'
जाल् 'जाल' *झाल्* 'झाल'

माझी भाषाका स्पर्शसङ्घर्षी व्यञ्जनवर्णको शब्दादि, स्वर मध्यगत र शब्दान्तमा पाइने वितरण तालिका (२.५) मा प्रस्तुत गरिएको छ।

२.२.१.३ सङ्घर्षी

माझी भाषामा दुई ओटा सङ्घर्षी व्यञ्जनहरू छन्। उच्चारण स्थानका आधारमा यी सबै व्यञ्जनहरू वर्त्स्य (alveolar) अन्तर्गत शिखरीय (apical) व्यञ्जनहरू हुन्। यी मध्ये /च्/, /छ्/ जस्ता व्यञ्जनहरूलाई घोषत्वका आधारमा भेद छुट्याउन सकिन्छ।

(२६) **/स्/ र /ह्/**

सिकइ 'सिक्नु' *हिकइ* 'हेला गर्नु'
सकइ 'सक्नु' *हकइ* 'हुनु'

माझी भाषाका सङ्घर्षी व्यञ्जनवर्णको शब्दादि, स्वर मध्यगत र शब्दान्तमा पाइने वितरण तालिका (२.५) मा प्रस्तुत गरिएको छ।

२.२.१.४ नासिक्य

माझी भाषामा तीन ओटा नासिक्य व्यञ्जनहरू छन्। नासिक्य व्यञ्जन /म्/ को उच्चारण स्थान द्वयोष्ठय हो र यो घोष व्यञ्जन हो। त्यसै गरी नासिक्य

व्यञ्जनहरू /न्/ दन्त्य व्यञ्जन हो भने /ङ्/ कण्ठ्य व्यञ्जन हो। यिनीहरूको भेद छुट्याउने लघुतम युग्म उदाहरण (२६) मा दिइएको छ।

(२७) **/म्/ र /न्/**

मिलइ 'मिल्नु' *निलइ* 'निल्नु'

(२८) **/म्/ र /ङ्/**

सिम् 'सिम जग्गा' *सिङ्* 'सिङ'

माझी भाषाका नासिक्य व्यञ्जनवर्णको शब्दादि, स्वर मध्यगत र शब्दान्तमा पाइने वितरण तालिका (२.५) मा प्रस्तुत गरिएको छ।

२.२.२.५ पार्श्विक र कम्पन

माझी भाषामा एउटा पार्श्विक र एउटा कम्पन व्यञ्जन छन्। यी दुवै व्यञ्जनहरू (पार्श्विक व्यञ्जन /ल्/ र कम्पन व्यञ्जन /र् / को उच्चारण स्थान दन्त्य हो। यी दुवै व्यञ्जनहरू घोष र अल्पप्राण हुन्।

(२९) **/र्/ र /ल्/**

रट्टेइ 'रट्नु'

लट्टेइ 'चिल्ठो बाट्नु'

माझी भाषाका पार्श्विक र एउटा कम्पन व्यञ्जनवर्णको शब्दादि, स्वर मध्यगत र शब्दान्तमा पाइने वितरण तालिका (२.५) मा प्रस्तुत गरिएको छ।

२.२.१.६ अर्धस्वर

माझी भाषामा दुई ओटा अर्धस्वरहरू छन्। यी दुवैमध्ये अर्धस्वर /य्/ द्वयोष्ठय व्यञ्जन हो भने अर्धस्वर /व्/ तालव्य व्यञ्जन हो। यिनीहरूको भेद छुट्याउने लघुतम युग्म उदाहरण (२९) मा दिइएको छ।

(३०) **/य/ र /व/**

कछ्वा 'कछुवा' *कछ्या* 'कट्टु'

ढ्वाङ् 'बाकस' *ढ्याङ्* 'ठुलो आवाज'

माझी भाषाका अर्धस्वरहरूको शब्दादि, स्वर मध्यगत र शब्दान्तमा पाइने वितरण तालिका (२.५) मा प्रस्तुत गरिएको छ।

तालिका २.५: सङ्घर्षी, नासिक्य, कम्पन, अर्धस्वर र पार्श्विक व्यञ्जनवर्णको वितरण

	शब्दादि	**स्वर मध्यगत**	**शब्दान्त**
च्	*चुसइ* 'चुस्नु'	*उचालइ* 'उचाल्नु'	*बेच्* 'बेच्.विध्यर्थ'
छ्	*छुइ* 'छुनु'	*पछाइ* 'पछाउनु'	*गाछ्* 'रूख'
ज्	*जोल्* 'खोला'	*बजारेइ* 'बजारिनु'	*बाज्* 'बोल्.विध्यर्थ'
झ्	*झाँत्ता* 'छुनु'	*ब्युँझइ* 'ब्युँझनु'	*बुझ्* 'बुझ्.विध्यर्थ'
म्	*माछ* 'माछा'	*आमिन्* 'साँझ'	*आम्* 'आँप'
न्	*नुकाइ* 'लुकाउनु'	*उकुनि* 'जुम्रो'	*अखन्* 'अहिले'
ङ्	-	-	*बुङ्* 'चाक'
स्	*स्यान्खि* 'सानी'	*पिझइ* 'पिसइ'	*घाँस्* 'घाँस'
ह्	*होइ* 'त्यो'	*सहइ* 'सहनु'	-
य्	-	*ब्युँझइ* 'ब्युँझनु'	-
र्	*रकत्* 'रगत'	*तारेइ* 'तार्नु'	*थाकर्* 'काइँयो'
ल्	*लडइ* 'लड्नु'	*कोर्कोलो* 'कर्कलो'	*डेल्* 'एक प्रकारको माछा'
व्	-	*खेवा* 'नदी तार्दा तिरिने भाडा'	-

२.२.२ व्यञ्जन गुच्छ

यस उपशीर्षक अन्तर्गत माझी भाषामा शब्दादि, शब्दका बिचमा र शब्दान्तमा पाइने व्यञ्जन गुच्छको चर्चा गरिएको छ। माझी भाषामा शब्दादिमा केही व्यञ्जन गुच्छ पाइन्छन् भने शब्दान्तमा व्यञ्जन गुच्छ पाइँदैनन्।

२.२.२.१ शब्दादिमा व्यञ्जन गुच्छ

माझी भाषामा शब्दादिमा पाइने थोरै व्यञ्जन गुच्छ का उदाहरण (३१) मा दिइएको छ।

(३१) *छ्वा* 'बच्चा'
न्याबु 'धमिरो'
ब्वा 'बाउ'

२.२.२.२ शब्दका बिचमा व्यञ्जन क्रम

माझी भाषाका शब्दका बिचमा आउने व्यञ्जनको क्रमलाई यहाँ व्यञ्जन गुच्छ नभनेर व्यञ्जन क्रम भनिएको छ। शब्दका बिचमा आउने व्यञ्जनहरूले अक्षर संरचनाको सीमा (syllable structure) नाघ्ने गर्दछन्। माझी भाषामा शब्दका बिचमा आउने व्यञ्जन क्रम लाई तलका उदाहरणहरूमा प्रस्तुत गरिएको छ।

(३२) *अग्ल्याइ* 'आग्लो लगाउनु'
अजिंह्याइ 'अघाउन्जेल खानु'
अधकल्च्याइ 'अधकल्चो बनाउनु'
अर्थ्याइ 'अर्थ लगाउनु'
अलग्याइ 'अलग बनाउनु'
इत्र्याइ 'जिस्किनु'
कस्ट्याइ 'टोकाउनु'
घोँक्र्याइ 'घोक्र्याउनु'
नत्थ्याइ 'नत्थी'

(३३) *मित्व्वा* 'मित बाबा'
ढेँक्वार् 'कोलमा प्रयोग गरिने काठ'

(क) स्पर्शी र व्यञ्जन क्रम :

/प्+प्, प्+क्, प्+र्, ब्+ख्, ब्+ल्, भ्+र्, /

द्वयोष्ठय स्पर्शी व्यञ्जन /प्/ सँग सीमित व्यञ्जन मात्र व्यञ्जन क्रम मा आउँछन्। तिनीहरूलाई तलका उदाहरणमा दिइएको छ।

(३४) *घोप्पेइ* 'घोँच्नु'


	हप्कान्	'हप्काउनु'
	उप्र	'माथि'
	उफ्रा	'उफार्नु'
(३५)	*उब्रइ*	'बाँकी रहनु, उब्रनु'
	डब्खा	'ठुलो बटुको'
	साब्ला	'सुकुटी बनाउन तयार गरिएको मासु'
	काभ्रा	'काभ्रो (काभ्राको रूख)'
(३६)	*फत्फताइ*	'फत्फताउनु'
	उत्का	'त्यति'
	ओत्तेइ	'त्यति'
	गुत्थेइ	'बुन्नु'
	काँत्रि	'उखु पेल्ने कोल'
	कत्तारि	'एक किसिमको रूख'
	अलपत्या	'अलपत्र'
(३७)	*भुट्भुटेइ*	'भुट्भुटाउनु'
	खुट्का	'मनमा गडेको कुरो'
	काट्टेइ	'काट्नु'
	कोट्याइ	'कोट्याउनु'
	गोठ्ला	'गोठालो'
	निमठ्ठेइ	'निमोठ्नु'
	तड्पेइ	'तड्पिनु'
	तड्कइ	'फटाफट हिँड्नु'
	काड्डु	'कालो'
(३९)	*झाँक्केइ*	'रिसाउनु'
	एक्तारे	'एक सुरे'
	धुक्चुकाइ	'चुक्चुकाउनु'
	उक्सइ	'उक्साउनु'
	अक्मकेइ	'अक्मकाउनु'
	टेक्रासि	'छेपारो'
	उक्लेइ	'चढ्नु'
	कोक्याइ	'कोक्काउनु'
	रुख्खेइ	'रूखिनु, रूखो हुनु'

	अख्इ	'सुक्खा हुनु'
	डँख्ला	'बिँड'
(४०)	*दिग्मिगाइ*	'दिग्मिगाउनु'
	अलग्गेइ	'अलग्गिनु'
	पग्इ	'पग्रिनु'
	उघ्इ	'खुल्नु'
(४१)	*बज्जि*	'भतिजी'
	उज्याइ	'मार्नु (हतियार प्रयोग गरेर मार्नु)'
(४२)	*ठस्केइ*	'ठस्किनु'
	अकास्सेइ	'आकासिनु'
	पुस्टेइ	'पुस्टिनु'
(४३)	*अर्पेइ*	'अर्पिनु'
	तिर्बेनि	'त्रिवेणी'
	अर्थेइ	'अर्थ लगाउनु'
	खर्दीरि	'किपट जग्गालाई तिरिने तिरो'
	सिर्कटा	'सानो लठ्ठी'
	गर्खेइ	'जम्मा हुनु'
	घर्घरेइ	'घर्घर आवाज आउनु'
	अर्जापइ	'अर्जाप्नु'
	घर्नि	'परम्परागत पूजा'
	जर्मराइ	'जर्मराउनु'
	कर्रे	'कर्रे माछो'
	घर्ले	'कामदार'
	आर्साली	'आर्साली बिरुवा'
	कार्वासि	'एक किसिमको फल'
	चौखुर्याइ	'चार हात खुट्टा बाँध्नु'
(४४)	*अल्पेइ*	'हराउनु'
	तिल्बाँसलेइ	'माझी जातिको एक प्रकारको पूजा'
	भुल्भुलेइ	'पानी भुलभुल गर्नु'
	कल्कले	'एक प्रकारको चरा'
	ओल्टइ	'एकातिर फर्किनु'

	डमल्ठा	'आधा खोलिएको'
	मोल्खाडि	'मल खाद'
(४६)	*सन्बेटा*	'साला, जेठानका छोरा'
	अन्भइ	'अन्माउनु'
	तेन्द्रा	'त्यान्द्रो'
	उभिन्डइ	'टाउको तल र खुट्टा माथि पर्नु'
	करन्ठि	'पटुका'
	किन्खा	'कसरी'
	मन्सेइ	'मन्साउनु'
	पन्यार्	'पँधेरो'
(४६)	*तङ्ग्रइ*	'तङ्ग्रिनु'

२.३ अक्षर संरचना

थुप्रै भारतीय-आर्य भाषाहरूमा अक्षरको सुरुमा व्यञ्जन क्रम मा सीमित व्यञ्जनवर्ण मात्र आउने गर्दछन्। माझी भाषाको अक्षर संरचनालाई आरेख (२.१) मा प्रस्तुत गर्न सकिन्छ।



आरेख २.१ माझी भाषाको अक्षर संरचना

माझी भाषामा पनि अक्षरको सुरुमा सरल प्रकारको अक्षर संरचना पाइन्छ। माझी भाषाका आफ्नै शब्दहरूमा शब्दको सुरुमा पाइने व्यञ्जन गुच्छ को दोस्रो व्यञ्जन /य/ वा /व/ मात्र आउने गर्दछन्। केन्द्रकका रूपमा कुनै पनि स्वरवर्ण आउन सक्छ। माझी भाषामा बढीमा आउन सक्ने स्वरहरू निम्नानुसार रहेका छन्: [व्य-व्य-स्व-व्य]।

माझी भाषामा सङ्कलित शब्दहरूका आधारमा अक्षर संरचना निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः

(५३) (क) **व्य-स्व-व्य** *तुन्* 'नुन'
[न् + उ + न्]

(ख) **व्य-व्य-स्व-व्य** *स्याल्* 'स्याल'
[स् + य् + आ + ल्]

(ग) **व्य-व्य-स्व** *ह्या* 'यो'
[ह् + य +अ]

(घ) **व्य-स्व** *टेठि* 'भान्जी'
[ट् + ए +. ठ् + इ]

२.४ सारांश

यस अध्यायमा माझी भाषाको वर्ण व्यवस्थाको चर्चा गरिएको छ। माझी भाषामा २९ व्यञ्जनवर्ण र छ ओटा स्वरवर्णहरू छन्। यस भाषामा अनुनासिकताको भेद देखिए पनि अनुनासिक र अननुनासिक स्वरहरूको भेद पाइने लघुतम युग्महरू निकै कम मात्र पाइन्छन्। विशुद्ध स्वरहरूको वितरण सबै स्थानमा पाइन्छ। माझी भाषामा पाँच ओटा स्वर संयोग (vowel sequence) पाइन्छन्। यी स्वर संयोगहरू मूलतः शब्दका बिचमा आउँछन्।

माझी भाषाका व्यञ्जन वर्णहरूमा घोषत्व र प्राणत्वको भेद देखिन्छ। माझी भाषामा स्पर्शी र स्पर्श सङ्घर्षीका अतिरिक्त नासिक्य, कम्पन र पार्श्विक स्वरहरूमा समेत घोषत्व भएका केही शब्दहरू पाइन्छन्। शब्दका सुरुमा व्यञ्जन गुच्छ निकै सीमित मात्रै आउने गर्दछन्। शब्दका सुरुमा आउने व्यञ्जन गुच्छ मा अर्धस्वर र कहिलेकाहीँ कम्पन मात्रै दोस्रो व्यञ्जनका रूपमा आउँछ। शब्द

बिचमा आउने व्यञ्जन गुच्छ मा स्वरहरू दोस्रो व्यञ्जनका रूपमा मूल रूपमा आउने गर्दछन्। माझी भाषामा शब्दका अन्त्यमा व्यञ्जन गुच्छ आउँदैनन्। माझी भाषामा अक्षर संरचना [स्व, स्व-व्य ,व्य-स्व ,स्व-व्य-स्व ,व्य-व्य-स्व ,व्य-व्य-स्व-व्य] पाइन्छन्। अक्षर संरचनामा [व्य-व्य-स्व-व्य] अधिकतम स्वर र व्यञ्जन आउन सक्छन्।

अध्याय-३:
नाम, नाम रूपावली र सर्वनाम

३.० परिचय

यस खण्डमा माझी भाषाका नाम र सर्वनामको चर्चा गरिएको छ। खण्ड (३.१) मा माझी भाषाका नामको चर्चा गरिएको छ। यस अध्यायको अर्को खण्ड (३.२) मा माझी भाषाका सर्वनामको चर्चा गरिएको छ। अन्त्यमा यस खण्डको सारांश दिइएको छ।

३.१ नाम

माझी भाषामा नामनिर्माणमा पनि नेपाली भाषामा प्रयोग हुने जस्तै प्रत्ययहरूको प्रयोग भएको पाइन्छ। यसले माझी भाषामा नामनिर्माण प्रक्रियामा समेत नेपाली भाषाको प्रभाव देखिन्छ। यस अध्यायको सुरुमा प्रत्ययको प्रयोगबाट नामनिर्माणको चर्चा गरिएको छ। द्वित्व प्रक्रिया (३.१.१.२) मा चर्चा गरिएको छ भने र समास प्रक्रिया (३.१.१.३) मा चर्चा गरिएको छ।

३.१.१ नामनिर्माण

३.१.१.१ नामीकरण

माझी भाषामा -*आइ* प्रत्यय लागेर क्रियाबाट नामनिर्माण गर्ने गरिन्छ। यो प्रत्यय लागेर व्युत्पन्न भएका शब्दले नामको काम गर्दछन्। नेपाली भाषामा समेत प्रयोग हुने यो सर्ग -*आइ* यस क्षेत्रमा बोलिने दराई जस्ता केही भारतीय-आर्य भाषाहरूमा समेत प्रयोग हुन्छ र यी क्रियाहरूमा -*आइ* प्रत्यय लागेर नामको निर्माण भएको छ। जस्तै *हिँठ्*' हिँड्' धातुमा प्रत्यय -*आइ* लागेर *हिँठाइ* 'हिँडाइ' भएको छ। तलका उदाहरण हेरौँ।

(१) *बुहारिर् हिँठाइ माहाँल आछ*

बुहारि-र्	हिँठ्-आइ	माहाँल
बुहारी-साप्र.२एव	हिँड्-नामी	राम्रो
आछ		
योजिका.अभू.३एव		

'बुहारीको हिँडाइ राम्रो छ।'

(२) *होक्र काम् गराइ माहाँल आछि*

होइ-र काम् गर्-आइ माहाँल
ऊ-सम्बन्ध काम गर्-नामीराम्रो
आछि
योजिका.अभू.३एव
'उसको काम गराइ राम्रो छ।'

३.१.१.२ शून्य व्युत्पादन

माझी भाषामा शून्य व्युत्पादनबाट नाम निर्माण हुने गर्दछ। तलका उदाहरणमा आएका नामका जोडीले भिन्न अर्थ दिन्छन्। उदाहरण (३) मा जन्ति ले दुई ओटा अर्थ दिन्छ। यसले 'जन्ती जाने काम' र 'जन्ती जाने मान्छे' दुवैलाई जनाउँछ।

(३) *जन्ति* 'जन्ती'
जन्ति 'जन्ती जाने मान्छे'

(४) *मलामि* 'मलाम'
मलामि 'मलाम जाने काम'

(५) *अघौरे* 'लमीसम्बन्धी (काम)'
अघौरे 'लमी (मान्छे)'

(६) *होइ जन्ति जाइले*

होइ जन्ती जा-ले
ऊ जन्त जा-भू३एव
'ऊ जन्त गयो।'

(७) *ब्याहाका धेरे जन्ति रइनि*

ब्याहा-का धेरे जन्ति रइनि
विवाह-अधि धेरै जन्ती योजिका.भू३बव
'विवाहमा धेरै जन्ती थिए।'

(८) *होइ मलामे जाइले*

होइ मलामे जा-ले
ऊ मलामी जा-भू३एव
'ऊ मलामी गयो।'

(९) *मलामेल्किन् लास्लाइ पानि चारानि*

मलामे-ल्-किन् लास्-नाइ पानि
मलामी-बव-ऊर्जा लास-अधि पानि

चारा-नि
चढ्-भू३बव.३बव
'मलामीले लासलाई पानी चढाए।'

३.१.१.३ द्वित्व

माझी भाषाका नामहरू वाक्य तहमा दोहोरिएर (द्वित्व प्रक्रियाबाट) नामहरूको निर्माण हुने गर्दछन्। दुईओटा नाम दोहोरिएर आउँदा कहिलेकाहीँ दोहोरिने नामका बिचमा *-ए* प्रत्ययसमेत आउने गर्दछ भने अन्य सन्दर्भमा द्वित्वमा आउने नामहरूका बिचमा कुनै पनि प्रत्यय लाग्दैन। यसरी द्वित्व भएर आउने नामहरू बहुवचनको अर्थ दिन्छन्।

(१०) *कापाले कापाल्*
कापाल्-ए कापाल्
कपाल-अव कपाल
'कपालै कपाल।'

(११) *चामले चामल्*
चामल्-ए चामल्
चामल-अव चामल
'चामलै चामल।'

(१२) *घरे घर्*
घर्-ए घर्
चामल-अव घर
'घरै घर।'

द्वित्व नामले नामहरूको वितरण भएको अर्थ दिन्छन् (१३-१५)।

(१३) *माझिल्किन् घर् घर्का लदिपुजा मानाइछत्*
माझि-ल्-किन् घर् घर्-का
चामल-बव-ऊर्जा घर घर्-अधि
लदिपुजा माना-छत्
कोसीपूजा मना-अभू३बव
'माझीहरूले नदीपूजा मनाउँछन् (गर्छन्)।'

(१४) *माझिल्किन् चाँडाल् ठाँउ ठाँउका हेर्छत्*
माझि-ल्-किन् चाँडाल् ठाँउ ठाँउ-का
सिस्नो ठाउँ सिस्नो ठाउँ ठाउँ-अधि

हेर्-छत्त्
हेर्-अभू३बव
'माझीहरूले सिस्नो ठाउँठाउँमा खोज्छन्।'

(१५) *बारिका सोरिने सोरि रइल*

बारि-का	सोरि-ने	सोरि
बारी-अधि	सुँगुर-अव	सुँगुर

रइल
योजिका.भू३बव
'बारीमा सुँगुरै सुँगुर थिए।'

नाम द्वित्व भएर आउँदा यसको अर्थ 'मात्र' भन्ने पनि हुन्छ। यसले वाक्यमा कर्ताले गरेको छनोट भन्ने अर्थसमेत लाग्ने गर्दछ। जस्तै तलको उदहारण (१८) मा केटाले कटिङ्गा माछा निकाल्यो, अरू माछा होइन भन्ने अर्थ लाग्छ।

(१७) *होइनिन् मासु मासु खाइले*

होइ-निन्	मासु	मासु	खा-ले
ऊ-ऊर्जा	मासु	मासु	खा-भू३एव

'उसले मासु मासु खायो।'

(१६) *होइनिन् जाल्बाटे कटिङ्गा कटिङ्गा निकाल्ल्याक्*

होइ-निन्	जाल-बाटे	कटिङ्गा
ऊ-ऊर्जा	जाल-बाट	कटिङ्गा
कटिङ्गा	निकाल्-ल्याक्	
कटिङ्गा	निकाल्-भू३एव.३एव	

'उसले जालबाट कटिङ्गा कटिङ्गा माछा निकाल्यो।'

प्रस्तुत उदाहरणहरूमा माझी भाषामा द्वित्व नामले विशेष जोड दिएको, वितरणजस्तो अर्थ दिन्छ। यसरी विशेष जोड दिने अवस्थालाई अवधारक (emphatic) कार्य भनेर भनिन्छ।

३.१.१.४ समास

माझी भाषामा समासद्वारा पनि नामको निर्माण हुने गर्दछ। नेपाली भाषामा जस्तै माझी भामा समासबाट नामहरूको निर्माण हुन्छ। केही उदाहरणहरू तल दिइएका छन्। यसमा थप अनुसन्धानको खाँचो रहेको छ।

(१८) *छाना* 'छोरो' *छानि* 'छोरी' *छानाछानि* 'छोराछोरी'

दुल्हा 'दुलाहा' *दुल्हि* 'दुलही' *दुल्हादुल्हि* 'श्रीमान्श्रीमती'

हात् 'हात' *गोड्* 'खुट्टा' *हात्गोड्* 'हातखुट्टा'

आजे 'हजुरबुवा' *अजे* 'अजुरआमा' *आजेअजे* 'हजुरबुबा हजुरआमा'

३.१.२ रूपायन

विभिन्न व्याकरणिक प्रयोजनका लागि माझी भाषाका नाममा हुने रूपायनलाई यस उपखण्डमा चर्चा गरिएको छ। यसअन्तर्गत लिङ्ग, सार्वनामिक प्रत्यय, वचन, कोटिकरहरू रहेका छन्।

३.१.२.१ सार्वनामिक प्रत्यय

माझी भाषामा सार्वनामिक प्रत्ययहरूको प्रयोग हुन्छ। यस्ता सार्वनामिक प्रत्ययहरूको प्रयोग दरै र माझी जस्ता अन्य भारतीय-आर्य भाषाहरूमा समेत हुने गर्दछ। माझी भाषामा यी सर्वनामिक प्रत्ययहरू ऐच्छिक रूपमा प्रयोग हुने गर्दछन्। माझी भाषाका सार्वनामिक प्रत्ययहरू तालिका (३.१) मा दिइएका छन्:

तालिका ३.१ माझी भाषाका सार्वनामिक प्रत्यय

	एकवचन	**बहुवचन**
१	-म्	-
१	-र	-
२	-	-
२	-	-
३	-क	-ख्यान्
३	-	-

केही उदाहरणहरू तल प्रस्तुत गरिएका छन्। तलका उदाहरणमध्ये केही उदाहरणमा आउने नामपद अन्तर्गत अग्रस्थानमा आउने नाममा यी सार्वनामिक प्रत्ययहरूको प्रयोग भएको पाइन्छ भने त्यही अर्थ दिने अरू नामहरूमा (२६) भने यी सार्वनामिक प्रत्ययहरूको प्रयोग भएको पाइँदैन।

(२०) *मोर भाएम्*

मुइँ-र	भाइ-म्
म-सम्बन्ध	भाइ-साप्र.१एव

'मेरो भाइ'

(२१) *भाएम्*

भाइ-म्
भाइ-साप्र.१एव
'मेरो भाइ'

(२२) *तोर भाएर्*

तुइ-र	भाइ-र
तँ-सम्बन्ध	भाइ-साप्र.२एव

'तेरो भाइ'

(२३) *होक्र भाएक्*

होइ-र	भाइ-क्
ऊ-सम्बन्ध	भाइ-साप्र.३एव

'उसको भाइ'

(२४) *होक्र भाएख्यान्*

होइ-र	भाइ-ख्यान्
ऊ-सम्बन्ध	भाइ-साप्र.३बव

'उसका भाइहरू'

(२५) *मैनार छवाइख्यान्*

मैना-र	छवाइ-ख्यान्
मैना-सम्बन्ध	बच्चा-साप्र.३बव

'मैनाका भाइहरू'

माथिका उदाहरणहरूमा नातागोताका शब्दहरूसँग सार्वनामिक प्रत्ययहरू प्रयोग हुने सन्दर्भ प्रस्तुत गरिएको छ। तामाकोसीको सेरोफेरोमा बोलिने माझी भाषाका सूचकले यस्ता सार्वनामिक सर्गहरू नातागोताका शब्दसँग मात्र प्रयोगमा आउने बताएको तथ्यलाई यहाँ प्रस्तुत गरिएको छ। दरै, माझी जस्ता अन्य भारतीय-आर्य भाषाहरूमा चाहिँ यस्ता सर्गहरू नातागोताका साथै स्वामित्व जनाउने

सन्दर्भमा समेत प्रयोग हुने गर्दछन्। ग्रियर्सन (१९२०:८३-८४) ले यस्ता सार्वनामिक प्रत्ययहरू काश्मिरी, सिन्धी, लाहान्दा र आसामी भाषाहरूमा समेत पाइने बताएका छन्।

(२६) *मोर भाइ*

मुइँ-र	भाइ
म-सम्बन्ध	भाइ

'मेरो भाइ'

माथिका उदाहरणहरूबाट माझी भाषामा सार्वनामिक प्रत्ययहरूको प्रयोगमा तीन प्रकारको प्रयोग भएको पाइन्छ। प्रथमतः यस्ता सार्वनामिक प्रत्ययहरू एक्लैले पनि दुई नामबिचको सम्बन्ध स्थापित गर्दछन् (२१)। दोस्रो उदाहरण (२३, २४) मा जस्तै दुई नाममध्ये पहिलो नाममा सम्बन्ध वाचक चिह्नित नाम र दोस्रो नाममा चाहिँ यस्ता सार्वनामिक सर्गहरू पनि जोडिने गर्दछन्। तेस्रो, भाषिक सम्पर्क वा अन्य केही कारणले सम्बन्ध देखाउने नामपदमा सार्वनामिक सर्गहरूको प्रयोग नै नभएको पनि हुन सक्छ। यस प्रकारका सार्वनामिक सर्गहरू आसामी जस्ता पूर्वीय भारतीय-आर्य भाषाहरूमा समेत प्रयोग हुन्छन् (बेज २०१९)।

३.१.२.२ लिङ्ग

माझी भाषामा व्याकरणिक लिङ्गको व्यवस्था पाइन्छ। लिङ्गका आधारमा माझी भाषाका विशेषण र क्रियामा सङ्गति भएको पाइन्छ। तलका उदाहरणमध्ये उदाहरण (२९) मा आएको क्रियाको रूप 'आछि' मा क्रियाको सङ्गति लिङ्गका आधारमा भएको देखिन्छ।

(२७) *छोडारि आइल आछ*

छोडारि	आ-ल	आछ
छोरो	आ-पूप	योजिका.अभू३एव

'छोरो आएको छ।'

(२८) *छुनेनि आइलि आछि*

छुनेनि	आइ-लि	आछि
छोरी	आ-पूप.स्त्री	योजिका.अभू३एव.स्त्री

'छोरी आएकी छे।'

(२९) *छुनेनिल आइल आछत्*

छुनेनि-ल	आ-ल	आछत्
छोरी-बव	आ-पूप	योजिका.अभू३बव

'छोरीहरू आएका छन्।'

क्रियामा कृदन्तपरक रूपमा समेत व्याकरणिक लिङ्ग पाइने गर्दछ। यी उदाहरणहरूमा क्रियाका कृदन्तपरक रूपका पछाडि आउने नामका आधारमा यिनीहरूको रूप निर्धारण भएको छ।

(३०) *बिहा गर्ला छोँडारि*

बिहा गर्-ला छोँडारि
विवाह गर्-पूप छोरो
'विवाह गरेको छोरो'

(३१) *बिहा गर्लि छुनेनि*

बिहा गर्-लि छुनेनि
विवाह गर्-पूप.स्त्री छोरी
'विवाह गरेकी छोरी'

(३२) *घर जइनारी बुहारि*

घर जा-नारी बुहारि
घर जा-दूर बुहारी
'घर जाने बुहारी'

(३३) *घर जइनारी छोँडारि*

घर जा-नारी छोँडारि
घर जा-दूर छोरो
'घर जाने छोरो'

माझी भाषामा व्याकरणिक लिङ्ग क्रियाको पूर्ण पक्षमा र भूतकालमा मात्र पाइन्छ। माथिका उदाहरणहरूमा देखाइए जस्तै विशेषणको रूपमा प्रयोग हुने कृदन्तपरक रूप (participial form) मा मात्र हुने गर्दछ। माझी भाषामा लिङ्ग व्यवस्था मानवीय नामहरूमा मात्र पाइन्छ। मानवेतर नाममा चाहिँ यो विशेषता पाइँदैन (३४-३६)।

(३४) *बर्दइ मोर्ले*

बर्दइ मोर्-ले
गोरु मर्-भू३एव
'गोरु मऱ्यो।'

(३५) *गाइ मोर्ले*

गाइ मोर्-ले
गाई मर्-भू३एव
'गाई मऱ्यो।'

(३६) *गाइ ब्याइले*
गाइ ब्या-ले
गाई ब्या-भू३एव
'गाई ब्यायो।'

माझी भाषामा *-अ, -ओ* र *-आ* मा अन्त्य हुने केही विशेषणहरू स्त्रीलिङ्ग नामसँग सङ्गति हुँदा तिनीहरूको रूप फरक हुन्छ। यी नामहरू *-इ* मा अन्त्य हुन्छन्। यसरी लिङ्ग अनुसार सङ्गति हुने केही विशेषणहरू (३७) मा दिइएका छन् :

	विशेषण		**पुरुष वाचक (बव)**	**स्त्रीवाचक (एव, बव)**
(३७)	*बाँठा*	'चलाख'	*बाँठाइ*	*बाँठि*
	बड्ख	'ठुलो'	*बड्खाइ*	*बड्खि*
	बुर्रा	'बुढो'	*बुर्रा*	*बुर्रि*
	कुप्रो	'कुप्रो'	*कुप्रइ*	*कुप्रि*
	गोरो	'गोरो'	*गोराइ*	*गोरि*
	लाटा	'लाटो'	*लाटाइ*	*लाटि*
	माँहाल	'राम्रो'	*माँहालाइ*	*माँहालि*
	काड्ड	'कालो'	*काड्डाइ*	*काड्डि*
	ढाङ्ग	'अग्लो'	*ढाङ्गाइ*	*ढाङ्गि*

शब्द तहमा माझी भाषामा केही नामहरू पुरुष नाममा *-इ* जोडिएर निर्माण हुने गर्दछन्। यसरी व्युत्पन्न हुने केही नामहरू (३८) मा दिइएका छन् :

	पुरुष बाचक		**स्त्री वाचक**	
(३८)	*बाहुन्*	'बाहुन्'	*बाहुनि*	'बाहुनी'
	थारु	'थारु'	*थरुनि*	'थरुनी'
	भोटे	'भोटे'	*भोट्नि*	'भोटेनी'
	दमइ	'दमाई'	*दमाइनि*	'दमइनी'
	माझि	'माझी'	*मझेनि*	'माझिनी'
	कामि	'कामी'	*कमइनि*	'कमिनी'
	नेवार्	'नेवार'	*नेवार्नि*	'नेवार्नी'

केही उदाहरणहरू तल दिइएको छ। उदाहरण (३९) मा जनावरको स्त्रीलिङ्गी नामहरू व्युत्पन्न भएका छन् भने उदाहरण (४०) मा चाहिँ नातागोताका शब्द व्युत्पन्न भएको देखाइएको छ।

	पुरुष बाचक	**स्त्री वाचक**	
(३९)	*चिउना* 'चल्लो'	*चिउनि*	'चल्लो'
	कुक्कल् 'कुकुर'	*कुक्कल्नि*	'कुकुर्नी'
(४०)	*सम्दि* 'सम्धी'	*सम्दनि*	'सम्धिनी'
	घर्ले 'नोकर'	*घर्लेनि*	'नोकर्नी'

माझी भाषामा व्याकरणिक तहमा लिङ्ग व्यवस्था रहेको कुरा माथिका उदाहरणहरूमा देखाइएको छ। व्याकरणिक लिङ्ग कोटिकरमा समेत देखिन्छ (हेर्नू ३.१.२.४)।

३.१.२.३ वचन

माझी भाषामा व्याकरणिक किसिमले एकवचन र बहुवचनमा भिन्नता रहेको छ। एकवचन नामहरू अचिह्नित हुन्छन् भने बहुवचन जनाउनका लागि *-ल* सर्गको प्रयोग हुने गर्दछ। बहुवचन इङ्गित गर्नका लागि *-ल* सर्गको प्रयोग भए पनि यो अनिवार्य चाहिँ हुँदैन। उदाहरण (४१) मा नाम बहुवचन भए पनि यसका पछाडि बहुवचन सर्ग *-ल* को प्रयोग भएको छैन।

(४१) *तिन्टा बेटामानुस्*
तिन्-टा बेटामानुस्
तिन्-कोटि मान्छे
'तीन जना मान्छे'

(४२) *दुइटा घर्*
दुइ-टा घर्
दुई-कोटि घर
'दुइटा घर'

(४३) *तिन्टि गाइल*
तिन्-टि गाइ-ल
तीन-कोटि गाई-बव
'तीन ओटा गाई'

(४४) *तिन्टा बेटामानुस्ल*

तिन्-टा	बेटामानुस्-ल
तीन-कोटि	मान्छे-बव

'तिनजना मान्छे'

?(४५) *तिन्टा घर्ल*

तिन्-टा	घर्-ल
तीन-कोटि	घर-बव

'तीन ओटा घरहरू'

?(४६) *तिन्टा पाथर्ल*

तिन्-टा	पाथर्-ल
तीन-कोटि	ढुङ्गा-बव

'तीन ओटा ढुङ्गाहरू'

यस भाषाका वक्ताहरूले बताएअनुसार निर्जीव नामहरूमा बहुवचन चिह्ननका लागि प्रयोग हुने सर्ग *-ल*को प्रयोग बिरलै हुने गर्दछ।

३.१.२.४ कोटिकर

माझी भाषामा पनि कोटिकरहरू सङ्ख्यासँग आउने गर्दछन्। कोटिकरहरू नाम वर्गीकरण गर्ने माध्यमका रूपमा आउँछन् (आइखेन्भाल्ड २००३:१)। माझी भाषामा नाममा मानवीय र मानवेतर बिचको भेदक सङ्ख्यात्मक कोटिकरले गर्दछ। मानवीय नाममा कोटिकर *-जन्* प्रयोग हुन्छ भने मानवेतर नाममा *-ओटा*को प्रयोग हुन्छ।

(४७) *एक्टा बुर्रा बाउन्कर एक्टा बेटाक् रइलिसइ*

एक्-टा	बुर्रा	बाउन्-कर
एक्-टा	बुढो	बाहुन्-सम्बन्ध
बेटा-क्		रइ-लि-सइ
छोरो-साप्र३एव		रह-भू-अनु

'एक जना बुढो बाहुनको एउटा छोरो रहेछ।'

(४८) *एउटि छुनेनि*

एक्-टि	छुनेनि
एक-कोटि	छोरी

'एउटी छोरी'

(४९) *दुइटि छाग्रि मोर्ला*

दुइ-टि छाग्रि मोर्-ला
दुई-कोटि बाख्रा मर्-बव
'दुई ओटा बाख्रा मरे।'

(५०) *मुइँ चार्जन् मान्छे बाट्का भेटाइनाइ*

मुइँ चार्-जन् मान्छे बाट्-का
म चार-कोटि मान्छे बाटो-अधि
भेटा-इनाइ
भेटा-भू१एव
'मैले चार जना मान्छे बाटामा भेटाएँ।'

(५१) *होइनिन् दुइजन् मान्छे बाट्का भेटाइल्याक्*

होइ-निन् दुइ-जन् मान्छे बाट्-का
ऊ-ऊर्जा दुई-कोटि मान्छे बाटो-अधि
भेटा-ल्याक्
भेटा-भू३एव.३बव
'उसले दुई जना मान्छे बाटामा भेटायो।'

(५२) *दुइजन् छाग्रि मोर्ला*

दुइ-जन् छाग्रि मोर्-ला
दुई-कोटि बाख्रा मर-भू.बव
'दुई ओटा बाख्रा मरे।'

माथिका उदाहरणहरूमा प्रस्तुत गरे जस्तै माझी भाषामा मानवीय नाममा मूलत: *जन्* र मानवेतर नाममा मूलत *-टा* को प्रयोग हुने गर्दछ। मानवेतर नामसँग प्रयोग हुने कोटिकर *-टा* मानवीय नामसँग पनि प्रयोग हुने गर्दछ। यसरी *-टा* मानवीय नामसँग प्रयोग हुँदा चाहिँ नामको लिङ्गसँग सङ्गति हुने गर्दछ।

३.१.२.५ कारक

माझी भाषामा विभक्ति र नामयोगीको प्रयोग गरी दुई किसिमले कारकीय सम्बन्ध व्यक्त गर्ने गरिन्छ। यस भाषामा केही विभक्तिहरू छन् भने बाँकी कारकीय सम्बन्ध नामयोगीहरूका माध्यमबाट पनि व्यक्त गरिन्छ। कारकीय सम्बन्ध भन्नाले आश्रित नामको शीर्ष नामसँग सम्बन्ध स्थापित गर्दा जोडिन आउने प्रत्यय वा शब्दलाई जनाउँछ (ब्लेक २००४:१)। मासिका

(१९९१) भन्छन्, "नव्य भारतीय-आर्य भाषाहरूमा कारक रूपतात्त्विक र वाक्यात्मक दुवै किसिमबाट हुने गर्दछ।"

माझी भाषामा विभक्ति र नामयोगीको प्रयोग गरी दुई किसिमले माझी भाषामा कारकीय सम्बन्ध व्यक्त गर्ने गरिन्छ। विभक्तिहरू र नामयोगी बिचमा भेद देखाउन सजिलो नभए जस्तै माझी भाषामा पनि यी दुई बिचमा भेद देखाउने आधारहरू जटिल छन्। विभक्ति र नामयोगीहरूका बिचमा भेद छुट्याउनका लागि निम्नलिखित आधारहरू सहयोगी हुने हुनाले तिनीहरूलाई सङ्क्षेपमा निम्नानुसार प्रस्तुत गरिएको छ (मासिका १९९१; जेनेटी २००७; लिलेग्रेन २००८): (क) विभक्तिहरूको वर्णवैज्ञानिक विशेषता (phonological features) ले गर्दा नै तिनीहरू बद्ध प्रत्ययहरू हुन् भन्ने कुरा देखाउँछन्। नामिक पदहरूसँग आउने एकाक्षरिक रूपिमहरू विभक्तिहरू हुन् भने बाँकी सबै नामयोगीहरू हुन्। (ख) स्वतन्त्र सुर (pitch accent) भएका द्विअक्षरिक अथवा अनेकाक्षरिक शब्दहरू नामयोगी हुन्, विभक्ति होइनन्। (ग) मासिका (सन् १९९१:२३१) का अनुसार कुनै विभक्ति (र मूलत: सम्बन्ध विभक्ति) पछाडि आउने र कारकीय सम्बन्ध देखाउने शब्दहरू नामयोगी हुन्छन्। तलको उदाहरण हेरौँ:

(५३) *काठ्कर लागि*
काठ्-कर लागि
काठ-सम्बन्ध लागि
'काठका लागि'

कारकहरू सिधै नाममा जोडिन आउँछन् भने नामयोगी नामसँग जोडिनुभन्दा अगाडि (पहिला) कारक (सम्बन्ध कारक) को प्रयोग हुने गर्दछ। उदाहरण (५३) मा 'लागि' र 'काठ' का बिचमा *-कर* आएको छ। यद्यपि *-कर* जस्ता कारक चिह्नित गर्न आउने कारकहरू सिधै नाममा जोडिन आउँछन्। उदाहरण (५४-५५) हेरौँ।


(५४) *होइ आइले*
होइ आ-ले
ऊ आ-भू३एव
'ऊ आयो।'

(५५) *होइनिन् बर्देइ किन्ले*
होइ-निन् बर्देइ किन्-ले
ऊ-ऊर्जा गोरु किन्-भू३एव
'उसले गोरु किन्यो।'

उदाहरण (५४) मा अकर्मक वाक्यको उद्देश्य (subject) र उदाहरण (५५) मा सकर्मक वाक्यको कर्ता (agent) एकै किसिमले चिह्नित छन् भने सकर्मक क्रियाको कर्म अलग्गै किसिमले चिह्नित भएको देखिन्छ। उदाहरण (५५) को कर्म उसँग *-के* अर्थात् कर्म कारक जोडिएको छ। यसरी सकर्मक क्रियाको कर्ता र अकर्मक उद्देश्य एकै किसिमले चिह्नित छन् तर सकर्मक क्रियाको कर्म भने भिन्न किसिमले चिह्नित छ। यस्ता भाषाहरूलाई निरपेक्ष-कर्म (nominative-accusative) भाषा भनिन्छ। उदाहरण (५४-५५) मा यही कुरा देखाइएको छ। यी उदाहरणहरूले माझी भाषाको कारक चिह्नन प्रणाली कर्ता-कर्म (५६) भएको देखाउँदछ। केही भाषाहरूको कारकीय सम्बन्ध यसै गरी एकै किसिमले व्यक्त हुन्छ। उदाहरण (५४-५५) ले यही कुरा देखाए पनि माझी भाषा नियमित कर्ता-कर्म भाषा होइन। यी उदाहरणमा कारक चिह्नन प्रणाली भिन्न देखिन्छ।


उदाहरण (५५) मा भने सकर्मक वाक्यको कर्तामा ऊर्जावत् कारक *-निन्* जोडिएर आएको छ। अर्थात् यसको कारक चिह्नन प्रणाली (५६) सँग मिलेको छ। यस किसिमले कारक चिह्नन हुने भाषा ऊर्जावत्-निरपेक्ष (ergative-absolutive) भाषा भनेर चिनिन्छन्। अर्कातिर उदाहरण (५८) मा अकर्मक वाक्यको कर्तासँग कुनै विभक्ति जोडिएको छैन। त्यसै गरी उदाहरण (५९, ६०, ६१) मा माझी भाषाको कारक चिह्नन प्रणाली (५७) सँग मिल्ने देखिन्छ। यो कारक चिह्नत प्रणालीलाई निम्नानुसार प्रस्तुत गर्न पनि सकिन्छ (हेर्नू पेन २००६: २१७-२१८)। यस उपशीर्षक अन्तर्गत प्रयोग गरिएको उद्देश्य, कर्ता, कर्म जस्ता शब्दावली (कम्री १९७८, पेन २००६) मा आधारित छन्।

(५६)



ऊर्जावत् - निरपेक्ष

(५७)



कर्ता- **कर्म**

यी आधारहरूलाई मध्यनजर गर्दा माझी निरपेक्ष (nominative) कारक अचिह्नित हुन्छ। माथिका परिमितकलाई आधार मान्दा माझी भाषामा कारकहरूबाट ऊर्जावत्-करण (ergative-instrumental), अधिकरण (locative), सम्बन्ध (genitive), सम्प्रदान-कर्म कारक (dative-accusative) लाई व्यक्त गर्न विभक्तिहरू प्रयोग हुन्छन्। सहार्थक (comitative) सम्बन्ध देखाउनका लागि र अन्य कारकीय सम्बन्ध देखाउनका लागि नामयोगीहरूको प्रयोग गरिन्छ। वाक्यमा आउने माझी भाषाका नामहरू निरपेक्ष रहन्छन्, कारकहरूसँग आउँछन् अथवा नामयोगीहरूसँग आउँछन्। केही भारतीय-आर्य भाषाहरूमा सकर्मक वाक्यका कर्महरूमा कहिलेकाहीँ कर्मविभक्ति जोडिने तर कहिले नजोडिने भएका कारणले पनि (differential object marking) कारक चिह्नन प्रणाली अझ जटिल रहेको छ।

(५८) *मुइँ घर जाइछुँ*
मुइँ घर जा-छुँ
म घर जा-अभू१एव
'म घर जान्छु।'

(५९) *मुइँ छोडारिलाइ जाल् दिछुँ*
मुइँ छोडारि-लाइ जाल् दि-छुँ
म छोरी-सम्प्र जाल दि-अभू१एव
'मैले छोरीलाई जाल दिन्छु।'

(६०) *मुइँ मासु खाइले*
मुइँ मासु खा-ले
म मासु खा-भू१एव
'मैले मासु खाएँ।'

(६१) *माझिल्काइ मुइँ कडा सजाएँ दिछाइ*

माझि-ल्-काइ मुइँ कडा सजाएँ
माझी-बव-सम्प्र १एव कडा सजायँ
दि-छाइ
दि-अभू१एव.३बव
'माझीहरूलाई मैले कडा सजायँ दिन्छु।'

(क) कर्ता कारक

माझी भाषामा अचिह्नित कारकलाई कर्ता कारक (nominative case) भनेर भनिएको छ। प्रस्तुत लेखमा अचिह्नित कारकलाई चिनाउन *-O* चिन्ह (वा सङ्केत) प्रयोग गरिएको छ। अकर्मक वाक्यको उद्देश्यसँग कुनै विभक्ति वा कारक जोडिँदैन अर्थात् तिनीहरूमा पनि निरपेक्ष कारक चिह्नित रहन्छ। तलका उदाहरणहरूमा उद्देश्य र कर्म दुवै अचिह्नित छन्।

(६२) *राजा अलमल्ल पर्ले*

राजा अलमल्ल पर्-ले
राजा अलमल्ल पर्-भू३एव
'राजा अलमल्ल परे।'

उदाहरण (६२) मा प्रस्तुत वाक्यको उद्देश्यमा कुनै पनि कारक जोडिएको छैन। यसै गरी माझी भाषामा अकर्मक वाक्यका उद्देश्यसँग कुनै कारक चिह्नन हुँदैन। यसका अतिरिक्त सकर्मक वाक्यको कर्मसँग पनि कुनै कारक चिह्नन हुँदैन। त्यसै गरी योजिका क्रिया आएर निर्माण हुने वाक्यमा आउने नामहरूसँग पनि कुनै कारक चिह्नन हुँदैन। अचिह्नित कारकलाई निरपेक्ष कारक (nominative case) भनेर भनिएको छ।

(६३) *मुइँ माझी हो*

मुइँ माझी हो
म माझी योजिका.अभू.१एव
'म माझी हुँ।'

द्विकर्मक वाक्यमा अप्रत्यक्ष कर्मसँग पनि कुनै कारक चिह्नन हुँदैन (६१)। यस उदाहरणमा 'जाल' मा कुनै कारक जोडिएको छैन।

(६४) *मुइँ छोडारिलाइ जाल् दिनाइ*

मुइँ छोडारि-लाइ जाल् दि-नाइ
म छोरी-सम्प्र जाल दि-भू१एव
'मैले छोरीलाई जाल दिन्छु।'

(ख) सम्प्रदान कारक

माझी भाषाको सम्प्रदान विभक्ति *-लाइ* हो। यस भाषामा अनुभावक (experiencer) अथवा अनुप्रापक (patient) मा सम्प्रदान कारक आउँछ (६५, ६६)। यी उदाहरणहरूमा प्रत्यक्ष कर्मसँग कारक *-लाइ* जोडिएको छ भने अप्रत्यक्ष कर्मसँग यो जोडिएको छैन।

(६५) *मुइँ देउतालाइ फुल् चाराइनाइ*

मुइँ	देउतालाइ	फुल्	चारा-नाइ
म	देउता-सम्प्र	फुल	चढा-भू३एव

'मैले छोरीलाई जाल दिएँ।'

(६६) *होइनिन् मिलाइ भाएक मान्नाइ*

होइ-निन्	मुइँ-लाइ	भाइ-क
ऊ-ऊर्जा	म-सम्प्र	भाइ-३एव.सार्व
मान्-नाइ		
मान्-भू३एव		

'उसले मलाई भाइ मान्यो।'

मासिका (१९९१:३६५) लेख्छन्:

> कैयौँ नव्य भारतीय-आर्य भाषाहरूमा विभक्तिका आधारमा मात्र कर्म कर्ताभन्दा भिन्न देखिँदैनन्। यसको अर्थ कर्ममा विभक्ति लाग्दैन भन्ने होइन। यस्ता कर्मले सम्प्रदान कारक (dative case) नै लिने गर्दछन्। त्यसकारण यसलाई कर्म-सम्प्रदान कारक (accusative-dative) भनेर पनि चिनिन्छ।

कैयौं भारतीय-आर्य भाषाहरूमा कर्म र सम्प्रदान विभक्ति एउटै हुने गर्दछन्। माझी भाषामा पनि कर्म र सम्प्रदान विभक्ति एउटै छ। सर्वनाम सम्प्रदान कारकका रूपमा आउँदा सम्प्रदान कारक अनिवार्य जस्तै हुन्छ; जस्तै (६७)।

(६७) *होलाइ पक्डाउ गर्निसइ*

होइ-लाइ	पक्डाउ	गर्-नि-सइ
ऊ-सम्प्र	पक्डाउ	गर्-भू-अनु

'उसलाई पक्राउ गरेछन्।' [राजकुमार.५९]

(६८) *तोराल्काइ केतिर् चासो*

तोरा-ल्-काइ	केति-र्	चासो
तँ-बव-सम्प्र	के-सम्बन्ध	चासो

'तँलाई केको चासो ?' [पानीको लागि डुङ्गा.१९]

माझी भाषाका सकर्मक वाक्यमा आउने नामहरू मानवीय नामसँग प्रायजसो -*लाइ* आउने गर्दछ।

(६९) *चोर्लाइ त काट्कार् चलन्*

चोर्-लाइ त काट्-नार चलन्
चोर्-सम्प्र त काट्-दूर चलन
'चोरलाई त काट्ने चलन'

निश्चित (definite or specific) निश्चित भएमा यस्ता नामहरूले *-लाइ* लिने गर्दछन्। नामहरू निश्चित नभएमा चाहिँ ती नामहरूमा *-लाइ* लाग्दैन। तलका वाक्यहरूमा कर्मसँग *-लाइ* जोडिएको छैन।

(७०) *माझीील्किन् बिन्तिपत्र तयार पारिल्किइ*

माझी-ल्-किन् बिन्तिपत्र तयार पार्-इल्कइ
माझी-बव-ऊर्जा बिन्तीपत्र तयार पार्-आनु
'माझीले बिन्तिपत्र तयार पारेर'

(७१) *सेब्बे पानि फोहोर पार्छत्*

सेब्बे पानि फोहोर पार्-छत्
सबै पानी फोहर पार्-अभू३बव
'सबै पानी फोहर पार्छन्।' [माझी र पानी.३८]

(७२) *मुइँ छोडारिलाइ देख्निन्*

मुइँ छोडारि-लाइ देख्-निन्
म छोरी-सम्प्र देख्-भू१एव३एव
'मैले छोरीलाई देखेँ।'

(७३) *मुइँ छोडारि देख्निन्*

मुइँ छोडारि देख्-निन्
म छोरी देख्-भू१एव३एव
'मैले छोरी देखेँ।'

दक्षिण एसियाली भाषाहरूमा यसलाई आनुभावक (experience) कर्तामा सम्प्रदान कारक चिह्नन हुने गर्दछ। दक्षिण एसियाली भाषाहरूमा यसलाई सम्प्रदान कर्ताको संरचना (dative subject construction) भनेर भन्ने गरिन्छ (हेर्नू, मासिका १९९१)। सम्प्रदान कर्ताको संरचनाले वक्ताको चाहना, मनोवैज्ञानिक तथा मानसिक स्थिति, शारीरिक प्रत्यक्ष अनुभव (physical direct

sense) जनाउँदछन् (हेर्नु, मासिका १९९१)। केही उदाहरणहरू तल दिइएको छः

(७४) *बर्मालाइ माझिल् देखिकइ सारे रिस् उठल्तिसइ*
बर्मा-लाइ माझि-ल् देख्-इकइ सारे
ब्रह्मा-सम्प्र माझी-बव देख-आनु साह्रै
रिस् उठ्-अल्ति-सइ
रिस उठ्-भू३एव.सम्प्र-अनु
'ब्रह्मालाई माझी देखेर धेरै दुख उठ्यो।'
[माझी र पानी.२०]

(७५) *केति हक्ल्यास् तुइलाइ*
केति हक्-ल्यास् तुइ-लाइ
के एव-भू२एव.सम्प्र तँ-सम्प्र
'के भयो तँलाई ?' [राजकुमार.१५१]

(ग) अधिकरण (locative)

माझी भाषाको अधिकरण चिन्हक *-का, -नाइ* हुन्। उदाहरण (७६-७८) ले स्थान देखाउनका लागि प्रयोग भएको देखिन्छ।

(७६) *मन्थलिका एक्जन् धनि माझि रइले*
मन्थलि-का एक्-जन् धनि माझि
मन्थली-अधि एक-जना धनी माझी
रइले
योजिका.भू३एव
'मन्थलीमा एक जना धनी माझी थियो।' [मन्थली र पानी.१]

(७७) *राज्कुमार् त घर्नाइ पो आइले*
राज्कुमार् त घर्-नाइ पो
राजकुमार त घर-अधि पो
आ-ले
आ-भू३एव
'राजकुमार त घरमा पो आयो।'
[राजकुमार.१८१]

(७८) *ब्रिन्दा बन्नाइ घर् रइलसइ*

ब्रिन्दा बन्-नाइ घर् रइ-ल-सइ

ब्रिन्दा वन्-अधि घर रह्-भू-अनु

'वृन्दावनमा घर थियो।' [राजकुमार.१०८]

समय व्यक्त गर्नका लागि अधिकरण कारकको प्रयोग हुन्छ (७९-८०)।

(७९) *मुइँ रातिका घर्का बस्छुँ*

मुइँ राति-का घर्-का बस्-छुँ

म राति-अधि घर- अधि बस्-अभू१एव

'म रातिमा घरमा बस्छु।'

(८०) *ब्यारका भट्टिलका पइरो जाल्ते*

ब्यार-का भट्टिल-का पइरो जा-ल्ते

साँझ-अधि भटौली-अधि पहिरो जा-भू३एव.सम्प्र

'विहानमा भटौलीमा पहिरो गयो।'

अधिकरण कारक पछाडि अवधारक सर्ग प्रयोग हुन सक्छ (८१)।

(८१) *मुइँ घर्काने बस्छुँ*

मुइँ घर्-का-ने बस्-छुँ

म घर-अधि-अव बस्-अभू१एव

'म घरमै बस्छु।'

(घ) सम्बन्ध कारक (genitive case)

माझी भाषामा सम्बन्ध जनाउन -र कारकको प्रयोग गर्ने गरिन्छ। माझी भाषामा सम्बन्ध कारकमा आउने कारक चिन्हकहरू अविकारी हुन्छन्।

(८२) *एउटा बुर्रा बाउन्कर एक्टा बेटाक रइलसइ*

एक्-टा बुर्रा बाउन्-कर एक्-टा

एक्-कोटि बुढो बाहुन्-सम्बन्ध एक्-कोटि

बेटा-क रइ-ल-सइ

छोरो-साप्र.३एव रह्-भू-अनु

'एउटा बुढो मान्छेको एउटा छोरो रहेछ।' [राजकुमार.२]

(८३) *चुत्या राजार नोकरि बइलागइ*

चुत्या राजा-र नोकरि बइ-लाग्-अइ

चुतिया राजा-सम्बन्ध नोकरी अक-लाग्-साकृ

'चुतिया राजाको नोकरी नलाग्नु।' [राजकुमार.१४]

(८४) *मोर ब्वा गरिप्*

मुइँ-र ब्वा गरिप्

म-सम्बन्ध बुवा गरिब

'मेरो बुवा गरिब' [राजकुमार.१८७]

(८५) *तोर भाएर*

तुइ-र भाइ-र

तैं-सम्बन्ध भाइ-साप्र.२एव

'तेरो भाइ' [राजकुमार.८६]

(८६) *छवाइख्यान्काइ खाइ बइमान्लसइ*

छवाइ-ख्यान्-काइ खा-इ

बच्चा-३एव.बव-सम्बन्ध खा-साकृ

बइ-मान्-ल-सइ

अक-मान्-भू-अनु

'(उसका) बच्चाले खान मानेनन्।' [डुङ्गाका लागि पानी.१४]

भारतीय-आर्य भाषाहरूमा यस्ता प्रत्ययहरू नौलो नभए पनि नेपालमा बोलिने दरै, माझी र दनुवार भाषाहरूमा पनि सार्वनामिक प्रत्ययहरू आउँछन्। ग्रियर्सन (१९२०:८३-८४) ले यस्ता सार्वनामिक प्रत्ययहरू काश्मीरी, सिन्धी, लाहान्दा र आसामी भाषाहरूमा समेत पाइने बताएका छन्। ग्रियर्सनले (१९०३क:८) पूर्वीय भाषाहरूमा सम्बन्ध विभक्ति मूलत: *-र* हुने बताएका छन्। जस्तै राजवंशीमा सम्बन्ध कारक *-र* मात्र छ (वाइल्ड २००८)। माझी भाषामा पनि कारक *-र* प्रयोग हुने गर्दछ।

(ङ) सहार्थक कारक (comitative case)

माझी भाषामा सहार्थक कारक व्यक्त गर्न *-सिन्* प्रयोग हुन्छ। यसले कुनै कामको सम्पादनमा अर्को नामसँग सहकार्य गरेको भन्ने देखाउँछ।

(८७) *बर्मासिन् उजुर् गरइ जाइला*

बर्मा-सिन् उजुर् गर्-इ जा-ला

ब्रह्मा-सँग उजुर गर्-साकृ जा-भू३बव

'(उनीहरू) ब्रह्मासँग उजुर गर्न गए।'

[डुँगाका लागि पानि.८]

(८८) *बल्ल पछि माड्बारिसिन् मित् लाइलसइ*

बल्ल पछि माड्बारि-सिन् मित् लाइ-ल-सइ

बल्ल पछि माडबरी-सँग मित लगा-भू-अनु

'बल्ल पछि माडबारीसँग मित लगायो।' [राजकुमार.१०४]

(च) ऊर्जावत्-करण कारक (instrumental-ergative case)

माझी भाषामा *-नु, -निन्* प्रत्ययले ऊर्जावत् र करण कारक चिह्नन हुन प्रयोग हुन्छ। माझी भाषामा ऊर्जावत् र करण जनाउने विभक्ति एउटै छ। करण कारक कुनै कार्य सम्पन्न गर्न साधनको रूपमा अप्राणीवाचक नामसँग आउने गर्दछ। ऊर्जावत् कारक सकर्मक क्रियाको कर्तासँग आउने गर्दछ (८९-९०)।

(८९) *पाथरिन् चरि मारल्ते*

पाथर्-इन् चरि मार्-अल्ते

ढुङ्गो-ऊर्जा चरो मार्-भू३एव.३एव

'ढुङ्गाले चरो मार्‍यो।'

(९०) *छोडारिन् लउरिन् कुकल् पिटल्ते*

छोडार्-इन् लउरि-न् कुकल् पिट्-अल्ते

छोरो-ऊर्जा लट्ठी-ऊर्जा कुकुर पिट्-भू३एव.३एव

'छोराले लट्ठीले कुकुर पिट्यो।'

संसारका भाषाहरूमा ऊर्जावत् कारक र करण कारक एउटै भएको पाइन्छ किनभने ऊर्जावत् कारक करण कारकबाटै विकसित भएको देखिन्छ (गारेट १९९०:२६४)। माथिका उदाहरणहरूमा प्रस्तुत गरिएजस्तै करण र ऊर्जावत् कारक एउटै भएको देखिन्छ।

माझी भाषामा सकर्मक क्रियाका कर्ताहरू नियमित रूपमा ऊर्जावत् कारकले चिन्हिन हुँदैनन्। संसारका विभिन्न भाषाहरूमा चाहिँ सकर्मक क्रियामा कुनैमा ऊर्जावत् कारक लाग्ने तर अन्यमा चाहिँ नलागेको देखिन्छ। उदाहरण (९०) मा सकर्मक वाक्यको कर्तासँग ऊर्जावत् कारक जोडिएको छ। माझी जस्ता केही भाषाहरूमा प्रथम पुरुष र द्वितीय पुरुष सर्वनामसँग ऊर्जावत् कारक कहिल्यै आउँदैन।

(९१) *तुइ घर जाइछस्*

तुइ घर जा-छस्

तँ घर जा-अभू२एव

'तँ घर जान्छस्।'

(९२) *तुइ भात् खाइछस्*

तुइ भात् खा-छस्
तँ भात खा-अभू२एव
'तँलै भात खान्छस्।'

(९३) *तोरा: घर जाइछ*

तोरा: घर जा-छ
२बव घर जा-अभू२बव
'तँ घर जान्छस्।'

माथिका उदाहरणमा द्वितीय पुरुष सर्वनामसँग ऊर्जावत् कारक नजोडिएको देख्न सकिन्छ। माझी भाषामा द्वितीय पुरुषसँग सबै कर्तामा ऊर्जावत् कारक जोडिँदैन।

(९४) *तुइ केति खाइलइ*

तुइ केति खा-लइ
तँ के खा-भू३एव
'तँले के खान्छस् ?'

(९५) *मुइँ गाइ फुकाइनाइ*

मुइँ गाइ फुका-नाइ
म गाई फुका-भू१एव
'मैले गाई फुकाएँ।'

माथिका उदाहरण (९४-९५) मा क्रियाका रूप भूत कालमा रहेका छन्। नेपालमा बोलिने नेपाली जस्ता केही भाषामा सकर्मक वाक्यका भूत कालमा ऊर्जावत् कारक आउने पनि गर्दछन्। माझी भाषामा भने यो स्थिति फरक छ।

(८९) *हाइ लदिपुजा गर्ल आछ*

हाइ लदिपुजा गर्-ल आछ
हामी कोसीपूजा गर्-पूप योजिका.अभू१बव
'हामीले कोसीपूजा गरेका छौं।'

(९०) *तोरा: सोरि पाल्लाइ आछ*

तोरा: सोरि पाल्-लाइ आछ
तँ सुँगुर पाल्-पूप योजिका.अभू१बव
'तँले सुँगुर पालेको छस्।'

उदाहरण (८९, ९०) मा क्रियाका रूप पूर्ण पक्षमा रहेको भए पनि सकर्मक वाक्यको कर्तासँग ऊर्जावत् कारक जोडिएको छैन। यी समग्र उदाहरणले माझी भाषामा 'विभाजित ऊर्जावत् कारक(split ergative)' भाषा हो। विभाजित ऊर्जावत् भाषामा चाहिँ सकर्मक वाक्यको कुनै कर्तासँग ऊर्जावत् कारक लाग्दछ,

अन्य केहीसँग लाग्दैन (डिलाँसे १९७९:६२६)। नामिक विभाजित ऊर्जावत् भाषामा चाहिँ मूलत प्रथम र द्वितीय पुरुषसँग ऊर्जावत् कारक जोडिँदैन, तृतीय पुरुष र अन्य नामपदमा आउने कर्तासँग ऊर्जावत् कारक जोडिने गर्दछ। माझी भाषामा समेत यही कुरा लागु हुन्छ। माझी भाषामा प्रथम र द्वितीय पुरुष सर्वनाम भएका सकर्मक वाक्यसँग ऊर्जावत् कारकजोडिन आउँदैन। यद्यपि तृतीय पुरुष सर्वनाम र बाँकी नामपदहरू सकर्मक वाक्यका कर्ता भएर आउँदा ऊर्जावत् कारक जोडिने गर्दछ। हामीले यहाँनेर के पनि स्मरण गर्नुपर्ने हुन्छ भने संसारका भाषाहरूमा केही नामका आधारमा यस किसिमको विभाजित ऊर्जावत् कारकको प्रयोग हुन्छ भने अन्य केही भाषामा चाहिँ काल र पक्षका आधारमा विभाजित ऊर्जावत् कारकको प्रयोग हुने गर्दछ।

(छ) अपादान कारक (ablative case)

माझी भाषामा नामयोगी *बाटे* 'बाट' को प्रयोगबाट अपादान कारकको कार्य व्यक्त हुन्छ। अपादान कारक स्थानिक अथवा कालिक आरम्भ इङ्गित गर्न प्रयोग हुन्छ।

(९८) *जिउबाटे पसिना आइले*
जिउ-बाटे पसिना आ-ले
जिउ-बाट पसिना आ-भू३एव
'जिउबाट पसिना आयो।'

(९९) *होइ खेत् बाटे आइले*
होइ खेत् बाटे आ-ले
३एव खेत बाट आ-भू३एव
'ऊ खेत बाट आयो।'

(ज) दिशात्मक कारक (allative case)

माझी भाषामा नामयोगी *सम्म* 'सम्म' को प्रयोगबाट दिशात्मक कारकको कार्य व्यक्त हुन्छ। यसले स्थान इङ्गित गर्दा कुनै गन्तव्यसम्म पुग्ने स्थिति जनाउँछ भने समय इङ्गित गर्दा कुनै समयसम्म पुग्ने स्थिति जनाउँछ। उदाहरण (१००) ले स्थानको दिशा देखाएको छ भने उदाहरण (१०१) ले समयलाई इङ्गित गरेको छः

(१००) *मुइँ भोट्ल सम्म जाइछुँ*
मुइँ भोट्ल सम्म जा-छुँ
म भटौली सम्म जा-अभू१एव
'म भटौलीसम्म जान्छु।'
(१०१) *मुइँ चार् बजे सम्म घर्का बस्नाइ*
मुइँ चार् बजे सम्म घर्-का बस्-नाइ
म चार बजे सम्म घर्-अधि बस्-भू१एव
'म चार बजेसम्म घरमा बसँै।'
(१०२) *कालु सम्म छोडारि आइत*
कालु सम्म छोडारि आ-त
भोलि सम्म छोरी आ-सम्भावना
'भोलि सम्म छोरो आउला।'

(झ) सम्बोधन कारक (vocative case)

भारतीय-आर्य भाषाहरूमा कारकमा छुट्टै चिन्हकको प्रयोग हुँदैन। माझी भाषामा पनि यही नियम लागु हुन्छ। सम्बोधन कारक वक्ताले श्रोतालाई (सम्बोधन गरिने व्यक्तिलाई) सम्बोधनको शब्द (नातागोताका शब्द, नाम, अथवा निपातहरूको) अगाडि आउने गर्दछ। उदाहरण तल दिइएको छः

(१०३) *ए छुनेनि जुन्कान्*
ए छुनेनि जुन्-कान्
ए छोरी निषेध-रो
'ए छोरी नरोऊ।'
(१०४) *अनि ए ब्वा ब्वा*
अनि ए ब्वा ब्वा
अनि ए बुबा बुवा
'अनि ए बुबा, ए बुवा।'

३.२ सर्वनाम

माझी भाषाका केही सर्वनामहरूमा कारक जोडिन आउँदा तिर्यक रूप आउने गर्दछन्। यस भाषामा विभिन्न वर्गका सर्वनामहरू पाइन्छन्, जस्तै पुरुष वाचक, आत्म वाचक, दर्शक, सम्बन्ध वाचक , प्रश्न वाचक, निश्चयवाचक, पारस्परिक सर्वनाम आदि। मासिका (१९९१: २५१) ले उल्लेख गरेजस्तै माझी

भाषामा पनि तृतीय पुरुष सर्वनाम र दैशिक सर्वनामहरूका रूप समान छन्। नाम जस्तै ती सर्वनामहरूको रूपायन पनि हुने हुनाले ती सर्वनामका रूपहरूको समेत यसमा विश्लेषण गरिएको छ।

३.२.१ पुरुष वाचक सर्वनाम

माझी भाषामा प्रथम, द्वितीय, र तृतीय पुरुष सर्वनामहरू पाइन्छन्। सबै सर्वनामहरूमा एकवचन र बहुवचनको भेद पाइन्छ। सर्वनाममा लिङ्गको भेद पाइँदैन। द्वितीय पुरुष र तृतीय पुरुष एकवचन सर्वनाममा आदरार्थीको प्रयोग पाइन्छ। पुरुष वाचक सर्वनाम र तिनीहरूको रूपायन तालिका (३.२) मा दिइएको छ। माझी भाषामा विभाजित ऊर्जावत् कारकको प्रयोग हुने हुनाले प्रथम र द्वितीय पुरुषमा ऊर्जावत् कारक प्रयोग हुँदैन।

तालिका ३.२: पुरुष वाचक सर्वनाम र तिनीहरूको रूपायन

	सर्वनाम	**सम्बन्ध**	**कर्म, सम्प्रदान**	**ऊर्जावत्**
१एव	*मुँइ* 'म'	मोर	मिलाइ	-
१बव	*हाइँ* 'हामी'	हाम्रो	हाइँलाइ	-
२एव	*तुइ* 'तँ'	तोर	तुइलाइ	-
२एव.आदर	*तोरा* 'तपाईँ'	तोराल्को	तोराल्कइ	-
२बव	*तोरा:* 'तिमीहरू'	तोराल्को	तोराल्कइ	-
३एव	*होइ* 'ऊ'	होक्र	होइलाइ	होइ-निन्
३बव	*होल* 'उनीहरू'	होलक	होइलाइ	होल्-किन्

माझी भाषाका सर्वनाम र ती सर्वनामहरूका केही रूपहरूलाई तलका उदाहरणहरूमा दिइएको छ।

(१०५) *मुइँ केति गरुँ*

मुइँ केति गर्-उँ
म के गर्-प्रस्ताव
'म के गरूँ?'

माझी भाषाका विशेष महत्त्व (अवधारक सर्ग) का रूपमा *-ने* सर्वनामसँग जोडिन आउँछ (१०६-१०७)।

(१०६) *मुइँने खेत् जोत्छुँ*

मुइँ-ने खेत् जोत्-छुँ
म-अव खेत जोत्-अभू१एव
'मैले खेत जोत्छु।'

(१०७) *हाइँने भिर्नाइ जाइ बहक्*

हाइँ-ने भिर्-नाइ जा-इ बइ-हक्
हामी-अव भिर्-अधि जा-साकृ अक-हु
'हामी भिरमा जानु हुँदैन।'

माझी भाषामा द्वितीय पुरुष सर्वनाममा दुई तहको आदरार्थी पाइन्छ। यस भाषामा आदरार्थीको प्रयोग पारिवारिक सम्बन्ध (नातागोता)का र सामाजिक सम्बन्धका आधारमा हुने गर्दछ। माझी भाषाको आदरार्थी नेपाली भाषासँग भिन्न देखिन्छ। नेपाली भाषामा परिवारभित्र उमेरका आधारमा आदरार्थीको प्रयोग गर्नुपर्दछ भने माझी भाषामा चाहिँ मूलत: आमाबाबु, दाइ, दिदीहरूलाई आदरार्थी सर्वनामको प्रयोग गर्नुपर्दैन। छोराले आफ्ना आमाबुबा, दाइ दिदीहरूलाई तुइ 'तँ, तिमी' को प्रयोग गर्न मिल्दछ (१०८)।

(१०८) *तुइ आइछस्*

तुइ आ-छस्
तँ आ-अभू२एव
'तँ आउँछस्।'

घर परिवार बाहेक विवाहबाट स्थापित सम्बन्ध (र नातागोता) लाई सम्बोधन गर्दा चाहिँ द्वितीय पुरुष आदरार्थी सर्वनामको प्रयोग हुन्छ। सासू, ससुरा, जेठान आदिलाई सम्बोधन गर्दा आदरार्थी सर्वनाम (१०९, ११०) को प्रयोग गर्नुपर्दछ।

(१०९) *तोरा जाइछ*

तोरा जा-छ
तिमी जा-अभू२एव.आदर
'तिमी जान्छौ।'

(११०) *तोरा:ल जाइछ*

तोरा:ल जा-छ
२बव.आदर जा-अभू२एव.आदर
'तपाईंहरू जानुहुन्छ।'

तृतीय पुरुष सर्वनाम दैशिक सर्वनामसँग मिल्दछन्। केही उदाहरणहरू तल दिइएको छ। माझी भाषामा तृतीय पुरुष सर्वनाम र बाँकी नामपदले सकर्मक वाक्यका कर्तामा ऊर्जावत् कारक चिह्नन गर्ने प्रत्ययसमेत लिने गर्दछन्। तृतीय पुरुष आदरार्थी रूप भएको चाहिँ पाइँदैन।

(१११) *होइ किनिखइ रामाइले*

होइ किनिखइ रामा-ले
३एव किन रमा-भू३एव
'ऊ किन रमायो?'

माझी भाषामा आदरार्थी नामले क्रियामा भिन्न रूपायन ल्याउने चाहिँ गर्दैनन्। माथि चर्चा गरिए जस्तै माझी भाषामा आदरार्थी मूलत: पारिवारिक सम्बन्धका आधारमा निर्धारण हुने गर्दछ तथापि आदरार्थीले क्रिया सङ्गतिमा कुनै भिन्नता ल्याउँदैन (११२-११३)।

(११२) *भाट् आइछइ*

भाट् आ-छइ
सालो आ-अभू३एव
'सालो आयो।'

(११३) *सालि आइछइ*

सालि आ-छइ
साली आ-अभू३एव
'साली आइ।'

(११४) *मोर भाइ आइछइ*

मुइँ-र भाइ आ-छइ
म-सम्बन्ध भाइ आ-अभू३एव
'मेरो भाइ आउँछ।'

उदाहरण (११२, ११३) मा प्रयोग भएका नामहरूको सट्टामा *तोरा* 'तिमी, तपाईं' सर्वनाम प्रयोग गर्नुपर्ने हुन्छ। यी नामहरूलाई प्रतिस्थापन गर्ने सर्वनामका रूपमा मूलतः आदरार्थी रूप पाइन्छन्। तथापि यी वाक्यहरूमा आएको क्रियाको रूप उदाहरण (११४) मा जस्तै रहेको छ।

३.२.२ प्रश्न वाचक सर्वनाम

माझी भाषामा मानवीय नामलाई प्रश्न गर्दा *कुन्* 'को' (११६, ११७) र मानवेतर नामका बारेमा प्रश्न गर्दा *केति* 'के' (११०-१२०) को प्रयोग हुने गर्दछ।

माझी भाषामा पाइने प्रश्न वाचक सर्वनाम र तिनीहरूको रूपायनलाई तालिका (३.३) मा दिइएको छ।

(११५) *कुन् 'को'*
केति 'के'

(११६) *कुन् आइले*
मुइँ-र भाइ आ-छइ
म-सम्बन्ध भाइ आ-अभू३एव
'मेरो भाइ आउँछ।'

(११७) *होइ कुन् मानुस् हो*
होइ कुन् मानुस् हो
३एव कुन मान्छे योजिका.अभू
'ऊ कुन मान्छे हो ?'

(११८) *केति हक्ले*
केति हक्-ले
के हु-भू३एव
'के भयो ?'

(११९) *तोर नाउँ केति हो*
तुइ-र नाउँ केति हो
तँ-सम्बन्ध नाम के योजिका.अभू
'तेरो नाम के हो ?'

(१२०) *अनि केति हक्ले*
अनि केति हक्-ले
अनि के हु-भू३एव
'अनि के भयो ?'

उदाहरण (१०९) मा मानवीय नामका बारेमा प्रश्न गरिएको छ भने उदाहरण (१०-१२) मा मानवेतर नामका बारेमा प्रश्न गरिएको छ। प्रश्न वाचक नामहरू दोहोरिएर आएमा तिनीहरूले बहुवचन उत्तरको अपेक्षा गर्ने गर्दछन् (१२१)।

(१२१) *मोरि छोडारिन् केति केति आन्ले*
मुइँ-रि छोडारि-न् केति
म-सम्बन्ध.स्त्री छोरो-ऊर्जा के
केति आन्-ले
के ल्या-भू३एव
'मेरो छोराले के के ल्यायो ?'

३.२.३ आत्म वाचक सर्वनाम

माझी भाषामा आत्म वाचक सर्वनाम *आफ्नि* 'आफू' हो। यो सर्वनाम विभिन्न कारकहरूसँग आउँदा रूपायित हुने गर्दछ (हेर्नू, तालिका ३.३)। माझी भाषाको आत्म वाचक सर्वनाम लिङ्गका आधारमा सङ्गति हुँदैन।

(१२२) *मोरि छुनेनि आफ्नि मोर्ले*

मुइँ-रि छुनेनि आफ्नि मोर्-ले
म-सम्बन्ध.स्त्री छोरी आफै मर्-भू३एव
'मेरी छोरी आफै मरी।'

(१२३) *मुइँ आफ्नि घर जाइछुँ*

मुइँ आफ्नि घर जा-छुँ
म आफ्नो घर जा-अभू१एव
'म आफै घर जान्छु।'

(११७) *तुइ आफ्नि मिलाइ जिस्काइलइ*

तुइ आफ्नि मुइँ-लाइ जिस्का-लइ
तँ आफ्नो म-सम्प्र जिस्का-भू२एव
'तँ आफैले मलाइ जिस्काइस्।'

३.२.४ दर्शक वाचक सर्वनाम

माझी भाषामा दर्शक वाचक सर्वनामले निकट (नजिकको) र दूरता (टाढाको, अलि परको) बिच अन्तर देखाउँछन्। यी सर्वनामहरू एकवचन र बहुवचनमा पनि भिन्न छन्। यसरी दर्शक वाचक सर्वनामहरूलाई एकवचन र बहुवचनमा र निकट र दूरताका आधारमा भेद छुट्याउन सकिन्छ। यी सर्वनामहरू पनि नाम र पुरुष वाचक सर्वनाम जस्तै कारकहरूसँग पनि रूपायित भएर आउँछन्। यस्ता कारकहरूसँग आउँदा यी सर्वनामहरूका तिर्यक् रूप प्रयोग हुन्छन्। दर्शक वाचक र प्रश्न वाचक सर्वनामका विभिन्न रूपलाई तालिका (३.३) मा दिइएको छ ।

तालिका ३.३: दर्शक वाचक र प्रश्न वाचक सर्वनाम

	कर्म, सम्प्रदान	**सम्बन्ध**	**अपादान**	**ऊर्जावत्**
***ह्य* 'यो'**	ह्य-लाइ	हेक्र	हेइ-बाटे	हेइनिन्
***होइ* 'त्यो'**	होइ-लाइ	होक्र	होइ-बाटे	होइनिन्
***हेल* 'यिनीहरू'**	हेल्-काइ	हेलुको	हेल्-बाटे	हेलु-किन्

	कर्म, सम्प्रदान	सम्बन्ध	अपादान	ऊर्जावत्
होल 'तिनीहरू'	होल्-काइ	होल्को	होल्-बाटे	होल्-किन्
केति 'के'	केति-लाइ	केतिर्	केति-बाटे	केत्-इन्
कुन् 'को'	कुन्-लाइ	कुन्-कर्	कुन्-बाटे	कुन्-इन्
कछि 'कहाँ'	कछि-लाइ	कछि-कर्	कछि-बाटे	कछ्-इन्
आफि 'आँफू'	आफि-लाइ	आफ्ने	आफि-बाटे	आफि-ने
जुन् 'जो'	जुन्-लाइ	जुन्-कर्	जुन्-बाटे	जुन्-इन्
जछि 'जहाँ'	जछि-लाइ	-	जछि-बाटे	-

तल दिइएका उदाहरणहरू हेरौः

(१२५) *तुइ आफ्नि मिलाइ जिस्काइलइ*
तुइ आफ्नि मुइँ-लाइ जिस्का-लइ
तँ आफ्नो म-सम्प्र जिस्का-भू२एव
'तँ आफैले मलाई जिस्काइस्।'

(१२६) *होइ एथउनि आइले*
होइ एथउनि आ-ले
३एव यता भू-३एव
'ऊ यता आयो।'

(१२७) *होल माहालाइ बइनत्*
होल माहालाइ बइ-नत्
यिनी राम्रो अक-३बव
'यिनीहरू राम्रा छैनन्।'

३.२.५ सर्वनामको द्वित्व

केलग (१९५५:४९४) लेख्छन् "सर्वनामहरू दोहोरिएर आउँदा तिनीहरूले वस्तुको वितरण जनाउने गर्दछन् अर्थात दोहोरिएर आउने सर्वनामले विविध कुरा जनाउँछ।" माझी भाषामा समेत सर्वनामहरू दोहोरिएर आउँदा वितरण जनाउने गर्दछन्। केही उदाहरणहरू तल दिइएका छन्।

(१२८) *होल्किन् आफ्ने आफ्ने खाइले*

होल्-किन् आफ्ने आफ्ने खा-ले
उनी-ऊर्जा आफू आफू खा-भू३बव
'उनीहरू आफू आफू खाए।'

उदाहरण (१२८) मा आएको *आफ्ने* 'आफू' ले गरिएको काममा वितरण जनाएको छ। त्यसै गरी प्रश्नार्थक सर्वनाम दोहोरिएर आउँदा त्यसले बहुवचन नामको अपेक्षा गरेको हुन्छ।

(१२९) *तोर बेटारिन् केति केति आन्ले*

तुइ-र बेटा-र्-इन् केति
तँ-सम्बन्ध छोरो-साप्रतँ-ऊर्जा के
केति आन्-ले
के ल्या-भू३एव
'तेरा छोराले के के ल्यायो?'

(१३०) *केति केति हक्ले*

केति केति हक्-ले
के के हु-भू३एव
'के के भयो?'

३.३ सारांश

यस अध्यायमा नाम र नामसँग नामको व्युत्पत्ति र रूपायन साथै सर्वनामका बारेमा चर्चा गरिएको छ। नेपाली भाषामा जस्तै माझी भाषामा पनि *-आइ* जस्ता केही प्रत्यय लागेर नामको व्युत्पत्ति हुन्छ। यसका साथै समास र द्वित्व प्रक्रियाबाट समेत नामको निर्माण हुने गर्दछ। माझी भाषामा पुरै शब्दको द्वित्व हुने गर्दछ। माझी भाषामा बहुवचन जनाउनका लागि *-हान्, -ह्यान्* जस्ता सर्गहरूको प्रयोग हुन्छ। शब्द तहमा लिङ्ग व्यवस्था पाइए पनि व्याकरणिक लिङ्ग भने माझी भाषामा पाइँदैन। माझी भाषामा मानवीय र मानवेतर नामहरूसँग अलगअलग कोटिकरको प्रयोग हुन्छ। बोटे र दरै भाषामा जस्तै माझी भाषामा सम्बन्ध वाचक नामपदमा सार्वनामिक प्रत्ययहरू जोडिएर आउने गर्दछन्।

माझी भाषामा ऊर्जावत् कारकको प्रयोग हुन्छ। यस भाषामा ऊर्जावत् कारक सकर्मक क्रियाको कर्तासँग नियमित रूपमा हुने गर्दछ। माझी भाषामा कारक सम्बन्ध विभक्तिहरू तथा नामयोगीहरूको प्रयोगबाट हुने गर्दछ। यस

भाषामा निरपेक्ष कारक अचिह्नित हुने गर्दछ भने सकर्मक क्रियाको कर्तामा ऊर्जावत् कारकको प्रयोग हुन्छ। त्यसै गरी विभक्तिबाट चिह्नित हुने कारकहरूमा कर्मकारक, सम्प्रदान कारक, अधिकरण, सम्बन्ध, अपादान कारक रहेका हुन्छन्। सहार्थक कारक नामयोगीबाट चिह्नित हुने गर्दछ। माझी भाषामा विभिन्न किसिमका सर्वनामहरूको प्रयोग गरिन्: जस्तै जातिवाचक, दर्शक, सम्वन्धवाचक, प्रश्न वाचक, र अनिश्चयवाचक सर्वनामहरू पनि कारकहरूसँग आउँदा रूपायित हुने गर्दछन्।

माझी भाषामा पूर्वीय भारतीय-आर्य भाषाहरूमा समेत प्रयोग हुने केही कारकहरू, जस्तै -*के* (सम्प्रदान कारक) प्रयोग हुन्छ। मैथिली तथा राजवंशीजस्ता पूर्वीय भारतीय-आर्य भाषाहरूमा ऊर्जावत् कारकको प्रयोग पाइँदैन भने माझी भाषामा ऊर्जावत् कारक पाइन्छ। सकर्मक क्रियाका सबै कर्ताहरूसँग ऊर्जावत् कारकको प्रयोग हुने गर्दछ।

अध्याय-४:
विशेषण

४.० परिचय

यस अध्यायमा माझी भाषाका विशेषणहरूका बारेमा चर्चा गरिएको छ। खण्ड (५.१) मा माझी भाषाका विशेषणको सङ्क्षेपमा चर्चा गरिएको छ। त्यसै गरी उपखण्ड (५.२) मा विशेषणहरूको अर्थका आधारमा वर्गीकरण गरिएको छ। त्यसै गरी उपखण्ड (५.३) मा विशेषणहरूको रूपतात्त्विक विशेषताहरूको चर्चा गरिएको छ। उपखण्ड (५.४) मा विशेषणको वाक्यात्मक कार्यको विश्लेषण गरिएको छ र अन्त्यमा (५.५) मा यस एकाइको सारांश दिइएको छ।

४.१ आर्थी वर्गीकरण

यस खण्डमा विशेषणहरूको अर्थका आधारमा वर्गीकरण गर्नका लागि डिक्सन (२००४) को आर्थी वर्गीकरणलाई आधार मानिएको छ। विशेषणको वितरण नामपदको विश्लेषणमा समेत दिइएको छ (हेर्नू अध्याय ७)।

४.१.१ आकार

माझी भाषामा आकार जनाउने विशेषणहरूलाई (३-४) मा प्रस्तुत गरिएको छ। आकृति जनाउने केही विशेषणहरू माझी भाषाका अलग्गै छन् भने धेरै जसो विशेषणहरू नेपाली भाषासँग मिल्दाजुल्दा छन्; जस्तै तलको उदाहरण (१) मा विशेषणहरू प्रस्तुत गरिएको छः

(१)

बड्ख	'ठुलो'
छोटो	'छोटो'
लामो	'लामो'
गइरो	'गहिरो'
ढाङ्ग	'अग्लो'
साँगुरो	'साँगुरो'
फाराक्	'फराकिलो'
मोटो	'मोटो'
गोलो;डल्लो	'गोलो'

	सोझो	'सोझो'
	बाक्लो	'बाक्लो'
	पातुलो	'पातलो'

४.१.२ उमेर

माझी भाषामा उमेर जनाउने विशेषणहरूलाई (२) मा प्रस्तुत गरिएको छ। यस वर्गका विशेषणले कुनै व्यक्ति वा वस्तुको उमेर सम्बन्धी वर्णन गर्दछन्।

(२)	*नयाँ*	'नयाँ'
	जवान्	'जवान'
	बुर्रा	'बुढो'
	बुर्रि	'बुढी'
	जिउदो	'जिउँदो'
	जेड्काइ	'जेठो'
	जेडि	'जेठी'
	माल्याइ	'माहिलो'
	माल्लिक्	'माहिली'
	साइँलिक्	'साहिँली'
	कान्छाइ	'कान्छो'
	कान्छिक्	'कान्छी'

४.१.३ गुण

गुण जनाउने विशेषणहरूले नामको विशेषता अथवा गुण दोष जनाउने गर्दछन्। माझी भाषामा गुण दोष जाहेर गर्ने विशेषणहरूलाई (३) मा प्रस्तुत गरिएको छ।

(३)	*सस्तो*	'सस्तो'
	खराब्	'खराब'
	माँहाल	'राम्रो'
	बमाँहाल	'नराम्रो'
	सेतिकइ	'साँच्चिकै'
	नुनिलो	'नुनिलो'
	उल्ने	'अल्नो'
	सफा	'सफा'

	गरुङ्गो	'गरुङ्गो'
	हलुङ्गो	'हलुङ्गो'

४.१.४ रङ

माझी भाषामा रङ जनाउने विशेषणहरूलाई (४) मा प्रस्तुत गरिएको छ।

(४)	*गोर*	'सेतो'
	काङु	'कालो'
	पिर्ल	'रातो'
	हरियो	'हरियो'
	पँहेलो	'पहँेलो'
	निलो	'निलो'
	खैरो	'खैरो'
	रङ्गिबिरङ्गि	'रङ्गीबिरङ्गी'
	गरुङ्गो	'गरुङ्गो'
	हलुङ्गो	'हलुङ्गो'

४.१.५ शारीरिक विशेषता

माझी भाषामा शारीरिक विशेषता जनाउने विशेषणहरूलाई (५-६) मा प्रस्तुत गरिएको छ।

(५)	*कडा*	'कडा'
	नरम्	'नरम'
	चिसो	'चिसो'
	खस्रो	'खस्रो'
	बलियो	'बलियो'
	तातो	'तातो'
	तित्ता	'तितो'
	बिरामि	'बिरामी'
	बाङ्गो	'बाङ्गो'
	चापटि	'चारपाटे'

(६) *भिरालो* 'भिरालो'

पिच्छै	'चिप्लो'
खालि	'खाली'
पिरो	'पिरो'
ताजा	'ताजा'
स्वाट्	'स्वादिलो'
अन्धो	'अन्धो'
पातुलो	'पातलो'
बाक्लो	'बाक्लो'

४.१.६ मानवीय गुण

माझी भाषामा पाइने मानवीय गुणसँग सम्बन्धित केही विशेषणहरूको यस उपखण्डमा चर्चा गरिएको छ। मानवीय गुणसँग सम्बन्धित विशेषणलाई (७-९) मा दिइएको छ।

(७)

लँगडो	'लङ्गडो'
झगडालु	'झगडालु'
अल्छि	'अल्छी'
डुँडो	'डुँडो'
ठोना	'एकोहोरो (झगडालु)'

(८)

देब्रे	'देब्रे'
लडङ्का	'झगडालु (पु.)'
लडङ्कि	'झगडालु (स्त्री.)'

(९)

देब्रे	'देब्रे'
लडङ्का	'झगडालु (पु.)'
लडङ्कि	'झगडालु (स्त्री.)'

४.१.७ परिमाणक

माझी भाषामा परिमाण जनाउने विशेषणहरूको यस उपखण्डमा चर्चा गरिएको छ।

४.१.७.१ सङ्ख्या

नाम पदसँग आउँदा सङ्ख्याले कोटिकर लिने गर्दछन्। माझी भाषामा मानवीय र मानवेतर गरी दुई किसिमका कोटिकरहरूको प्रयोग गरिन्छ (हेर्नू ४.१.२.३)। यस्ता कोटिकरहरूको प्रयोग सङ्ख्याहरू गणना गर्नका लागि गरिन्छ। त्यसै गरी क्रमवाचक सङ्ख्याहरू विशेषणका रूपमा प्रयोग हुन्छन्; जस्तै (१०)।

(१०) *मोरि छुनेनिरइ दुइटा साथेख्यान रइला*

मुइँ-रि	छुनेनि-रइ	दुइ-टा
म-सम्बन्ध.स्त्री	छोरी-सम्बन्ध.स्त्री	दुई- कोटि
साथे-ख्यान	रइला	

साथी-३एव.३बव.योजिका.भू.३बव

'मेरी छोरीका दुई जना साथी थिए।'

	गणना वाचक		***क्रम वाचक***	
(११)	*एक्*	'एक'	*पहिलो*	'पहिलो'
	दुइ	'दुई'	*दोस्रो*	'दोस्रो'
	तिन्	'तीन'	*तेस्रो*	'तेस्रो'
	चार्	'चार'	*चौथो*	'चौथो'
	पाँच्	'पाँच'	*पाँचौँ*	'पाँचौँ'
	छ	'छ'	*छैटौँ*	'छैटौँ'
	सात्	'सात'	*सातौँ*	'सातौँ'
	आठ्	'आठ'	*आठौँ*	'आठौँ'
	नौ	'नौ'	*नवौँ*	'नवौँ'
	दस्	'दश'	*दसौँ*	'दसौँ'

१० देखि १०० सम्मका सङ्ख्याहरू तल दिइएको छ।

(१२)	*एघार*	'एघार'
	बार	'बाह्र'
	तेर	'तेह्र'
	चौध	'चौध'
	पन्ध्र	'पन्ध्र'
	सोर	'सोह्र'
	सत्र	'सत्र'
	अठार	'अठार'
	उन्नाइस्	'उन्नाइस'

	बिस्	'बिस'
	एक्काइस्	'एक्काइस'
	बाइस्	'बाइस'
	तेइस्	'तेइस'
	चौबिस्	'चौबिस
	पच्चिस्	'पच्चिस'
	छब्बिस	'छब्बिस'
	सत्ताइस्	'सत्ताइस'
	अठ्ठाइस्	'अठ्ठाइस्'
	उनान्तिस्	'उनन्तिस्'

१० देखि १०० सम्मका सङ्ख्याहरू तल दिइएको छ।

(१३)	*बिस*	'बिस'
	तिस्	'तिस'
	चालिस्	'चालिस'
	पचास	'पचास'
	साठि	'साठी'
	सत्तरि	'सत्तरी'
	असि	'असी'
	नब्बे	'नब्बे'
	सए	'सय'

४.१.७.२ सङ्ख्या इतर परिमाणक

माझी भाषामा सङ्ख्या बाहेकका परिमाणकहरूको पनि प्रयोग गरिन्छ।

(क) अंश वाचक परिमाणकहरू

यस उपखण्डमा अंश वाचक परिमाणकहरूको चर्चा गरिएको छ। यस्ता परिमाणकहरू नामसँग आएर ती नामको परिमाण व्यक्त गर्दछन्। अंश वाचक परिमाणकहरूको अर्को विशेषता चाहिँ यी शब्दहरू नामको अनुपस्थितिमा नामपदको सट्टा समेत प्रयोग हुने गर्दछन्। अंश वाचक परिमाणक (१४) मा दिइएको छ।

(१४)	*थोरे*	'थोरै'
	आधा	'आधा'

सेब्बाइ 'सबै'
धेरे 'धेरै'

तलका उदाहरणहरूमध्ये उदाहरण (१५अ) मा अंश वाचक परिमाणक *सेब्बाइ* 'सबै' ले नामविना नै नामपदको काम गरेको छ भने उदाहरण (१५आ) मा चाहिँ *सेब्बाइ* 'सबै' शीर्ष नामसँग आएको छ। उदाहरण (१६) मा आउने परिमाणकको पनि त्यही विशेषता रहेको छ।

(१५अ) *सेब्बाइ लदिपुजाका आइला*
सेब्बाइ लदिपुजा-का आ-ला
सबै नदीपूजा-अधि आ-भू३बव
'सबै नदीपूजामा आए।'

(१५आ) *सेब्बाइ मान्छेल लदिपुजाका आइला*
सेब्बाइ मान्छे-ल लदिपुजा-का आ-ला
सबै मान्छे-बव नदीपूजा-अधि आ-भू३बव
'सबै मान्छे नदीपूजामा आए।'

(१६अ) *मुइँ आधा काम् सिद्दाइनाइ*
मुइँ आधा काम् सिद्दा-नाइ
म आधा काम सिध्धा-भू१एव
'मैले आधा काम सकैँ।'

(१६आ) *मुइँ आधा सिद्दाइनाइ*
मुइँ आधा सिद्दा-नाइ
म आधा सिध्धा-भू१एव
'मैले आधा सकैँ।'

परम्परागत रूपमा अंश जनाउने केही शब्दहरू उदाहरण (१७) मा दिइएको छ।

(१७) *आधा* 'आधा'
सबा 'सबा'
डेड 'डेढ'
धाइ 'अढाइ'
पौने 'पौने'

(ख) निर्धारक

माझी भाषामा सङ्ख्या बाहेकका परिमाणकहरूको (निर्धारकहरूको) पनि प्रयोग गरिन्छ। यस्ता निर्धारकहरूलाई तल चर्चा गरिएको छ।

(अ) दर्शक विशेषण

दर्शक सर्वनामहरू माझी भाषामा निर्धारकका रूपमा प्रयोग हुन्छन्। यिनीहरू सर्वनामका रूपमा प्रयोग पनि हुन्छन् तर नामपदमा नामका अधीनस्थ भएर समेत आउँछन्। मासिका (१९९१, २५१) ले भारतीय-आर्य भाषाहरूमा यस्ता दर्शक विशेषण (सर्वनाम)मा कम्तीमा दुई प्रकारका र बढीमा चार प्रकारसम्मका हुने उल्लेख गरेका छन्। माझी भाषामा भने दर्शक विशेषण दुई प्रकारका छन्: सामान्य र दैशिक। तलका उदाहरणमा *ह्य* 'यो' र *होइ* 'त्यो' का साथै अन्य यस्तै उदाहरणहरू दिइएका छन्।

(१८) *ह्य घर्*
ह्य घर्
यो घर
'यो घर'

(१९) *होइ भाकारि*
होइ भकारि
त्यो भकारी
'त्यो भकारी'

(२०) *ह्य मन्छेल*
ह्य मन्छे-ल
यी मान्छे-बव
'यी मानिसहरू'

(२१) *होइ भकारिल*
होइ भकारि-ल
ती भकारी-बव
'ती भकारीहरू'

(आ) अनिश्चय वाचक विशेषण

माझी भाषामा अनिश्चित स्थिति देखाउन, अथवा अनिश्चय व्यक्त गर्न प्रयोग हुने सर्वनामहरू पनि विशेषणका रूपमा प्रयोग हुन्छन्। माझी भाषामा केही, कोही जस्ता अनिश्चय जनाउने विशेषणहरूको प्रयोग हुन्छ (२२-२४)।

(२२) *तुइ केइ काम् गर्छस्*

तुइ	केइ	काम्	गर्-छस्
तँ	केही	काम	गर्-अभू२एव

'तँले केही काम गर्छस्।'

(२३) *मुइँ किछु बइपाइनि*

मुइँ	किछु	बइ-पा-नि
म	केही	अक-पा-भू१एव

'मैले केही पाइन।'

(२४) *केइ माझील धनि आछत्*

केइ	माझी-ल	धनि	आछत्
केही	माझी-बव	धनी	योजिका.अभू३बव

'केही माझी धनी छन्।'

(इ) प्रश्न वाचक विशेषण

माझी भाषामा कुनै व्यक्ति अथवा वस्तुका बारेमा प्रश्न गर्नका लागि प्रश्न वाचक विशेषणको प्रयोग गर्न सकिन्छ। यसका उदाहरणहरू विभिन्न उपशीर्षकमा तल दिइएका छन् :

(२५) *कुन्टा मानुस्*

कुन्टा	मानुस्
कुन	मान्छे

'कुन मान्छे ?'

(२६) *तुइसिन् केइ पैसा आछ्यास्*

तुइ-सिन्	केइ	पैसा	आछ्यास्
तँ-सँग	केही	पैसा	योजिका.अभू२एव.सम्प्र

'तँसँग केही पैसा छ ?'

(ई) सार्वनामिक निर्धारक

माझी भाषामा सार्वनामिक निर्धारकहरू सर्वनामका रूपमा प्रयोग हुन्छन्। तिनीहरूलाई तालिका (४.१) मा दिइएको छ।

तालिका ४.१ सार्वनामिक निर्धारकहरू

	प्रश्नार्थक	**दर्शक**		**सम्बद्धात्मक**
		निकट	**दूरवर्ती**	
गुण	*किन्खा* 'कस्तो'	*इन्खा* 'यस्तो'	*उन्खा* 'त्यस्तो'	*जिन्खाइ* 'जस्तो'
मात्रा	*कत्ते, कच्चा* 'कति'	*एत्ते, इच्चा* 'यति'	*ओत्ते, ओच्चा* 'त्यति'	*जत्ते* 'जति'
आकार	*कचौडो* 'कत्रो'	*एचौडो* 'यत्रो'	*ओछौडो* 'त्यति'	*जछौडो* 'जत्रो'

यस अन्तर्गत गुण, मात्रा र आकार जनाउने निर्धारकहरू पर्दछन्। यस्ता निर्धारकहरूमा निकटता र दूरता जनाउने दुई प्रकारका शब्द हुन्छन्। आकार जनाउने निर्धारकहरूलाई तलका उदाहरणहरूमा दिइएको छ।

(२७) *ओच्चाकाम्*
ओच्चा काम्
त्यति काम
'त्यति काम'

(२८) *एत्ते भात्*
एत्ते भात्
यति भात
'यति भात'

(२९) *एत्ते भात्*
एत्ते भात्
यति भात
'यति भात'

(३०) *ओच्चउडो घर्*
ओच्चउडो घर्
त्यत्रो घर
'त्यत्रो घर'

४.१.८ अन्य

माझी भाषामा गतिसँग सम्बन्धित दुई ओटा विशेषण पाइएका छन्। तिनीहरूलाई (३१) मा दिइएको छ।

(३१) *छिटो* 'छिटो'
ढिलो 'ढिलो'

त्यसै गरी अफ्ठ्यारोसँग सम्बन्धित विशेषणलाई (३२) मा दिइएको छ।

(३२) *सजिलो* 'सजिलो'
अफ्ठ्यारो 'अफ्ठ्यारो'

४.२ रूपतात्त्विक विशेषता

माझी भाषामा विशेषणको व्युत्पन्न हुने प्रक्रिया उत्पादक छैन। यस भाषामा लिङ्गअनुसार विशेषण रूपायित हुन्छन् (हेर्नू ४.१.१.२)।

४.२.१ व्युत्पादन

माझी भाषामा स्थान नामबाट केही विशेषणहरू व्युत्पन्न भएको पाइन्छ। माझी भाषामा यसरी विशेषण व्युत्पादन हुँदा *-ले* र *-लेनि* को प्रयोग भएको पाइन्छ। केही उदाहरणहरू (३३) मा प्रस्तुत गरिएको छ।

(३३)

स्थान नाम	विशेषण	विशेषण
भटौलि	*भट्ले*	'भटौलीको (पु.)'
	भट्लेनि	'भटौलीकी (स्त्री.)'
मन्थलि	*मन्थले*	'मन्थलीको (पु.)'
	मन्थलेनि	'मन्थलीकी (स्त्री.)'
गाइखुरा	*गाइखुरे*	'गाईखुरको (पु.)'
	गाइखुर्नि	'गाइखुरकी (स्त्री.)'
चिसापानि	*चिसापाने*	'चिसापानीको (पु.)'
	गाइखुर्नि	'चिसापानीकी (स्त्री.)'
राज्गाउँ	*रज्गे*	'राजगाउँको (पु.)'
	रज्गेनि	'राजगाउँकी (स्त्री.)'

४.३ वाक्यात्मक कार्य

माझी भाषाका विशेषणहरू रूपायन हुन्छन्। यस भाषामा विशेषणहरू अन्य पदवर्गबाट रूपायन हुन्छन्। यस उपखण्डमा अन्य शब्दवर्गबाट रूपायन हुने विशेषणहरूको चर्चा गरिएको छ।

४.३.१ तुलनात्मक संरचना

माझी भाषामा दुई भन्दा बढीको तुलना गर्नुपरेमा तुलनीय शब्दसँग आउने नाममा *कते* 'भन्दा' नामयोगीको प्रयोग हुन्छ। माझी भाषामा तुलना जनाउन निम्नानुसारको संरचनाको प्रयोग हुन्छ।

(३४) तुलना गरिने नाम + मान + *कते* 'भन्दा'+ विशेषण + योजिका क्रिया

(३५) *मुइँ मोर दाजु भन्दा माहाल आछुँ*

मुइँ	मुइँ-र	दाजु	भन्दा	माहाल
म	म-सम्बन्ध	दाजु	भन्दा	राम्रो

आछुँ
योजिका.अभू१एव
'म मेरो दाजुभन्दा राम्रो छु।'

(३६) *चिसापानि भट्टिल भन्दा माहालि आछि*

चिसापानि	भट्टिल	भन्दा	माहालि
चिसापानी	भटौली	भन्दा	राम्रो.स्त्री

आछि
योजिका.अभू३एव
'चिसापानी भटौलीभन्दा राम्रो छ।'

(३७) *ह्य घर् होइ घर् भन्दा नयाँ आछि*

ह्य	घर्	होइ	घर्	भन्दा	नयाँ
यो	घर	त्यो	घर	भन्दा	नयाँ

आछि
योजिका.अभू३एव
'यो घर त्यो घरभन्दा राम्रो छ।'

सर्वोत्तम संरचनामा *सेबेइ कते* सबै भन्दा' को प्रयोग हुन्छ।

(३८) तुलना गरिने नाम + *सेब्बेइ* 'सबै" +*भन्दा* 'भन्दा' + विशेषण + योजिका क्रिया

सर्वोत्तम संरचनाका केही उदाहरणहरू (३९-४०) दिइएको छ।

(३९) *होइ सेब्बाइ भन्दा माहाँल मानुस् आछ*

होइ सेब्बाइ भन्दा माहाँल मानुस् आछ
त्यो सबै भन्दा राम्रो मान्छे योजिका.अभू३एव
'ऊ सबैभन्दा राम्रो मान्छे छ।'

(४०) *सुक्रे सेब्बाइ भन्दा धनि आछ*

सुक्रे सेब्बाइ भन्दा धनि
सुक्रे सबै भन्दा धनी
आछ
योजिका.अभू३एव
'सुक्रे सबैभन्दा धनी छ।'

दुई ओटा तुलना गरिने नामपदहरूको तुलना गरिने गुण समान भएमा नामयोगी *जस्ने* 'जस्तो' को प्रयोग हुन्छ।

(४१) *मानुस् ठि भुत्*

मानुस् ठि भुत्
मान्छे जस्तै भूत
'मान्छेजस्तै भूत'

(४२) *बेटेक् ब्वा ठि आछ*

बेटेक् ब्वा ठि आछ
छोरो बुवा जस्तो योजिका.अभू३एव
'छोरो बाउ जस्तो छ।'

(४३) *बेटेक् ठि ब्वा बइनि*

बेटेक् ठि ब्वा बइनि
छोरो जस्तो बाउ अक.योजिका.अभू३एव
'छोरो बाउ जस्तो छैन।'

४.३.२ विशेषणको द्वित्व

माझी भाषामा वाक्य तहमा दुईभन्दा बढी विशेषणको प्रयोग हुने गर्दछ। यसरी दोहोरिएर आउँदा विशेषणहरू एक्लै आउँदा भिन्न अर्थ दिन्छन्। केही उदाहरणहरू तल दिइएको छ। दोहोरिएर आउने विशेषणले कहिलेकाहीँ बहुवचन नामसमेत इङ्गित गर्दछन् (४६)।

(४४) *माँहालाइ माँहालाइ बास्नि*

माँहालाइ माँहालाइ बास्नि
राम्री राम्री तरूनी 'राम्रा राम्रा तरुनी'

(४५) *लामो लामो बार्*
लामो लामो बार्
लामो लामो कपाल
'लामो लामो कपाल'

(४६) *होक्राइ बुर्रा बुर्रा साथेख्यान् आछ्याक्*
ह्यु-राइ बुर्रा बुर्रा साथे-ख्यान्
ऊ-सम्बन्ध बुढा बुढा साथी-३एव > ३बव
आछ्याक्
योजिका.अभू३बव
'उसका बुढा बुढा साथीहरू छन्।'

वाक्य तहमा विशेषणहरू वाक्यमा योजिका क्रियाका अगाडि पनि आउने गर्दछन्। यसरी आउँदासमेत यिनीहरूले द्वित्व भएर आउने क्रियाहरूले समेत उल्लिखित कार्य जनाउने गर्दछन्। केही उदाहरणहरू हेरौः

(४७) *ह्यु कपडा नयाँ नयाँ आछि*
ह्यु कपडा नयाँ नयाँ आछि
यो कपडा नयाँ नयाँ योजिका.अभू३एव
'यो कपडा नयाँनयाँ छ।'

(४८) *होइनिन् तातो तातो भात् खाइले*
होइ-निन् तातो तातो भात् खा-ले
ऊ-ऊर्जा तातो तातो भात खा-भू३एव
'उसले तातोतातो भात खायो।'

(४९) *काड्ड भन्दा काड्ड*
काड्ड भन्दा काड्ड
कालो भन्दा कालो
'कालोभन्दा कालो'

(५०) *माँहाल भन्दा माँहाल*
माँहाल भन्दा माँहाल
राम्रो भन्दा राम्रो
'राम्रोभन्दा राम्रो'

(५१) *तातो भन्दा तातो*
तातो भन्दा तातो
तातो भन्दा तातो
'तातोभन्दा तातो'

द्वित्व भएर आउने विशेषणले 'मात्र' भन्ने अर्थ समेत दिन्छन् (५२-५४)।

(५२) *होइनिन् सजिलो सजिलो काम् गर्ले*

होइ-निन् सजिलो सजिलो काम् गर्-ले
ऊ-ऊर्जा सजिलो सजिलो काम गर्-भू३एव
'उसले सजिलो सजिलो काम गऱ्यो।'

(५३) *होइनिन् जाल् बाटे बड्ख बड्ख माछ्य निकाल्ल्याक्*

होइ-निन् जाल् बाटे बड्ख बड्ख
ऊ-ऊर्जा जाल बाट ठुला ठुला
माछ्य निकाल्-ल्याक
माछ्या निकाल्-भू३एव > ३बव
'उसले जालबाट ठुलाठुला माछ्या निकाल्यो।'

(५४) *होइनिन् रुख्कर छोटो छोटो हङ्गा काट्ले*

होइ-निन् रुख्-कर छोटो छोटो
ऊ-ऊर्जा रूख-सम्बन्ध छोटो छोटो
हङ्गा काट्-ले
हाँगा काट्-भू३एव
'उसले रुखका छोटाछोटा हाँगा काट्यो।'

माथिका उदाहरणमा दोहोरिएर आएका विशेषणले छनोटको अर्थ दिन्छ। उदाहरण (५२) मा 'सजिलो काम मात्र गर्छ' भन्ने अर्थ लाग्छ। उदाहरण (५३-५४) ले पनि यस्तै अर्थ दिन्छन्।

४.४ वाक्यात्मक कार्य

माझी भाषाका विशेषणहरू नामसँग आएर नामपद निर्माणमा सहभागी हुन्छन्। यसरी विशेषणहरू नामपदमा शीर्ष नामका बायाँतिर आउने गर्दछन् (५५) भने वाक्य तहमा योजिका क्रियाको अगाडि आउने गर्दछन् (५६)।

(५५) *मुइँ होख्र बड्ख घर् देख्रिन्*

मुइँ होइ-र होख्र बड्ख
म-ऊर्जा ऊ-सम्बन्ध ठुलो ठुलो
घर् देख्-निन्
घर देख्-भू१एव > ३एव
'मैले उसका ठुला ठुला घर देखेँ।'

(५६) *होख घर् बड्ख रल्ति*

ऊ-र घर् बड्ख रल्ति

ऊ-सम्बन्ध घर ठुलो योजिका.भू३सम्बन्ध

'उसको घर ठुलो थियो।'

४.५ सङ्ख्याको द्वित्व

माझी भाषाका सङ्ख्याहरू पनि द्वित्व संरचनामा आउँछन्। तलको उदाहरणमा दोहोरिएर आएका सङ्ख्याहरूले 'वितरण' जनाउँछन्।

(५७) *मुइँ बास्निखाइ एउटो एउटो रोटि दिलाइ*

मुइँ बास्नि-लाइ एक्-टो एक्-टो

म केटी-सम्प्र एक-कोटि एक-कोटि

रोटि दि-लाइ

रोटी दि-भू१एव > ३बव

'मैले छोरीहरूलाई एउटा एउटा रोटी दिएँ।'

(५८) *दुइटो दुइटो आम् खाउँ*

दुइ-टो दुइ-टो आम् खा-उँ

दुई-कोटि दुई-कोटि आँप खा-प्रस्ताव

'दुई दुई ओटा आँप खाऔं।'

सङ्ख्याहरू क्रमैसँग आउँदा तिनीहरूले 'लगभग' भन्ने अर्थ दिन्छन्।

(५९) *होइ दुइ तिन् दिन्-नाइ आइले*

होइ दुइ तिन् दिन्-नाइ आ-ले

ऊ दुई तीन दिन-अधि आ-भू३एव

'ऊ दुई तीन दिनमा आयो।'

४.६ सारांश

शब्द तहमा माझी भाषामा केही अलग्गै विशेषणहरू छन् भने अधिकांश विशेषण नेपाली भाषासँग मिल्ने देखिन्छन्। तर, व्याकरणमा भने माझी भाषाका विशेषणका मौलिक विशेषताहरू छन्। माझी भाषामा वचन र लिङ्गअनुसार विशेषणहरू रूपायित हुँदैनन्। यस भाषामा मूलत: दुईअक्षरी र बहुअक्षरी विशेषणहरू छन्। आर्थी आधारमा माझी भाषामा विभिन्न वर्गका विशेषणहरू पाइन्छन्। माझी भाषामा तुलनात्मक संरचनामा *कते* 'भन्दा' र सर्वोत्तम स्थिति जनाउन *सेबेइ कते* 'सबैभन्दा' जस्ता शब्दहरूको प्रयोग गरिन्छ।

अध्याय-५:
क्रिया र क्रिया रूपावली

५.० परिचय

यस अध्यायमा क्रिया र क्रियाका रूपावलीको चर्चा गरिएको छ। यस अध्यायलाई पाँच भागमा विभाजन गरिएको छ। उपशीर्षक (६.१) मा क्रियाका धातुको व्युत्पादन प्रक्रियाको चर्चा गरिएको छ। त्यसै गरी उपशीर्षक (६.२) मा यस भाषाका क्रियाका धातुहरूको वर्गीकरण गरिएको छ। त्यसै गरी उपशीर्षक (६.३) मा क्रियाका कालको चर्चा गरिएको छ भने उपशीर्षक (६.४) मा क्रियाका पक्षको विश्लेषण गरिएको छ। यसै गरी उपशीर्षक (६.५) मा क्रियाका भावको परिचय दिइएको छ। माझी भाषामा पाइने क्रिया सङ्गतिको चर्चा (६.६) मा गरिएको छ। त्यसै गरी (६.७) मा संयुक्त क्रिया, (६.७) मा सहायक क्रिया र (६.८) मा क्रियाका असमापिका रूपहरूको विश्लेषण (६.९) मा गरिएको छ र अन्त्यमा (६.१०) मा यस अध्यायको सारांश दिइएको छ।

५.१ धातु

यस उपशीर्षकअन्तर्गत माझी भाषाका क्रियाहरूका धातुको व्युत्पादन र तिनीहरूका प्रकारको चर्चा गरिएको छ।

५.१.१ धातु व्युत्पादन

यस उपशीर्षक अन्तर्गत माझी भाषाका क्रियाहरूका धातुको व्युत्पादनको चर्चा गरिएको छ। माझी भाषामा कृदन्त रूपमा *-आइ* हटाउँदा क्रियाका धातु बाँकी रहन्छन्, जस्तै *रोगाइ* 'रोगाउनु- *रोग्*' 'रोगा-' *खाए*' खानु'- *खा* 'खा-' आदि। माझी भाषामा आफ्नै धातुहरू छन्। यसका अतिरिक्त केही धातुहरूको व्युत्पादन हुने गर्दछ। माझी भाषामा अन्य शब्दवर्गबाट धातु व्युत्पादन गर्न सकिन्छ। जस्तै उदाहरण (१-२) मा नामबाट क्रिया व्युत्पादन भएका केही क्रियाहरू दिइएको छ।

(१)
रोग्	'रोग' (ना.) >	*रोगाइ*	'रोगाउनु'
निद्	'निद्रा' (ना.) >	*निदाइ*	'निदाउनु'
भोक्	'भोक' (ना.) >	*भोकाइ*	'भोकाउनु'
डर्	'डर' (ना.) >	*डराइ*	'डराउनु'

(२) *मोटो* 'मोटो' (वि.) > *मोटाइ* 'मोटाउनु'
भित्र 'भित्र' (वि.) > *भित्राइ* 'भित्राउनु'
बाहिर 'बाहिर'(क्रिवि.) > *बाहिर्याइ* 'बाहिर्याउनु'
(३) *उम्ल* 'उम्लनु' (क्रि.) > *उम्लाइ* 'उम्लनु'
काँदेइ 'रुनु' (क्रि.) > *काँदाइ* 'रुवाउनु'

५.१.२ व्यञ्जनान्त र स्वरान्त धातु

यस उपशीर्षकअन्तर्गत माझी भाषाका क्रियाहरूमा पाइने धातुको विविधता सम्बन्धी चर्चा गरिएको छ। यस भाषामा प्रयोग हुने क्रियाका धातुहरू यसको अन्तकका आधारमा विभिन्न रूपमा प्रयोग भएका देखिन्छन्। स्वरान्त धातुहरू व्यञ्जनान्त धातुहरूभन्दा रूपध्वनि प्रक्रियामा (morphophonological process) बढी जटिल देखिएको पाइन्छ। त्यसै गरी क्रियाका धातुहरूलाई अन्तकका आधारमा स्वरान्त र व्यञ्जनान्त गरी दुई समूहमा विभाजन गर्नु उपयुक्त देखिन्छ। तलका उदाहरणमा स्वरान्त र व्यञ्जनान्त धातुका रूपहरू दिइएको छ :

(४) *बेग्-छुँ* 'दौड.अभू१एव'
बेग्-छे 'दौड.अभू१बव'
बेग्-छस् 'दौड.अभू२एव'
बेग्-छ: 'दौड.अभू२बव'
बेग्-छइ 'दौड.अभू३एव'
बेग्-छत् 'दौड.अभू३बव'
(५) *पि-छुँ* 'पिउ.अभू१एव'
पि-छे 'पिउ.अभू१बव'
पि-छस् 'पिउ.अभू२एव'
पि-छ: 'पिउ.अभू२बव'
पि-छइ 'पिउ.अभू३एव'
पि-छत् 'पिउ.अभू३बव'

माथिका उदाहरणमा अभूत कालिक चिन्हक सर्ग -छ् जोडिँदा क्रियामा कुनै परिवर्तन आएको छैन र क्रियाको धातु र सर्गबिचमा कुनै ध्वनि जोडिन पनि आएको छैन। व्यञ्जनान्त धातुहरू र -इ मा अन्त्य हुने धातुहरूमा यही प्रक्रियाले काम गर्दछ। यी दुई प्रकारका धातु (अक्षर संरचना व्य.स्व) मा यही नियम लागु हुन्छ।

अक्षर संरचना (व्य.स्व) भएका धातुहरूमा यदि /उ/,/आ/, /अ/ भएमा त्यस्ता धातुहरूमा अभूत कालिक चिह्नक सर्ग -*छ* जोडिँदा धातु र सर्गका बिचमा -*इ* स्वर जोडिने गर्दछ। यिनीहरूलाई अर्को समूहमा राख्न सकिन्छ। अक्षर संरचना (व्य.स्व.व्य.व्य.) भएका धातुहरूलाई समेत यही समूहमा समावेश गर्न सकिन्छ। *धुइ* 'धुनु' र *निस्केइ* 'निस्कनु' को अभूत कालमा रूपायित रूपहरूलाई उदाहरण (६-७) मा दिइएको छ।

(६क)	*धु-इछुँ*	'धु.अभू१एव'
	धु-इछे	'धु.अभू१बव'
	धु-इछस्	'धु.अभू२एव'
	धु-इछ:	'धु.अभू२बव'
	धु-इछइ	'धु.अभू३एव'
	धु-इछत्	'धु.अभू३बव'
(६ख)	*निस्क्-इछुँ*	'निस्क्.अभू१एव'
	निस्क्-इछे	'निस्क्.अभू१बव'
	निस्क्-इछस्	'निस्क्.अभू२एव'
	निस्क्-इछ:	'निस्क्.अभू२बव'
	निस्क्-इछइ	'निस्क्.अभू३एव'
	निस्क्-इछत्	'निस्क्.अभू३बव'

माझी भाषामा आउने क्रियाहरू यी २ समूहमध्ये कुनै एउटामा पर्ने गर्दछन्।

५.२ काल

प्रस्तुत अध्ययनमा गिभं (२००१), डाल (१९८५), कम्री (१९७५, १९७६) र चुङ् र टिम्बर्लेक (१९८५) का आधारमा माझी भाषाका काल, पक्ष, भाव र भावकत्वको विश्लेषण गरिएको छ। चुङ् र टिम्बर्लेक् (१९८५: २०२) का अनुसार "कालले घटनालाई समयमा स्थान निर्धारण गर्दछ पक्षले घटनाको आन्तरिक कालिक संरचना देखाउँछ र भावले घटनाको सम्भावना, आवश्यकता र चाहनाका आधारमा यिनीहरूको वास्तविकता देखाउँछ।"

क्रियापदबाट व्यक्त हुने समय, वक्ताले भनेको बेला (अहिले) भन्दा अगाडिको हो कि होइन भन्ने मात्र छुट्याउने समय नै काल हो। कैयौं भारतीय-आर्य भाषाहरूमा दुई ओटा मात्र काल पाइने कुरा मासिका (१९९१) ले औँल्याएका छन्। मासिका (१९९१:२५८) मा भारतीय-आर्य भाषाहरूमा क्रिया र यसको रूपायनलाई निम्नलिखित सूत्रमा प्रस्तुत गरिएको छ (७)।

(७) क्रिया धातु + पक्ष चिन्हक (रूपायन) + काल/भाव चिन्हक)रूपायन)

उदाहरण (७) मा प्रस्तुत गरिए जस्तै क्रियाका धातुसँगै पक्ष चिह्नन गर्ने सर्गहरू आउँछन्। यस्ता पक्ष चिह्नन रूपायनमा क्रियापछाडि काल चिन्हक सर्गहरू आउँछन्। काल चिन्हक सर्गहरूको सट्टा भाव चिन्हक सर्गहरू पनि आउन सक्छन्। मासिकाको यो सूत्र माझी भाषामा समेत लागु हुन्छ । काल जनाउने प्रत्ययहरू मूलत: धातुसँग सिधै जोडिन्छन्। वचन, लिङ्ग, आदरार्थी व्यक्त गर्ने परसर्गहरू काल चिन्हकका परवर्ती प्रत्ययका रूपमा आउँछन्। माझी भाषाका योजिकाहरू (copulas) छन्: *हो* 'हो', *बाटि* 'छ'। यी दुबैको भूतकालको रूप *रिहि* 'थियो' हो। यस उदाहरणले माझी भाषामा दुई ओटा मात्र काल भएको कुरालाई थप पुष्टि गर्दछ।

५.२.१ भूत काल

माझी भाषामा भूत काल जनाउने प्रत्यय *ल-* वा *ल-* हो। काल इङ्गित गर्ने सर्ग क्रियासँग सिधै जोडिन आउँछन्। भूत कालले विगतमा भएका घटनाहरूलाई देखाउँछ। काल इङ्गित गर्नका लागि भूत काल जनाउन क्रियाविशेषणसँग प्रयोग हुने गर्दछ (९)।

(८) *कानि होइ मन्थलि जाइले*

कानि होइ मन्थलि जा-ले

भोलि ऊ मन्थली जा-भू.३एव

'भोलि ऊ मन्थली गयो।'

(९) *मुइँ कानि गाछ्र ढल्काइनिन्*

मुइँ कानि गाछ्र ढल्का-निन्

म हिजो रूख लडा-भू१एव.३एव

'मैले हिजो रूख लडाएँ।'

उदाहरण (८-९) मा कुनै क्रियाविशेषणको प्रयोग भएको छ। विगतमा भएका घटना इङ्गित गर्नका लागि उदाहरण (१०-११) मा क्रियाविशेषणको प्रयोग नभइकन पनि भूत कालमा भएका घटनाहरू बताइन्छन्।

(१०) *होइनिन् बोएक्कर पास्निका मिलाइ बइओलाइले*

होइ-निन् बोए-क्-कर पास्नि-का

ऊ-ऊर्जा छोरो-३एव-सम्बन्ध पास्नि-अधि

मुइँ-लाइ बइ-बोला-ले

म-सम्प्र अक-बोला-भू३एव

'उसले मलाई उसको छोराको पास्नीमा बोलाएन।'

कथाहरूमा भूत काल जनाउनका लागि वाक्यको अन्तिममा भूत काल जनाउने योजिकाको पनि प्रयोग हुने गर्दछ (११-१२)।

(११) *उइले उइले मन्थलिका माझी राजा रइनि*

उइले	उइले	मन्थलि-का	माझी	राजा
उहिले	उहिले	मन्थली-अधि	माझी	राजा
रइनि				
योजिका.भू३एव				

'उहिले उहिले मन्थलीमा माझी राजा थिए।'

(१२) *तखइँ उछि सापा रइले*

तखइँ	उछि	सापा	रइले
अगाडि	त्यहाँ	सर्प	योजिका.भू३एव

'अगाडि त्यहाँ सर्प थियो।'

५.२.२ अभूत काल

माझी भाषामा अभूत काल चिह्न -*छ* हो। क्रियामा सङ्गति चिन्हकहरू (agreement markers) आउँदा अभूत काल चिह्न -*छ* पछि विभिन्न सर्गहरू जोडिन आउँछन्। त्यसै गरी यस भाषामा वर्तमान र भविष्यत् कालका बिचमा कुनै भेद नदेखिने भएकाले यहाँ यी दुई कालको भेद छुट्याउनु सान्दर्भिक ठहर्दैन। माझी भाषामा रूपतात्त्विक आधारमा वर्तमान र भविष्यत् कालमा कुनै भेद देखिँदैन। यस कारण अभूत काल चिन्ह -*छ* ले वर्तमान र भविष्यत् दुबै समयलाई जनाउँछ। समय इङ्गित गर्ने क्रियाविशेषणका मद्दतले पनि वर्तमान र भविष्यत् कालमा भेद देखाउने गरिन्छ। केही उदाहरणहरू (३५-३६) हेरौः

(१३) *भट्लिका दिन्न दिन् डुब्छइ*

भट्ल-का	दिन्-न	दिन्	डुब्-छइ
भटौली-अधि	दिन्-विम	दिन	सुब्-अभू३एव

'भटौलीमा घाम दिउँसै डुब्छ।'

(१४) *साउन्का धेरे पानि पर्छइ*

साउन्-का	धेरे	पानि	पर्-छइ
साउन-अधि	धेरै	पानी	पर्-अभू३एव

'साउनमा धेरै पानी पर्छ।'

अभूत कालले दैनिक रूपमा हुने क्रियाकलाप तथा ध्रुव सत्यलाई समेत जनाउँछ (१३-१४)। यसले अभूत कालको बानीलाई समेत इङ्गित गर्ने गर्दछ।

(१५) *माझील्किन् लदिपुजा गर्छत्*

माझी-ल्-किन् लदिपुजा गर्-छत्
माझी-बव-ऊर्जा नदीपूजा गर्-अभू३बव
'माझीहरूले नदीपूजा गर्छन्।'

(१६) *माघ्का जाडो हक्छइ*

माघ-का जाडो हक्-छइ
माघ-अधि जाडो हु-अभू३एव
'माघमा जाडो हुन्छ।'

माझी भाषामा हुने अभूत कालमा हुने क्रियाको रूपायन (१७) मा दिइएको छ। अभूत कालले दैनिक रूपमा हुने क्रियाकलाप तथा ध्रुवसत्यलाई समेत जनाउँछ (१३-१४) र यसले अभूत कालको बानीलाई समेत इङ्गित गर्दछ।

(१७) *तुइ कालु भट्लि जाइछस्*

तुइ कालु भट्लि जा-छस्
तँ भोलि भटौली जा-अभू२एव
'तँ भोलि भटौली जान्छस्।'

उदाहरण (१३-१४, १७) मा देखाइए जस्तै माझी भाषामा वर्तमान काल र भविष्यत् कालमा केही भिन्नता छैन। त्यसकारण उदाहरण (१७) मा दिइएको वाक्यमा भविष्यत् काल जनाउने क्रियाविशेषण *कालु* 'भोलि' को प्रयोग भए पनि क्रियाको रूप चाहिँ वर्तमान कालको जस्तै रहेको छ।

५.३ पक्ष

चुङ र टिम्बरलेकका (१९८५: २०२) का अनुसार क्रियाको पक्षले, "आन्तरिक कालिक संरचना देखाउँछ।" कुनै खास कालभित्र कुनै काम पूरा भइसकेको छ कि छैन; पूरा भएको भए भर्खरै भएको हो कि धेरै अगाडि पूरा भएको हो भन्नेजस्ता कुराहरूलाई क्रियाका पक्षका रूपमा विश्लेषण गरिन्छ। गिभँ (Givón) ले क्रियाका पक्षलाई शाब्दिक (lexical) र रूपतात्त्विक गरी पक्षलाई दुई वर्गमा विभाजन गरेका छन्। यस उपशीर्षकमा भने क्रियाका रूपतात्त्विक विशेषताहरूका आधारमा मात्र यी पक्षहरूको चर्चा गरिएको छ।

५.३.१ अभ्यस्त पक्ष

कुनै नियम वा बानीलाई जनाउन माझी भाषामा *-ते* प्रत्यय क्रियामा जोडिन्छ। यसका साथै काल बोधक सर्ग पनि जोडिन्छ।

(१८) *छोडारिन् खेत् माँहाल जोत्तेल*

छोडारि-न् खेत् माँहाल जोत्-तेल
छोरो-ऊर्जा खेत राम्ररी जोत्-अभू३एव
'छोराले खेत राम्ररी जोत्छ।'

(१९) *होइनिन् अर्दउबर्देउलाइ सधैँ पुजा गर्तेल*

होइ-निन् अर्दउबर्देउ-लाइ सधैँ पुजा
ऊ-ऊर्जा खेत अर्दउबर्देउ-सम्प्र सधैँ पुजा
गर्-तेल
गर्-अभ्यस्त.भू३एव
'उसले अर्देउबर्देलाई पूजा गर्ने गर्थ्यो।'

माझी भाषामा भूत काल चिन्हक *-ल* पनि यसैसँग आउने गर्दछ। क्रियासँगको सङ्गति *तेल्* मा जोडिने गर्दछ। उदाहरण (२०-२२) मा स्त्रीलिङ्ग सँग सङ्गति हुने गरी *-इ* को प्रयोग भएको छ। अभ्यस्त पक्षको भूत कालमा क्रिया सङ्गति अनुसूची क (३) मा दिइएको छ।

(२०) *होइनिन् गिदाइनार् गर्तेलि*

होइ-निन् गिदा-नार् गर्-तेलि
ऊ-ऊर्जा खेत गाउ-दूद गर्-अभ्यस्त.भू३एव.स्त्री
'उसले गीत गाउने गर्थी।'

(२१) *होइनिन् मासु खइनार् गर्तेल*

होइ-निन् मासु खइ-नार् गर्-तेल
ऊ-ऊर्जा मासु खा-दूद गर्-अभ्यस्त.भू३एव
'उसले मासु खाने गर्थ्यो।'

(२२) *होइनिन् सधैँ पुजा गर्तेल*

होइ-निन् सधैँ पुजा गर्-तेल
ऊ-ऊर्जा सधैँ पूजा गर्-अभ्यस्त.भू३एव
'उसले अर्देउबर्देउलाई सधैँ पूजा गर्थ्यो।'

अभूत कालमा अभ्यस्त पक्षको सट्टामा अभूत कालमा जस्तो संरचनाको प्रयोग हुन्छ। उदाहरण (२५-२६) मा आवृत्ति जनाउने क्रियाविशेषणको प्रयोग समेत भएको छ (२३-२६)।

(२३) *बुर्राल्किन् लदिपुजा गर्छत्*

बुर्रा-ल्-किन् लदिपुजा गर्-छत्
बुढा-बव-ऊर्जा नदि पूजा गर्-अभू३बव
'बुढाहरूले नदी पूजा गर्छन्।'

(२४) *बल्छि थाप्छत्*

बल्छि थाप्-छत्
बल्छी थाप्-अभू३बव
'बल्छी थाप्छन्।'

(२५) *होइ जखँइ पुनि राति आइछइ*

होइ जखँइ पुनि राति आ-छइ
ऊ जहिले पनि राति आ-अभू३एव
'ऊ जहिले पनि राति आउँछ।'

(२६) *मुइँ सधँइ रक्सि पिछुँ*

मुइँ सधँइ रक्सि पि-छुँ
म सधैँ रक्सी पि-अभू१एव
'मैले सधैँ रक्सी पिउँछु।'

माझी भाषामा अभूत कालमा अभ्यस्त पक्ष जनाउनका लागि क्रियाको दूरदर्शी रूप जनाउने प्रत्यय *-नार्* जोडिने गर्दछ।

(२७) *मुइँ मुन् खाइनार् गर्छुँ*

मुइँ मुन् खा-नार् गर्-छुँ
म जाँड खा-दूद गर्-अभू१एव
'मैले जाँड खाने गर्छु।'

(२८) *माझील ह्य सराप् दिनार गर्छत्*

माझी-ल ह्य सराप् दि-नार गर्-छत्
माझी-बव यो श्राप दि-दूद गर्-अभू३बव
'माझीहरूले यो श्राप दिने गर्छन्।'

उदाहरण (२७-२७) मा दिएको जस्तो परिधीय संरचनाले समेत अभ्यस्त बानी जनाउने गर्दछ।

५.३.२ सातत्य बोधक पक्ष

सातत्य बोधक पक्ष (progressive aspect) जनाउन क्रियामा *-तिन्* प्रत्यय जोडिन आउँछ। यो प्रत्ययले काल व्यक्त नगर्ने हुनाले काल बोधक सहायक

क्रिया *आछ* 'सहायक क्रिया.अभू' र *रइ* 'सहायक क्रिया.भू' पनि वाक्यमा आएर सातत्यबोधक पक्ष भूत काल अथवा अभूत कालमा घटेको हो भन्ने कुरा व्यक्त हुन्छ। यसरी यस पक्षमा सहायक क्रियाको प्रयोगबाट यो पक्षको सातत्यबोधक भूत (progressive past) र सातत्यबोधक अभूत (progressive non-past) गरी दुई प्रकारका भेद देखिन्छन्। उदाहरण (२९-३०) मा प्रयोग भएका वाक्यले भूत कालको सातत्यबोधक संरचना देखाएको छ।

(२९) *मुइँ मासु पकाइतिन् रहिनाइँ*
मुइँ मासु पका-तिन् रहिनाइँ
म मासु पका-सातत्य योजिका.अभू१एव
'मैले मासु पकाउने गर्थें।'

(३०) *छुनेनिन् नाच्तिन् रइलि*
छुनेनि-न् नाच्-तिन् रइलि
केटी-ऊर्जा नाच्-सातत्य योजिका.भू३एव
'केटी नाच्दै थिई।'

उदाहरण (२९-३०) मा प्रयोग भएका वाक्यले अभूत कालको सातत्य बोधक संरचना देखाएको छ। यी वाक्यहरूमा काल जनाउने योजिका क्रिया *आछ* को प्रयोग भएको छ।

(३१) *मुइँ गाइ चाराइतिन् आछुँ*
मुइँ गाइ चारा-तिन् आछुँ
म गाई चरा-सातत्य योजिका.अभू१एव
'मैले गाई चराउँदै थिएँ।'

(३२) *बाहिर पानि पर्तिन आछि*
बाहिर पानि पर्-तिन् आछि
बाहिर पानी पर्-सातत्य योजिका.अभू३एव
'बाहिर पानी पर्दै छ।'

सातत्य बोधक संरचना देखाउनका लागि परिधीय संरचनाको प्रयोग समेत हुने गर्दछ। यस्तो संरचनामा सातत्य बोधक क्रिया *रह* को प्रयोग हुन्छ। यस संरचनामा मूल क्रियाका पछाडि *रह* आउने गर्दछ र त्यसपछि योजिका क्रियाको प्रयोग हुने गर्दछ।

(३३) *मुइँ गाइ चाराइ रइ आछुँ*
मुइँ गाइ चारा-इ रइ आछुँ
म गाई चरा-पूकाकृ रह योजिका.अभू१एव
'मैले गाई चराउँदै छु।'

(३४) *मुइँ मुन् खाइ रइ आछुँ*

मुइँ मुन् खा-इ रइ आछुँ
म जाँड खा-पूकाकृ रह योजिका.अभू१एव
'मैले जाँड खाँदै छु।'

परिधीय संरचनालाई सातत्य बोधक संरचना देखाउँदा भूत कालमा *रइ* को साथै भूत काल जनाउनका लागि *रइ* को प्रयोग हुने गर्दछ।

(३५) *हाइँ मुन् खाइ रइ रइले*

हाइँ मुन् खा-इ रइ रइले
हामी जाँड खा-पूकाकृ रह योजिका.भू१एव
'हामीले जाँड खाँदै छौँ।'

सातत्यबोधक स्थिति देखाउनका लागि सातत्य बोधक चिन्हक *-तिन्* सँग *गर्-* को प्रयोगबाट पनि यो देखिन्छ।

(३६) *गब्रु बासिन्सिन् गफ् गर्तिन् गर्छइ*

गब्रु बासिन्-सिन् गफ् गर्-तिन् गर्-छइ
तन्नेरी तरुनी-सँग कुरा गर-रह गर्-अभू३एव
'तन्नेरीले तरुनीसँग गफ गर्दै छ।'

५.३.३ पूर्ण पक्ष

पूर्ण पक्ष (perfect aspect) जनाउने प्रत्यय *-ल* हो। माझी भाषामा यही रूप भूत कालमा समेत प्रयोग हुने गर्दछ। पूर्ण पक्ष जनाउन क्रियामा *-ल* प्रत्यय जोडिन्छ र त्यसपछि काल बोधक सहायक क्रिया *आछ* क्रियाका दायाँतिर आउँछ। यस भाषामा *आछ* ले अभूत पूर्ण पक्ष र *रइ* ले पूर्ण पक्ष जनाउँछ। स्त्रीलिङ्गसँगको सङ्गतिमा चाहिँ पूर्ण पक्ष इङ्गित गर्नका लागि *-लि* सर्गको प्रयोग हुने गर्दछ। पूर्ण पक्ष इङ्गित गर्ने क्रियापछि काल जनाउनका लागि यी क्रियाहरू प्रयोग हुन्छन् र यी क्रियाहरूले कालका भेदहरूलाई देखाउँछन्। अभूत कालमा पूर्ण पक्षका उदाहरण (३७-३८) मा दिइएको छ भने भूत कालको पूर्ण पक्षको उदाहरण (३९-४०) मा दिइएको छ।

(३७) *छुनेनिन् नुहाइग्लि आछि*

छुनेनि-न् नुहाइग्-लि आछि
छोरी-ऊर्जा नुहा-पूप.स्त्री योजिका.अभू३एव
'छोरीले नुहाएकी छ।'

(३८) *माछाल किनार्का निस्किल आछत्*
माछा-ल किनार्-का निस्कि-ल
माछा-बव किनार-अधि निस्क्-पूप
आछत्
योजिका.अभू३एव
'माछो किनारमा निस्केको छ।'

(३९) *होइनिन् काम् गर्ल रइल*
होइ-निन् काम् गर्-ल रइल
ऊ-ऊर्जा काम गर्-पूप योजिका.भू३एव
'उसले काम गरेको छ।'

(४०) *मोर गोड् सुन्निल रइल*
मुइँ-र गोड् सुन्नि-ल रइल
म-ऊर्जा खुट्टा सुन्नि-पूप योजिका.भू३एव
'मेरो खुट्टा सुन्निएको छ।'

माझी भाषामा वक्ताले आफ्नो बोलि चालीमा सहायक क्रिया *आछ* त्यसभन्दा अगाडि आउने क्रियासँग समीभूत हुने गर्दछ। उदाहरण (४१) मा *खाइलाछ* [खाइल + आछ] जस्ता दुई अलगअलग शब्दबाट निर्मित छ। योजिका क्रिया *आछ* अघिल्लो क्रियासँग समीभूत भएको छ।

(४१) *सुक्रेन् भात् खाइलाछ*
सुक्रे-न् भात् खाइ-ल-आछ
सुक्रे-ऊर्जा भात खा-पूप-योजिका.अभू३एव
'सुक्रेले भात खाएको छ।'

५.४ भाव

माझी भाषाका भावलाई प्रत्यय अथवा संयुक्त क्रियाबाट व्यक्त गरिन्छ। भारोपेली भाषाहरूमा क्रियासँग काल वा भाव कुनै एउटा मात्र आउने र यिनीहरूबिच एकअर्कामा प्रतिस्थापन (mutual substitute) हुने कुरा मासिकाले उल्लेख गरेका छन् (१९९१:२७९)।

५.४.१ विध्यर्थ (imperative)

माझी भाषामा इच्छा, आज्ञा, अनुनय जस्ता मनोभाव दर्साउने क्रियात्मक रूपतात्त्विक संरचनाहरू छन्। त्यसैले यस भाषामा विध्यर्थ भावलाई

व्यक्त गर्ने केही तरिकाहरू पाइन्छन्। माझी भाषामा एकवचन र बहुवचनलाई व्यक्त गर्ने तरिका भिन्न हुन्छन्। यस भाषामा एकवचनमा क्रियाको धातु मात्र आएर विध्यर्थ भाव व्यक्त गर्न सकिन्छ (४२)।

(४२) *घर जा*
घर जा
घर जा.विध्यर्थ
'घर जा।'

त्यसै गरी विध्यर्थ भावलाई बहुवचन सर्वनामसँग व्यक्त गर्दा क्रियाका धातु स्वरमा अन्त्य भएमा यस्ता स्वरहरूमा दीर्घता थपिने गर्दछ। तलका उदाहरण (४३-४४) मा विध्यर्थ भाव बहुवचनसँग सङ्गति हुँदा दीर्घता थपिएको छ।

(४३) *बस:*
बस:
बस्.विध्यर्थ.आदर 'बस्नुस्।'

(४४) *कालु घर जा:*
कालु घर जा:
भोलि घर जा.विध्यर्थ.आदर
'भोलि घर जानुस्।'

बहुवचन सर्वनाम हुँदा क्रियामा *-अबे* सर्ग थपिने गर्दछ।

(४५) *बसबे*
बस्-अबे
बस्-विध्यर्थ.बव 'बस।'

उच्च आदरार्थी कर्तासँग क्रियामा *-अउबे* सर्ग जोडिने गर्दछ।

(४६) *बसउबे*
बस्-उबे
बस्-विध्यर्थ.बव.आद 'बस्नुस्।'

(४७) *डोकोलाइ छुअक्*
डोको-लाइ छु-अक्
बस्-सम्प्रछु-विध्यर्थ.बव
'डोकालाई छोऊ।'

५.४.२ निषेधात्मक (prohibitive)

माझी भाषामा निषेधात्मक उपसर्ग *जुन्-* हो। यसले अकरण विध्यर्थको काम गर्दछ। यसलाई उदाहरणहरू (४८-४९) मा प्रस्तुत गरिएको छ।

(४८) *घर जुन्जा*
घर जुन्-जा
घर निषेध-जा
'घर नजा।'

(४९) *जुन्खा*
जुन्-खा
निषेध-खा
'नखा।'

माझी भाषामा निषेधात्मक उपसर्ग *जुन्-* हो। यसले अकरण विध्यर्थको काम गर्दछ। यसलाई उदाहरणहरू (५०-५१) मा प्रस्तुत गरिएको छ।

(५०) *बसइने जुन्बस्*
बस-ने जुन्-बस्स्
बस-अव निषेध-बस्
'बस्दै नबस्।'

(५१) *हेरइने जुन्हेर्*
हेर-ने जुन्-हेर्
हेर-अव निषेध-हेर्
'हेर्दै नहेर।'

५.४.३ इच्छार्थ भाव (optative mood)

माझी भाषामा इच्छार्थ भाव जनाउन -उँ प्रत्ययको प्रयोग हुन्छ। यो प्रत्यय जोडिँदा वक्ताले कुनै काम गर्नका लागि आग्रह गरेको वा उक्साएको अर्थ हुन्छ। बाइबी र अन्य (१९९४) ले यस्तो भावकत्वलाई विध्यर्थकै एउटा रूप मानेका छन् (५२-५३)।

(५२) *मुइँ मोरुँ*
मुइँ मोर्-उँ
म मोर्-इच्छार्थ
'म मरूँ।'

(५३) *तुइँ बाँचेस्*

तुइँ बाँच्-एस्

तँ बाँच्-इच्छार्थ

'तँ बाँचेस्।'

बाँच् 'बाँच्' क्रियामा इच्छार्थ भावमा रूपायन हुने क्रियाका रूपहरू तल दिइएको छ :

तालिका५.१: *बाँच्* 'बाँच्' क्रियाको इच्छार्थ भावमा रूपायन

विध्यर्थ	**एव**	**बव**
१	बाँ-चुँ	बाँ-चौँ
२	बाँ-चेस्	बाँ-च:
२ आदरार्थी	बाँ-चे	-
३	बाँ-चइदि	बाँ-चइदि
३ आदरार्थी	बाँ-चइदि	बाँ-चइदिखन्

५.४.४ सङ्केतार्थ (conditional)

माझी भाषामा सङ्केतार्थ व्यक्त गर्न *-ला* आउँछ। यस भाषामा सङ्केतार्थ चिह्नित क्रियाका पछाडि सापेक्ष योजक (subordinator) *सिन्* 'यदि' को प्रयोग हुने गर्दछ। सङ्केत वाक्य मूलत: मूल वाक्यको बायाँतिर आउने गर्दछ। यसरी निर्माण हुने सङ्केतार्थ चिह्नित उपवाक्यको दायाँतिर आउने मूल वाक्य चाहिँ विध्यर्थक भावमा हुने गर्दछ (५६-५७) अथवा अभूत काल (५४-५५) मा जस्तै हुने गर्दछन्।

(५४) *होइ बस्लासिन् मुइँ उठछुँ*

होइ बस्-ला सिन् मुइँ उठ्-छुँ

ऊ बस्-सङ्केत यदि म च्-अभू१एव

'तँ बाँचेस्।'

(५५) *बुहारि आइला सिन् छोडारि पुनि आइछइ*

बुहारि आ-ला सिन् छोडारि पुनि

बुहारी आ-सङ्केत यदि छोरो पनि

आ-छइ

आ-अभू३एव

'बुहारी आए छोरो पनि आउँछ।'

(५६) *भोक् लाग्ला सिन् भात् खा*

भोक् लाग्-ला सिन् भात् खा

भोक लाग्-सङ्केत यदि भात खा.विध्यर्थ

'भोक लागे भात खा।'

(५७) *पानि पर्ला सिन् घर्का बस्*

पानि पर्-ला सिन् घर्-का बस्

पानी पर्-सङ्केत यदि घर्-अधि बस्

'पानी परे घरमा बस्।'

क्रियाहरू पूर्णत: काल्पनिक सर्तमा आधारित हुन्छन्। दिइएको सर्त पूरा नभएमा त्यसमा आधारित पूर्वानुमान पनि अनिश्चित हुन्छ। यस्तो अवस्थामा सर्त उपवाक्यमा भूत काल चिन्हक *-ला* र यस पछि *हक्ला सिन* 'भयो भने' दुबै सँगसँगै प्रयोग हुन्छ। यस्ता वाक्यका मूल वाक्यमा *-ना* सर्गबाट जोडिने क्रिया रूपायित हुन्छन्।

(५८) *होइ जाइला हक्ला सिन् मुइँ घर्का बस्नाइ*

होइ जा-ला हक्-ला सिन्

ऊ जा-सङ्केत हु-सङ्केत यदि

मुइँ घर्-का बस्-नाइ

म घर्-अधि बस्-अनुमानात्मक.१एव

'ऊ गएको भए म घरमा बस्थेँ।'

(५९) *मुइँ धान् रोप्ला हक्ला सिन् धेरै धान् फल्नाल*

मुइँ धान् रोप्-ला हक्-ला सिन्

म धान रोप्-सङ्केत हु-सङ्केत यदि

धेरै धान् फल्-नाल

धेरै धान फल्-अनुमानातमक.३एव

'मैले धान रोपेको भए धेरै धान फल्थ्यो।'

(६०) *भात् पाकाला हक्ला सिन् खाइछुँ*

भात् पाका-ला हक्-ला सिन्

भात पाका-सङ्केत हु-सङ्केत यदि

खा-छुँ

खा-अभू१एव

'भात पकाएको भए खान्थेँ।'

माझी भाषामा अनुमतिवाचक भाव जनाउनका लागि *-तिन* सर्गको प्रयोग हुने गर्दछ। यी वाक्यहरूमा *-तिन* सर्ग पछाडि *पुनि* 'पनि' को पनि प्रयोग हुने गर्दछ (६१-६२)।

(६१) *पानि पोर्तिन् पुनि मुइँ माछ्य मारइ जाइनाइ*

पानि पोर्-तिन् पुनि मुइँ माछ्य
पानी पर्-अनुमति पनि म माछा
मार-इ जा-नाइ
मार्-साकृ जा-अभू१एव
'पानी परे पनि म माछा मार्न गएँ।'

(६२) *होइलाइ देख्तिन् पुनि जुन् बाल्*

हो-लाइ देख्-तिन् पुनि
ऊ-सम्प्र देख्-अनुमति पनि
जुन्-बाल्
न-बोल.विध्यर्थ
'उसलाई देखे पनि नबोल्।'

माझी भाषामा सङ्केतार्थ उपवाक्यसँग मूल वाक्यमा हुने क्रियाको रूपायन अनुसूची (क३) मा दिइएको छ।

५.४.५ सम्भावना (possibility)

माझी भाषामा सम्भावना व्यक्त गर्नका लागि क्रियामा *-ब* सर्गको प्रयोग हुन्छ। यो सर्ग द्वितीय र तृतीय सर्वनामसँग जोडिँदा चाहिँ *-त* र *-ख* भएर आउँछन् (हेर्नू, अनुसूची क (२))।

(६३) *हाइँ जाइबो*

हाइँ जा-बो
हामी जा-सम्भा.१बहु
'हामी जाउँला।'

(६४) *तुइ जाइबइ*

तुइ जा-इबइ
तँ जा-सम्भा.२एव
'तँ जालास्।'

सम्भावना देखाउनका लागि माझी भाषामा शब्द *हक्ति* 'होला' को प्रयोग गरेर पनि सम्भावना व्यक्त गरिन्छ।

(६५) *मुइँ जाइछुँ हक्ति*

मुइँ जा-छुँ हक्ति

म जा-अभू१एव होला

'म जान्छु होला।'

(६६) *इछि किनारेइ बास्ल हक्ति*

इछि किनारेइ बास्-ल हक्ति

यहाँ किन बस्-पूप होला

'(तिनीहरू) यहाँ किन बसेका होलान् ?'

५.४.६ प्रस्तावर्थक भाव (hortative mood)

माझी भाषामा प्रस्तावर्थक भाव जनाउन -उँ प्रत्ययको प्रयोग हुन्छ। यो प्रत्यय जोडिँदा वक्ताले कुनै काम गर्नका लागि आग्रह गरेको वा उक्साएको भन्ने हुन्छ (६७-६८)।

(६७) *अब खेत्का जाउँ*

अब खेत्-का जा-उँ

अब खेत्-अधि जा-प्रस्ता

'अब खेतमा जाऊँ।'

(६८) *साब्बाल्किन् लदिपुजा गरुँ*

साब्बा-ल्-किन् लदिपुजा गर्-उँ

सबै-बव-ऊर्जा नदी पूजा गर्-प्रस्ता

'सबैले नदी पूजा गरौँ।'

५.४.७ आज्ञार्थक (injunctive)

माझी भाषामा समान्य कृदन्त क्रियाको रूप प्रयोग गरेर आज्ञार्थक भाव (injunctive mood) व्यक्त गरिन्छ। यो भाव मूलतः वक्ताले अनुमति माग्ने सन्दर्भमा प्रयोग हुने हुनाले यसलाई आज्ञार्थक भनिएको छ (६९-७०)।

(६९) *अनि मुइँ सोधुँ*

अनि मुइँ सोध्-उँ

अनि म सोध्-आज्ञा

'मैले सोधूँ ?'

(७०) *मुइँ बसुँ*
मुइँ बस्-उँ
म बस्-आज्ञा
'म बसूँ ?'

५.५ भावकत्व (modality)

माझी भाषामा क्रिया-क्रिया सँगै आउने संयुक्त क्रियामा दोस्रो स्थानमा आउने क्रियाले पनि भावकत्व जनाउँछन् (हेर्नू, ५.६, ५.७)। भावकत्वका केही पक्षको यहाँ चर्चा गरिएको छ।

५.५.१ अनुमान (inference)

माझी भाषामा अज्ञात भावकत्व व्यक्त गर्नका लागि *-सइ* प्रत्ययको प्रयोग गर्ने गरिन्छ। यसले वक्तालाई घटनाका बारेमा प्रत्यक्ष जानकारी नभएको भन्ने अर्थ दिने गर्दछ।

(७१) *बास्नि भाग्लसइ*
बास्नि भाग्-ल-सइ
केटी भाग्-भू-अनु
'केटी भागिछ।'

(७२) *मुइँ भात् खाइनाइँसइ*
मुइँ भात् खा-नाइँ-सइ
म भात खा-भू१एव-अनु
'मैले भात खाएछु।'

अज्ञात भावकत्व चिह्नन गर्ने प्रत्यय *-सइ* भूत काल चिह्नन गर्ने सर्ग *-ल* मा जोडिँदा सर्ग *-ल -नि* मा बदलिन्छ। सङ्कलित पाठहरूमा यो सर्ग द्वितीय पुरुष सर्वनामसँग प्रयोग भएको पाइएको छैन। तालिका (५.२) मा *बस्* 'बस्' क्रियाको अज्ञात भावकत्वसँगको रूपायन दिइएको छ। माझी भाषामा सकर्मक र द्विकर्मक वाक्यहरूमा कर्ता र कर्म दुबैसँग सङ्गति हुने हुनाले त्यो सर्गपछि मात्र अनुमान इङ्गित गर्ने सर्ग आउने गर्दछ।

(७३) *थाहा पाइले पछि होइलाइ पक्डाउ गर्निसइ*

थाहा	पा-ले	पछि	होइ-लाइ	पक्डाउ
थाहा	पा-पूप	पछि	ऊ-सम्प्र	पक्राउ

गर्-नि-सइ
गर्-भू३एव.३एव-अज्ञात
'थाहा पाएपछि उसलाई पक्राउ गरेछन्।'

तालिका (५.२) मा *बस्*-'बस्' धातुको अनुमान जनाउने भावकत्वमा हुने रूपायन दिइएको छ।

तालिका ५.२: *बस्*- 'बस' धातुको रूपायन

विध्यर्थ	**एव**	**बव**
१	बस्-नाइँ-सइ	बस्-ले-सइ
२	-	-
२ आदरार्थी	-	-
३	बस्-ल-सइ	बस्-ला-सइ, बस्-सइ
३ आदरार्थी	बस्-ल-सइ	-

५.५.२ जनश्रुति (hearsay)

वक्ता आफैले नदेखेको घटनालाई माझी भाषाका क्रियामा *-तेल्* सर्ग जोडिन आउँछ। यसलाई यहाँ जनश्रुति (hearsay) भनिएको छ। जनश्रुतिको खास गरी समुदायमा चर्चा गरिने र वक्ता आफैँलाई जानकारी नभएको घटनालाई जनाउनका लागि प्रयोग हुने गर्दछ। यो भूत र अभूत दुबै कालमा प्रयोग हुने गर्दछ।

(७४) *उइले मन्थलिका भुत् अइतेल नि*
उइले मन्थलि-का भुत् आ-तेल नि
उहिले मन्थली-अधि भुत आ-अभ्यस्त.भू रे
'उहिले मन्थलीमा भूत आउने गर्थ्यो रे।'

(७५) *चितोन् छाग्रि खाल्ते नि*
चितो-न् छाग्रि खा-ल्ते नि
चितुवा-ऊर्जा बाघ्रो खा-अभ्यस्त.भू रे
'चितुवाले बाघ्रो खान्थ्यो नि।'

(७६) *केटो आइले नि*
केटो आ-ले नि
केटो आ-भू रे
'केटो आयो नि।'

५.६ क्रिया सङ्गति

भारतीय-आर्य भाषाहरूमा क्रियाको सङ्गति एउटा महत्त्वपूर्ण विशेषता मानिन्छ। नेपालमा बोलिने मैथिली, राजवंशी, दराई, र माझीजस्ता केही भारतीय-आर्य भाषाहरूमा क्रियाको सङ्गति निकै रोचक पाइन्छ। माझी भाषामा पनि सकर्मक वाक्यमा माझी भाषामा क्रियाको सङ्गति वाक्यको कर्ता र कर्म दुबैसँग हुने गर्दछ। त्यसै गरी माझी भाषाका सम्प्रदान कारक चिह्नित वाक्यमा यी कर्तासँग पनि क्रियाको सङ्गति हुन्छ। यस उपखण्डमा सुरुमा क्रियाको एक नामपदसँग हुने क्रिया सङ्गतिको चर्चा गरिएको छ र त्यसपछि दुई नामपदसँग हुने सङ्गतिको चर्चा गरिएको छ।

५.६.१ एक नामपदसँग सङ्गति

५.६.१.१ पुरुष, वचन र आदरार्थी

माझी भाषामा उद्देश्यको वचन, लिङ्ग र आदरार्थीका आधारमा क्रियाको सङ्गति हुने गर्दछ। यस भाषामा क्रियाका धातुपछि काल जनाउने सर्ग र त्यसपछि सङ्गति जनाउने सर्गहरू आउने गर्दछन्। तालिका (५.३) मा माझी भाषाका सङ्गति जनाउने सर्गहरू दिइएको छ। यसमा भूत र अभूत कालमा क्रियामा सङ्गति चिन्हक सर्गहरू दिइएका छन्।

तालिका ५.३: अकर्मक क्रियामा सङ्गति

	***बेग्-* 'दौडनु'**		***जा-* 'जानु'**	
	भूत	**अभूत**	**भूत**	**अभूत**
१एव	-छुँ	-नाइँ, नाइ	-इछुँ	-इनाइँ, -इनाइ
१बव	-छे	-ले	-इछे	-इले
२एव	-छस्	-लइ	-इछस्	-इलइ
२एव.आदर	-छ	-ल	-इछ	-इल
२बव	-छ:	-ल:	-इछ:	-इल:
३एव	-छइ	-ले	-इछइ	-इले
३बव	-छत्	-ला	-इछत्	-इला

तालिका (५.३) मा भूत र अभूत कालमा क्रियाको सङ्गति देखाइएको छ। यो तालिकामा व्यञ्जनान्त र स्वरान्त धातुमा क्रियाको सङ्गतिमा केही फरक भएको देखिन्छ। स्वरान्त धातुमा /इ/ स्वर थपिने र त्यसपछि काल चिन्हक सर्ग *-छ* र *-ल* आउने कुरा देखिन्छ। यस भाषामा काल चिह्नक सर्गपछि मात्र सङ्गति जनाउने सर्गहरू आउने गर्दछन्।

यस तालिकामा पुरुष सङ्गति पनि देखाइएको छ। अभूत कालमा पुरुषसँगको सङ्गति तलका उदाहरणहरूमा देख्न सकिन्छ। अभूत कालमा काल र क्रियाको सङ्गतिका लागि *-छस्* को प्रयोग भएको छ भने बहुवचनमा *-छ* । केही उदाहरणहरू (७७-७९) मा दिइएको छ।

(७७) *तुइ बेग्छस्*
तुइ बेग्-छस्
तँ दौड-अभू२एव
'तँ दौडन्छस्।'

(७८) *तोरा बेग्छ*
तोरा बेग्-छ
तपाईं दौड-अभू२एवआद
'तपाईं जानुहुन्छ।'

(७९) *होइ बेग्छइ*
होइ बेग्-छइ
ऊ दौड-अभू३एव
'ऊ दौडन्छ।'

माथिको तालिकामा भूत कालमा क्रियाको सङ्गति समेत देखाइएको छ। भूत काल चिन्हक *-ल* पछि सङ्गति जनाउने सर्गहरू आएको कुरा यी उदाहरणहरूमा देखिन्छ। भूत कालमा क्रियाको सङ्गति उदाहरण (८०-८१) मा प्रस्तुत गरिएको छ।

(८०) *माझीील्किन् मुन् खाइला*
माझी-ल्-किन् मुन् खा-ला
माझी-बव-ऊर्जा जाँड खा-भू३बव
'माझीहरूले जाँड खान्छन्।'

(८१) *ज्वारेकिन् पुनि मन् बिचार गर्ल*
ज्वारे-किन् पुनि मन् बिचार गर्-ल
ज्वाइँ-ऊर्जा पनि मन विचार खा-भू३बव
'ज्वाइँले पनि विचार गऱ्यो।'

माथिका उदाहरणबाट माझी भाषामा पुरुष, आदरार्थी र वचनमा फरक किसिमले सङ्गति हुने कुरा देख्न सकिन्छ।

५.६.१.२ लिङ्ग

माझी भाषामा क्रियाका केही रूपहरूमा मात्र उद्देश्यको लिङ्गका आधारमा सङ्गति पाइन्छ। अभूत कालमा यी दुई उदाहरणमा लिङ्गअनुसार क्रियाको सङ्गति देखिँदैन। यी दुई उदाहरणमा क्रियाको रूप एउटै छ।

(८२) *छुनेनि जाइछइ*
छुनेनि जा-छइ
छोरी जा-अभू३एव
'छोरी जान्छे।'

(८३) *छोडारि जाइछइ*
छोडारि जा-छइ
छोरो जा-अभू३एव
'छोरो जान्छ।'

लिङ्गको सङ्गति क्रियाका पूर्ण पक्षमा र दूरदर्शी रूपमा देखिन्छ।

५.६.१.३ कारक

कर्ताको वचन, लिङ्ग, आदरार्थीको तहसँग क्रियाको सङ्गतिको चर्चा माथिका उपशीर्षकमा गरिएको छ। यसका अतिरिक्त माझी भाषामा सम्प्रदान कारक चिह्नित उद्देश्यले क्रियाको सङ्गति नियन्त्रण गर्ने गर्दछ।

(८४) *मिलाइ भोक् लाग्छइ*
मुइँ-लाइ भोक् लाग्-छइ
म-सम्प्र भोक लाग्-अभू३एव.सम्प्र
'मलाई भोक लाग्छ।'

(८५) *तुइलाइ भोक् लाग्छ्यास्*
तुइ-लाइ भोक् लाग्-छ्यास्
म-सम्प्र भोक लाग्-अभू३एव.सम्प्र
'तँलाई भोक लाग्छ।'

माझी भाषामा सीमित क्रियासँग यस प्रकारको सङ्गति भएको पाइन्छ। माथिका उदाहरणमा प्रथम पुरुष सर्वनामसँग क्रियाको रूप लाग्छ भने द्वितीय पुरुषसँग लाग्छ्यास् आएको छ। यसरी प्रथम पुरुषसँग *-छइ* र द्वितीय पुरुषसँग *-छ्यास्* ले

सम्प्रदान कारकसँग सङ्गति भएको देखाउँछ। यस अध्ययनका लागि सङ्कलन गरेका पाठहरूमा *डाहा हक्-* 'डाहा हुनु', *रिस् उठ्-* 'रिस उठ्नु', *पर्-* 'पर्नु', *चाहि-* 'चाहिनु' मा यस प्रकारको सङ्गति भएको पाइएको छ। माझी भाषामा सम्प्रदान कारक चिह्नित उद्देश्यसँग हुने सङ्गतिको रूपायनलाई तालिका (५.४) मा दिइएको छ। यस तालिकामा क्रियाको भूत र अभूत दुबै कालको सङ्गति प्रस्तुत गरिएको छ।

तालिका ५.४: सम्प्रदान कारक चिह्नित उद्देश्यसँग क्रियाको सङ्गति

	लाग्- **'लाग्नु' अभूत**	***हक्-*** **'हुनु' भूत**	***आछ्-*** **'योजका.अभू'**	**रइ- 'योजका.भू'**
१एव	लाग्-छइ	हक्-ले	आछत्	रइल
१बव	लाग्-छइ	हक्-ले	आछत्	रइल
२एव	लाग्-छ्यास्	हक्-ल्यास्	आछ्यास	रइल्यास्
२एव.आदर	लाग्-छ्या	हक्-ल्या	आछ्या	रइल्या
२बव	लाग्-छ्या	हक्-ल्या	आछत्	रइल
३एव	लाग्-छि	हक्-अल्ते	आछि	रइल्ति
३एव.आदर	लाग्-छि	हक्-अल्ते	आछत्	रइल्ति
३बव	लाग्-छ्याक्	हक्-ल्याक्	आछ्याक्	रइल्याक्
३बव.आदर	लाग्-छ्याक्	हक्-ल्याक्	आछ्याक्	रइल्याक्

माथिको तालिका (५.४) मा भूत र अभूत कालमा क्रियाका रूपायन देख्न सकिन्छ। यस तालिकामा मूल क्रियाहरू *लाग्-* 'लाग्नु', *हक्-* 'हुनु', र भूत र अभूत कालमा प्रयोग हुने योजिकाको रूपायन प्रस्तुत गरिएको छ। यहाँ प्रस्तुत गरिएको रूपायनलाई तालिका (५.४) सँग तुलना गर्न सकिन्छ। यसबाट सम्प्रदान कारक चिह्नित उद्देश्यसँग क्रियाको रूपायन भिन्न छ भन्ने देख्न सकिन्छ।

(८६) *मिलाइ भोक् लाग्ले*
मुइँ-लाइ भोक् लाग्-ले
म-सम्प्र भोक लाग्-भू१एव.सम्प्र
'मलाई भोक लाग्यो।'

(८७) *तुइलाइ भोक् लाग्लेस्*
तुइ-लाइ भोक् लाग्-लेस्
म-सम्प्र भोक लाग्-भू२एव.सम्प्र
'तँलाई भोक लाग्यो।'

(८८) *ह्य छेग्रिलाइ पाँच् सए परल्ते*

ह्य छेग्रि-लाइ पाँच् सए पर्-ल्ते
यो बाख्रो-सम्प्र पाँच सय पर्-भू३एव.सम्प्र
'यस बाख्रालाई कति सय पऱ्यो ?'

माथिका उदाहरणमध्ये उदाहरण (८६) मा क्रियाको रूप प्रथम पुरुष उद्देश्यसँग सङ्गति देखिन्छ भने दोस्रो वाक्य (९८) मा चाहिँ द्वितीय पुरुषसँग क्रिया सङ्गति भएको देखिन्छ। तलका उदाहरण (८९-९०) मा योजिका क्रियाको रूपायन सम्प्रदान कारक चिह्नित उद्देश्यसँग भएको कुरा प्रस्तुत गरिएको छ :

(८९) *मिलाइ भोक् लाग्ल आछत्*

मुइँ-लाइ भोक् लाग्-ल आछत्
म-सम्प्र भोक लाग्-पूप योजिका.अभू१एव.सम्प्र
'मलाई भोक लागेको छ।'

(९०) *तुइलाइ भोक् लाग्ल आछ्यास्*

तुइ-लाइ भोक् लाग्-ल आछ्यास्
म-सम्प्र भोक लाग्-पूप योजिका.अभू२एव.सम्प्र
'तिमीलाई भोक लागेको छ।'

सम्प्रदान कारक उद्देश्यसँग क्रियाको सङ्गति हुने विषय कम भाषाहरूमा पाइने भए पनि यो नयाँ विषय चाहिँ होइन। यस क्षेत्रका अन्य भाषाहरूमा समेत यो विशेषता पाइने कुरा हुक (१९९०) ले उल्लेख गरेका छन्। केही उदाहरणहरू तल दिइएका छन् :

(९१) *होइलाइ हुइँया काठ्कर लाउ मन्चिन्ते कठाकर बहाना चाहिलाछ्याक्*

होइ-लाइ हुइँया काठ-कर लाउ मन्चिन्ते
ऊ-सम्प्र हुइँया काठ-सम्बन्ध नाउ मन्चिन्दे
काठ्-कर बहाना चाहि-छ्याक्
काठ-सम्बन्ध बहाना चाहि-अभू३बव.सम्प्र
'उनीहरूलाइ हुइँया काठको नाउ र मन्चिन्दे काठको बहाना चाहिन्छ।'

(९२) *मिलाइ पइसा चाइले*

मि-लाइ पइसा चाइ-ले
म-सम्प्र पैसा चाहि-भू१एव.सम्प्र
'मलाई पैसा चाहियो।'

नेपालमा बोलिने केही भारतीय-आर्य भाषाहरूमा अर्को रोचक सङ्गति पाइने गर्दछ। नेपालका पूर्वी तराईमा बोलिने राजवंशी, मैथिली अनि दरैजस्ता भाषाहरूमा क्रियाको सङ्गति मूल नामपदसँग नभई नामपदमा आउने

विशेषकसँग समेत हुने गर्दछ। तालिका (५.५) मा *बाँच्-* 'बाँच्नु', *हुर्क-* 'हुर्कनु' र योजिका क्रिया *आछ्-* 'योजिका.अभू', र *रइ-* 'योजिका.भूत' का रूपायनलाई प्रस्तुत गरिएको छ।

तालिका ५.५: सम्बन्ध कारक चिह्नित उद्देश्यसँग सङ्गति हुने क्रियाको रूपायन

	***बाँच्-* 'बाँच्नु' (अभूत)**	***बाँच्-* 'बाँच्नु' (भूत)**	***हुर्क-* 'हुर्कनु' (अभूत)**	***हुर्क-* 'हुर्कनु' (भूत)**	***आछ्-* 'योजिका' (अभूत)'**	***रइ-* 'योजिका' (भूत)'**
१एव	बाँच्-छइ	बाँच्-ले	हुर्कि-छइ	हुर्कि-ले	आछत्	रइल
१बव	बाँच्-छइ	बाँच्-ले	हुर्कि-छइ	हुर्कि-ले	आछत्	रइल
२एव	बाँच्-छ्यास्	बाँच्-लेस्/ बाँच्-ले	हुर्कि-छ्यास्	हुर्कि-लेस्/ हुर्कि-ले	आछ्यास्	रइल्यास्
२एव.आदर	बाँच्-छ्या	बाँच्-ल्या	हुर्कि-छ्या	हुर्कि-ल्या	आछ्या	रइल्या
२बव	बाँच्-छ्या	बाँच्-लर्	हुर्कि-छ्या	हुर्कि-लर्	आछ्या	रइल्या
३एव	बाँच्-छि/ बाँच्-छिक्	बाँच्-अल्ते	हुर्कि-छि/ हुर्कि-छिक्	हुर्कि-ल्ते	आछि/ आछिक्	रल्ति/ रइल
३एव.आदर	बाँच्-छि	बाँच्-अल्ते	हुर्कि-छि/ हुर्कि-छिक्	हुर्कि-ल्ते	आछि	रल्ति
३बव	बाँच्-छ्याक्	बाँच्-ल्याक्	हुर्कि-छ्याक्	हुर्कि-ल्याक्	आछ्याक्	रइल्याक्
३बव.आदर	बाँच्-छ्याक्	बाँच्-ल्याक्	हुर्कि-छ्याक्	हुर्कि-ल्याक्	आछ्याक्	रइल्याक्

यस्ता भाषाहरूमा 'मेरो भाइ' नामपदमा 'मेरो' चाहिँ 'भाइ' को विशेषक हो। क्रियाको सङ्गति चाहिँ 'भाइ' सँग नभएर 'मेरो' सँग हुने गर्दछ। यस्ता क्रियाहरू

नामपदको शीर्षसँग नभएर यसका अन्य भागसँग सङ्गति हुने गर्दछन् (कोर्बेट २००६:६१)। संसारका भाषाहरूमा पाइने यस प्रकारको विशेषतालाई 'विशिष्ट अधिकारी (prominent possessor)' भनेर भनिएको छ (बारानी र अन्य २०१९)। माझी भाषामा समेत यस प्रकारको विशेषता पाइने गर्दछ।

यस तालिकामा मूल क्रिया र योजिका क्रियाको रूपायन दिइएको छ। यिनीहरूमा एक किसिमको समानतासमेत देखिन्छ। तलको उदाहरण (९३) मा क्रियाको सङ्गति *होलक कुरो* 'उनीहरूको कुरो' मध्ये *होलक* 'उनीहरूको' ले नियन्त्रण गरेको छ।

(९३) *हेलाइ काटइ पर्छइ भन्ने कुरो हक्ल्याक् नि*

ह्यु-लाइ काट-इ पर्छइ भन्ने
यो-सम्प्र काट्-साकृ पर्छ भन्ने
कुरो हक्-ल्याक् नि
कुरो हु-भू१एव.सम्प्र
'यसलाई काट्नुपर्छ भन्ने कुरा भयो नि ?'

यहाँनेर स्मरण गर्नुपर्ने के कुरा छ भने माथिको नामपदमा 'तेरो कुरो' भनेर वाक्यको उद्देश्य प्रतिस्थापन गर्ने हो भने क्रियाको रूप चाहिँ *हक्ल्यास* हुन्छ। केही उदाहरणहरू तल दिइएका छन् (९४-९५) :

(९४) *मोर ज्यान् बाँच्ले*

मुइँ-र ज्यान् बाँच्-ले
म-सम्बन्ध ज्यान बाँच्-भू१एव.सम्बन्ध
'मेरो ज्यान बाँच्यो।'

(९५) *तोर ज्यान् बाँच्ले*

तुइ-र ज्यान् बाँच्-ले
तँ-सम्बन्ध ज्यान बाँच्-भू२एव.सम्बन्ध
'तेरो ज्यान बाँच्यो।'

माथिका उदाहरण (९४-९५) मा नामपदको शीर्ष एउटै छः ज्यान। तथापि यी वाक्यहरूमा क्रियाको रूपायन फरक छ। पहिलो उदाहरण (९४) मा क्रियाको रूप मोर 'मेरो' सँग सङ्गति भएको छ भने दोस्रो (९५) मा क्रियाको सङ्गति चाहिँ *तोर* 'तेरो' सँग भएको छ। यसरी नामपदमा शीर्षले सङ्गतिमा नियन्त्रण गर्दैन, बरु नामपदको एउटा घटकबाट क्रियाको रूपमा नियन्त्रित छ। योजिका क्रियाहरूमा समेत यही नियम लागु हुन्छ (९६-९७)।

(९६) *मोर एक् जन् भाइ आछत्*

मुइँ-र एक् जन् भाइ

म-सम्बन्ध एक जना भाइ
आछत्
योजिका.अभू१एव.सम्बन्ध
'मेरो एक जना भाइ छ।'

(९७) *होक्र एक् जन् भाइ आछत्*
होइ-र एक् जन् भाइ
ऊ-सम्बन्ध एक जना भाइ
आछत्
योजिका.अभू३एव.सम्बन्ध
'उसको एक जना भाइ छ।'

(९८) *तोर कुनु इस्ट आछ्यास् कि*
तुइ-र कुनु इस्ट
तँ-सम्बन्ध कुनै इस्ट
आछ्यास् कि
योजिका.अभू३एव.सम्बन्ध कि
'तिम्रो कुनै इस्ट छ कि ?'

माथिका वाक्यहरूमा पनि यही नियम लागु भएको देख्न सकिन्छ। यहाँनेर स्मरण गर्नुपर्ने प्रश्न - क्रियामा आउने यी सर्गहरूको अरू सर्गहरूसँग सम्बन्ध के छ ? यी सर्गहरू अलग्गै छन् वा अन्य सर्गहरूसँग साइनो राख्छन् ? सम्बन्ध कारक नामपदको विशेषक र सम्प्रदान कारक चिह्नित उद्देश्यसँग सङ्गति हुने क्रियाका रूपहरूको अरू सर्गहरूसँगको साइनो तालिका (५.६) मा दिइएको छ।

तालिका

५.६: सम्प्रदान कारक चिह्नित उद्देश्यसँग सङ्गति हुने रूपहरूको सम्बन्ध

काल	**पुरुष, वचन**	**रूप**	**कुन रूपसँग समानता छ ?**
अभूत	१एव/बव	-छइ	३एव
	२एव	-छ्यास्	२एव/बव>२एव
	२एव.आदर,२बव	-छ्या	३एव/बव>२बव
	३एव	-छि	३एव>३एव
	बव/३बव.आदर	-छ्याक्	३एव/बव>३बव
	३एव	-छिक्	-

भूत	१एव/बव	-ले	३एव
	२एव.आदर, २बव	-ल्या	३एव/बव>२एव
	३एव/३एव.आदर	-अल्ते	३एव>३एव
	२एव/बव	-ल्याक्	३बव>३बव
	२बव	-लर्	-
	२एव	-लेस्	-

तालिका (५.६) मा सम्बन्ध कारक नामसँग सङ्गति जनाउने क्रियाका रूपको सम्भावित स्रोत दिइएको छ। यिनीहरूको साइनो स्थापित गर्नका लागि थप अनुसन्धानको आवश्यकता रहेको छ। यस तालिकामा आउने सङ्गति सर्गहरू केही अकर्मक वाक्यमा र केही सकर्मक वाक्यमा सङ्गति सर्गका रूपमा आउँछन्। केही मात्र सर्गहरू अकर्मक र सकर्मक दुबै सर्गहरूसँग मिलेको देखिँदैन। भूत कालमा आउने *-लेर* र *-लेस्* र अभूत कालमा आउने *-छिक* सर्गहरूको स्रोत प्रस्ट छैन।

(९९) *आनेलकाइ डाहा हकै थाल्याक्*
आने-ल-काइ डाहा हक्-इ थाल्-ल्याक्
अरू-बव-सम्प्र डाहा हु-साकृ साल्-भू३बव.सम्प्र
'अरू मान्छेले रिस गर्न थाले।'
[मन्थली र नदी किनार.९]

(१००) *माझीलाइ धेरै पिर् परल्ते*
माझी-लाइ धेरै पिर् पर्-अल्ते
माझी-सम्प्र धेरै पिर पर्-भू३एव.सम्प्र
'माझीलाई धेरै पिर पऱ्यो।'
[मन्थली र नदी किनार.९]

माथिका वाक्यहरूमा मूल क्रिया वा योजिका वाक्यमा क्रियाको सङ्गति प्रस्तुत गरिएको छ। यसका अतिरिक्त योजिका क्रिया सहायक क्रियाका रूपमा प्रयोग हुँदा तिनीहरूमा पनि यही नियम लागु हुन्छ। पूर्ण पक्षमा क्रियाको सङ्गति तलका उदाहरणमा प्रस्तुत गरिएको छ :

(१०१) *मोर भाएम काम् गर्ल आछ*

मुइँ-र भाइ-म् काम् गर्-ल
म-सम्बन्ध भाइ-१एव काम् गर्-पूप
आछ
योजिका.अभू१एव.सम्बन्ध
'मेरो भाइले काम गरेको छ।'

(१०२) *तोर भाएम काम् गर्ल आछ्यास्*

तुइ-र भाइ-म् काम् गर्-ल
तँ-सम्बन्ध भाइ-१एव काम् गर्-पूप
आछ्यास्
योजिका.अभू२एव.सम्बन्ध
'तेरो भाइले काम गरेको छ।'

केही थप उदाहरणहरू तल प्रस्तुत गरिएका छन् (१०३-१०४) :

(१०३) *मन्थलि फाँट्कर जमिन् सेब्बे होक्र रल्ति*

मन्थलि फाँट्-कर जमिन् सेब्बे होइ-र
मन्थली फाँट्-सम्बन्ध जमिन सबै ऊ-सम्बन्ध
रल्ति
योजिका.भू३एव.सम्बन्ध
'मन्थली फाँटको जमिन सबै उसको थियो।'

(१०४) *मन्थलि फाँट्कर जमिन् सेब्बे तुइर रल्ति*

मन्थलि फाँट्-कर जमिन् सेब्बे
मन्थली फाँट्-सम्बन्ध जमिन सबै
तुइ-र रल्ति
तँ-सम्बन्ध योजिका.भू२एव.सम्बन्ध
'मन्थली फाँटको जमिन सबै तिम्रो थियो।'

नेपालमा बोलिने भारतीय-आर्य भाषाहरूमा यस प्रकारको सङ्गतिका विषयमा केही सन्दर्भहरू उपलब्ध छन् (मैथिलीका लागि यादव १९९९; राजवंशीका लागि वाइल्ड २००८; दराइका लागि ढकाल २०१४)। संसारका भाषाहरूमा पनि यही विशेषतामा केन्द्रित अध्ययन उपलब्ध छ (हेर्नू बारानि, बोन्ड र निकोलाएभा (सम्पा.) २०१९)।

५.६.२ सकर्मक र द्विकर्मक क्रियामा सङ्गति

माझी भाषाका सकर्मक र द्विकर्मक क्रियामा क्रिया कर्ता र कर्म दुबैसँग सङ्गति हुने गर्दछ। नेपालमा बोलिने मैथिली, राजवंशी, दराई भाषाहरूमा समेत यस प्रकारको सङ्गति पाइन्छ। दराई तथा मैथिली भाषामा कर्ता र कर्मको सङ्गतिमा अलग अलग सर्गहरूको प्रयोग हुन्छ। माझी भाषामा चाहिँ यस्ता सर्गहरू छुट्याउन त्यति सजिलो छैन। माझी भाषामा हुने यस प्रकारको सङ्गति तालिका (५-७) मा दिइएको छ।

तालिका ५.७: सकर्मक क्रियाको सङ्गति

कर्म → **कर्ता ↓**		**१एव**	**१बव**	**२एव**	**२बव**	**३एव**	**३बव**
१एव	**भूत**	-	-	-नाइ	-लाइ	-निन्	-लाइ
	अभूत	-	-	-छुँ/-सुँ	-छ्याँ	-छिन्	-छाइ
१बव	**भूत**	-	-	-ले			
	अभूत	-	-	-छे	-छ्याँ	-छे	-साइ/-छाइ
२एव	**भूत**	-लइ		-	-	-अल्सि	-ल्खन्
	अभूत	-छस्		-	-	-छिस्	-छस्
२बव	**भूत**	-ल		-	-	-लक्	-ल्खन्
	अभूत	-छ					
३एव	**भूत**	-ले		-ल्यास्	-ल्या	-ल्ते	-ल्याक्
	अभूत	-छइ		-छ्यास्	-छ्या	-छि	-छ्याक्
३बव	**भूत**	-नि/-ला	-ला	-ल्यास्	-ल्या	-नि	-ल्याक्
१एव	**अभूत**	-छत्		-छ्यास्	-छ्या	-छिन्	-छ्याक्

तालिका (५.७) र (५.८) मा क्रियाको रूपायन प्रस्तुत गरिएको छ। यी तालिकामा कर्ता ठाडो पङ्तिमा दिइएको छ भने कर्म चाहिँ तेर्सो पङ्तिमा दिइएको छ। माथिका तालिका केही सङ्गतिमा आउने सर्गहरू अकर्मक क्रियाका सर्गसँग मिल्छन्। यसले के देखाउँछ भने सबै कर्ता र सबै कर्मले सङ्गति नियन्त्रण गर्दैनन्। तालिका (५.८) मा कर्ता मात्र चिह्नित हुने स्थानमा 'कर्ता मात्र चिह्नित' भनेर उल्लेख गरिएको छ। *आन्-* 'ल्याउनु' क्रियाको रूपायन अनुसूची (क३) मा दिइएको छ।

प्रस्तुत तालिकामा केही अवस्थामा क्रियाको सङ्गतिमा कर्मले नियन्त्रण गर्दैन। भूत र अभूत दुबै कालमा प्रथम पुरुष एकवचन कर्ता र द्वितीय पुरुष एकवचन कर्म हुँदा क्रियाको सङ्गतिलाई कर्मले नियन्त्रण गर्दैन। त्यसै गरी भूत कालमा प्रथम पुरुष बहुवचन कर्म भएर आउँछ, त्यसले क्रियाको सङ्गतिमा नियन्त्रण गर्दैन। त्यसै गरी द्वितीय पुरुष बहुवचन सर्वनामहरू अभूत कालमा कर्ता भएर आउँदा कर्मको क्रिया सङ्गतिमा पनि कुनै भूमिका रहँदैन।

तालिका ५.८: सकर्मक क्रिया *दि* 'दिनु' को सङ्गति

<table>
<tr><th colspan="2">कर्म →
कर्ता ↓</th><th>१एव</th><th>१बव</th><th>२एव</th><th>२बव</th><th>३एव</th><th>३बव</th></tr>
<tr><td rowspan="2">१एव</td><td>भूत</td><td>-</td><td>-</td><td rowspan="2">कर्ता मात्र चिह्नित</td><td>दि-लाइ</td><td>दि-निन्</td><td>दि-लाइ</td></tr>
<tr><td>अभूत</td><td>-</td><td>-</td><td>दि-छ्याँ</td><td>दि-छिन्</td><td>दि-छाइ</td></tr>
<tr><td>१बव</td><td>भूत</td><td>-</td><td>-</td><td colspan="4">कर्ता मात्र चिह्नित</td></tr>
<tr><td></td><td>अभूत</td><td>-</td><td>-</td><td>कर्ता मात्र चिह्नित</td><td>दि-छ्याँ</td><td>दि-छे</td><td>दि-साइ
दि-छाइ</td></tr>
<tr><td>२एव</td><td>भूत</td><td colspan="2" rowspan="6">कर्ता मात्र चिह्नित</td><td>-</td><td>-</td><td>दि-ल्सि</td><td>दि-ल्खन्</td></tr>
<tr><td></td><td>अभूत</td><td>-</td><td>-</td><td>दि-सिस्</td><td>कर्ता मात्र चिह्नित</td></tr>
<tr><td>२बव</td><td>भूत</td><td>-</td><td>-</td><td>दि-लक्</td><td>दि-ल्खन्</td></tr>
<tr><td></td><td>अभूत</td><td>-</td><td>-</td><td colspan="2">कर्ता मात्र चिह्नित</td></tr>
<tr><td>३एव</td><td>भूत</td><td>दि-ल्यास्</td><td>दि-ल्या</td><td>दि-ल्ते</td><td>दि-ल्याक्</td></tr>
<tr><td></td><td>अभूत</td><td>दि-छ्यास्</td><td>दि-छ्या</td><td>दि-छि</td><td>दि-छ्याक्</td></tr>
<tr><td>३बव</td><td>भूत</td><td>दि-ल्यास्</td><td>दि-ल्या</td><td>दि-नि</td><td>दि-ल्याक्</td></tr>
<tr><td></td><td>अभूत</td><td>दि-छ्यास्</td><td>दि-छ्या</td><td>दि-छिन्</td><td>दि-छ्याक्</td></tr>
</table>

माथिका तालिकामा केही अवस्थामा क्रियाको रूप नियन्त्रण गर्नका लागि कर्ता र कर्म दुबै प्रयुक्त छन्। प्रथम पुरुष एकवचन कर्ता र तृतीय पुरुष एकवचन र द्वितीय पुरुष बहुवचन कर्म हुँदा भूत कालमा क्रियामा क्रमशः *-लाइ* र *-निन* जोडिन आउँछन्। माथिका तालिकामा यस्ता धेरै सन्दर्भहरू छन्। अरू केही उदाहरणहरू अनुसूची (क१) मा दिइएका छन्। थप प्रस्ट पार्न उदाहरण तल दिइएको छ :

(१०५) *मुइँ छोडारिलाइ जाल् दिनि*

मुइँ छोडारि-लाइ जाल् दि-नि
म छोरो-सम्बन्ध जाल दि-भू१एव.३एव
'मैले छोरालाई जाल दिएँ।'

(१०६) *मुइँ छोडारिल्लाइ जाल् दिनि*

मुइँ छोडारि-ल्-लाइ जाल् दि-नि
म छोरो-बव-सम्बन्ध जाल दि-भू१एव.३एव
'मैले छोराहरूलाई जाल दिएँ।'

(१०७) *होइ बेटाक्लाइ बालल्ते*

होइ बेटा-क्-लाइ बाल-ल्ते
ऊ छोरो-३एव-सम्प्र बोला-भू३एव.३एव
'उसले उसको छोरालाई बोलायो।'

(१०८) *होइ बेटाख्यान्क्लाइ बालल्ते*

होइ बेटा-ख्यान्-लाइ बाल-ल्ते
ऊ छोरो-३एव.३वव-सम्प्र बोला-भू३एव.३एव
'उसले (उसका) छोराहरूलाई बोलायो।'

अन्य केही उदाहरण (१०९-११०) मा दिइएका छन्।

(१०९) *मुइँ होइलाइ जाल् दिछिन्*

मुइँ होइ-लाइ जाल् दि-छिन्
म ऊ-सम्प्र जाल दि-अभू१एव.३एव
'मैले उसलाई जाल दिन्छु।'

(११०) *मुइँ होइलाइ जाल् दिछिन्*

मुइँ होइ-लाइ जाल् दि-छिन्
म ऊ-सम्प्र जाल दि-अभू१एव.३एव
'मैले उसलाई जाल दिन्छु।'

अकर्मक क्रिया र सकर्मक अनि द्विकर्मक क्रियामा हुने क्रियाका रूपायन अनुसूची (ख) मा दिइएको छ। माझी भाषामा सकर्मक र द्विकर्मक वाक्यहरूमा आउने सङ्गति चिन्हक सर्गहरू मूल रूपमा सम्पृक्त रूप (portmanteau affix) आउने गर्दछन्। तलका उदाहरणहरू सङ्कलन गरेका पाठहरूबाट लिइएको छ।

(१११) *बर्मान् रिसाइतिन् दुत्काइ बल्ल्याक्*

बर्मा-न् रिसा-तिन् दुत्-काइ
ब्रह्मा-ऊर्जा रिसा-आनु दुत-सम्प्र
बल्-ल्याक्
भन्-भू३एव.३एव
'ब्रह्माले रिसाएर दूतलाई भने।' [माझी र पानी]

(११२) *दुत्किन् माझील्काइ उपस्थित् गराइल्याक्*

दुत्-किन् माझी-ल्-काइ उपस्थित्
दुत-ऊर्जा माझी-बव-सम्प्र उपस्थित
गर्-आ-ल्याक्
गर्-प्रेरणा-भू३एव.३एव
'दूतले माझीलाई उपस्थित गरायो।'

(११३) *माझील्लकिन् चरिक् लागि माँहाल खौँडा बनाइ दिनि*

माझी-ल्-किन् चरि-क् लागि माँहाल
माझी-बव-ऊर्जा चरा-सम्बन्ध लागि राम्रो
खौँडा बन्-आ-इ दि-नि
गुँड बन्-प्रेरणा-पूकाकृ दि-भू३बव.३वव
'माझीहरूले उसका लागि राम्रो गुँड बनाइदिए।'
[डुङ्गाका लागि काठ.३३]

(११४) *बिहान सबेरे उठिकइ राति चरिन्किन् गर्ल सेब्बे कुरो साथिल्काइ सुनाइल्याक्*

बिहान सबेरे उठ्-इकइ राति चरिन्-किन् गर्-ल
बिहान सबेरै उठ्-आनु राती चरो-ऊर्जा गर्-पूप
कुरो साथि-ल्-काइ सुन्-आ-ल्याक्
कुरा साथी-बव-सम्प्र सुना-प्रेरणा-भू३बव.३बव
'बिहान सबेरै उठेर राति चराले गरेको सबै कुरा साथीलाई सुनायो।'
[डुङ्गाका लागि काठ.३३]

माझी भाषाका धेरै सन्दर्भमा सम्पृक्त रूप (portmanteau affix) आउने गर्दछन्। उदाहरणका लागि सङ्गति चिन्हक सर्ग *-ल्याक्* भूत कालमा तृतीय पुरुष एकवचन कर्ता र तृतीय पुरुष एकवचन कर्म दुबैलाई जनाउँछ। कतिपय भारतीय-आर्य भाषाहरूमा क्रिया सङ्गतिमा तीन ओटासम्म युक्ति (argument) आउन सक्छन्। मैथिलीमा पनि तीन ओटासम्म युक्ति आउन सक्छन् (यादव १९९६, १९९९)। त्यसै गरी कास्मिरीमा समेत तीन ओटासम्म युक्ति आउन सक्छन् (रैना, १९९४)। मैथिली बाहेक नेपालमा बोलिने भाषाहरूमा दुई ओटासम्म मात्र युक्ति आउने कुरा माथिका सन्दर्भ सामग्रीमा उल्लेख गरिएको छ।

५.७ संयुक्त क्रिया

संयुक्त क्रियामा एकभन्दा बढी धातुहरू हुन्छन् अर्थात् एकभन्दा बढी धातुहरू क्रमबद्ध रूपमा आउने क्रियाको माला नै संयुक्त क्रिया हो (बर्टन पेज १९५७)। यसरी आउने क्रियाका धातुहरूमध्ये संयुक्त क्रियामा पहिलो क्रियाले धातुको काम गर्दछ भने दोस्रोले चाहिँ व्याकरणिक कार्य गर्दछ। तल प्रस्तुत संयुक्त क्रियाहरू क्रियाका पूर्वकालिक कृदन्त *-अइ* पछि आउने गर्दछन् :

(११५)	**क्रिया**	**कार्य**
	सक्-	सिध्दि (completion)
	दे-	उपकार (benefaction)
	राख्-	निरन्तरता (persistence)
	हाल्-	शीघ्रता (instantiousness)
	र-	निरन्तरता (continuation)

माथिका क्रियाहरू मूल क्रियाका साथै संयुक्त क्रियाका रूपमा प्रयोग हुन्छन्। उदाहरण (११६) मा *सक्-* 'सक्नु' क्रिया मूल क्रियाका रूपमा प्रयोग भएको छ भने (११७) मा चाहिँ यो व्याकरणिक कार्यका लागि प्रयोग भएको छ।

(११६) *रामिन् काम् सक्ले*

राम्-इन् काम्	सक्-ले	
राम-ऊर्जा	काम	सक्-भू३एव

'रामले काम सक्यो।'

(११७) *मुइँ भात् खाइ सक्छुँ*

मुइँ	भात्	खा-इ	सक्-छुँ
म	भात	खा-पूकाकृ	सक्-अभू१एव

'मैले भात खान सक्छु।'

उदाहरण (११८) मा *दि-* 'दिनु' क्रिया मूल क्रियाका रूपमा प्रयोग भएको छ भने (११९) मा चाहिँ यो व्याकरणिक कार्यका लागि प्रयोग भएको छ।

(११८) *मुइँ छोडारिलाइ जाल् दिनिन्*
मुइँ छोडारिलाइ जाल् दि-निन्
१एव छोरा-सम्प्र जाल दि-भू१एव.अभू१एव
'मैले छोरालाई जाल दिएँ।'

(११९) *मुइँ होक्र काम् गरि दिनिन्*
मुइँ होइ-र काम् गर्-इ दि-निन्
म ऊ-सम्बन्ध काम गर- पूकाकृ दि-भू१एव.३एव
'मैले उसको काम गरिदिएँ।'

उदाहरण *रहि-* 'रहनु' व्याकरणिक कार्यका लागि प्रयोग भएको छ।

(१२०) *होइ घर्का बसि रहिले*
होइ घर्-का बस्-इ रहि-ले
ऊ घर-अधि बस्-पूकाकृ योजिका.भू३एव
'ऊ घरमा बसिरह्यो।'

उदाहरण (१२१) मा *छाड्-* 'छाड्नु' मूल क्रियाका रूपमा प्रयोग भएको छ भने (१२२) मा चाहिँ यो व्याकरणिक कार्यका लागि प्रयोग भएको छ।

(१२१) *होइनिन् बेटिक्लाइ घर्का छाडल्ते*
होइ-निन् बेटि-क्-लाइ घर्-का छाड्-ल्ते
ऊ-ऊर्जा छोरी-३एव-सम्प्र घर्-अधि छाड्-भू३एव
'उसले छोरीलाई घरमा छाड्यो।'

(१२२) *होइनिन् पैसा कमाइ छाड्ले*
होइ-निन् पैसा कमा-इ छाड्-ले
ऊ-ऊर्जा पैसा कमा-पूकाकृ छाड्-भू३एव
'उसले पैसा कमाइ छाड्यो।'

उदाहरण (१२३) मा *हाल्-* 'हाल्नु' मूल क्रियाका रूपमा प्रयोग भएको छ भने (१२४) मा चाहिँ यो व्याकरणिक कार्यका लागि प्रयोग भएको छ।

(१२३) *होइनिन् साक्का नुन् हाल्ले*
होइ-निन् साक्-का नुन् हाल्-ले
ऊ-ऊर्जा साग्-अधि नुन् हाल्-भू३एव
'उसले सागमा नुन हाल्यो।'

(१२४) *होइनिन् काम् गरि हाल्ले*

होइ-निन् काम् गर्-इ हाल्-ले
ऊ-ऊर्जा काम गर्-पूकाकृ हाल्-भू३एव
'उसले काम गरिहाल्यो।'

५.८ सहायक क्रिया

माझी भाषामा केही सहायक क्रियाको प्रयोग हुने गर्दछ। यस्ता सहायक क्रियाहरू सामान्य कृदन्तमा *-इ* मा, *-अइ* पछाडि आउने गर्दछन्। यहाँ केही सहायक क्रियाहरूको चर्चा गरिएको छ।

(१२५)

मोडल	**कार्य**
सक्-	सक्नु
दे-	दिनु
लाग्-	लाग्नु
थाल्-	थाल्नु
खोज्-	खोज्नु
पर्-	पर्नु
आँट्-	आँट्नु

(क) ***सक्-*** 'सक'

(१२६) *रामिन् काम् सक्ले*

राम्-इन् काम् सक्-ले
राम्-ऊर्जा काम सक्-भू३एव
'रामले काम सक्यो।'

(१२७) *मइँ पउडइ सक्छुँ*

मइँ पउड्-इ सक्-छुँ
म पौड-साकृ सक्-अभू१एव
'म पौडिन सक्छु।'

(ख) *दि-* 'दिनु'

(१२८) *मोर ब्वान् मिलाइ खेलाइ जाइ दिले*

मुइँ-र ब्वा-न् मुइँ-लाइ म-सम्बन्ध
बुवा-ऊर्जा म-सम्प्र
खेल्-आइ दि-ले
खेल्-साकृ दि-भू३एव
'मेरा बुवाले मलाई खेल्न दिनुभयो।'

(ग) *सक्-* 'सक्नु'

(१२९) *होइनिन् काम् सक्छइ*

होइ-निन् काम् सक्-छइ
ऊ-ऊर्जा काम सक्-अभू३एव
'उसले काम सक्छ।'

(१३०) *मोर छोडारिन् माझी बाजइ सक्छइ*

मुइँ-र छोडारि-न् माझी
म-सम्बन्ध छोरो-ऊर्जा माझी
बाज्-इ सक्-छइ
बोल्-साकृ सक्-अभू३एव
'मेरा छोराले माझी बोल्न सक्छ।'

(घ) *हेर्-* 'खोज्नु'

(१३१) *होइनिन् पैसा हेर्ले*

होइ-निन् पैसा हेर्-ले
ऊ-ऊर्जा पैसा हेर्-भू३एव
'उसले पैसा हेऱ्यो।'

(१३२) *होइनिन् मिलाइ ठगइ हेर्ले*

होइ-निन् मुइँ-लाइ ठग्-अइ हेर्-ले
ऊ-ऊर्जा म-सम्प्र ठग्-साकृ खोज्-भू३एव
'उसले मलाई ठग्न खोज्यो।'

(घ) *आछ्*- 'योजिका.अभू'

(१३३) *ह्य काम गरइ आछ*

ह्य काम् गर्-अइ आछ
यो काम गर्-साकृ योजिका.अभू३एव
'यो काम गर्नु छ।'

(घ) *आँट्*- 'आँट्नु'

(१३४) *होइनिन् काम् आँट्ले*

होइ-निन् काम् आँट्-ले
ऊ-ऊर्जा काम आँट्-भू३एव
'उसले काम आँट्यो।'

(१३५) *छोँडारि मरइ आँट्ले*

छोँडारि मर्-अइ आँट्-ले
छोरो मर्-साकृ आँट्-भू३एव
'छोरो मर्न लाग्यो।'

५.९ असमापिका क्रिया

माझी भाषामा विभिन्न असमापिका क्रियाहरूको प्रयोग हुन्छ। यी क्रियाहरूमा (क) सामान्य कृदन्त (ख) पूर्वकालिक कृदन्त (ग) संक्रिया पर्दछन्। सामान्य कृदन्त संयुक्त क्रियामा अनि नाम उपवाक्यमा आउने गर्दछन्। कहिलेकाहीँ सामान्य कृदन्त प्रश्न गर्दा पनि प्रयोग हुने गर्दछ। क्रियाको यो रूप सल्लाह दिँदा पनि प्रयोग हुन्छ। पूर्वकालिक कृदन्त सहायक क्रियाहरूसँग प्रयोगमा आउँछ । तलको उदाहरण हेरौँ (१३६) :

(१३६) *काम् गरइ छोडि छोडिकै होइ घर्का बस्ले*

काम् गर्-अइ छोड्-इ छोड्-इकै
काम गर्-साकृ छोड्-पूकाकृ छोड्-आनु
होइ घर्-का बस्-ले
ऊ घर्-अधि बस्-भू३एव
'काम गर्न छोडेर ऊ घरमा बस्यो।'

पूर्वकालिक कृदन्तले रीतिवाचक स्थिति जनाउँछ।

(१३७) *होइ नबुझि रिसाइले*

होइ न-बुझ्-इ रिसा-इले
ऊ अक-बुझ्-पूकाकृ रिसा-भू३एव
'ऊ नबुझी रिसायो।'

पूर्ण पक्षमा आउने सर्ग *-ल* पूर्णकालिक कृदन्तको रूपमा पनि प्रयोग हुन्छ। यस्तो सन्दर्भमा प्रयोग हुँदा *-ल* पूर्णकालिक कृदन्तका पछाडि नामयोगीहरू आउँछन् (१३८)।

(१३८) *बुधे घर्का आइल पछि बुधिनि खुसि हक्ले*

बुधे घर्-का आ-ल पछि
बुधे घर्-अधि आ-पूप पछि
बुधिनि खुसि हक्-ले
बुधिनी खुसी हु-भू३एव
'बुधे घरमा आएपछि बुधिनी खुसी भई।'

(१३९) *छोडारि घर आइल पछि मुइँ खाइछुँ*

छोडारि घर आ-ल पछि मुइँ खा-छुँ
छोरी घर आ-पूप पछि म खा-अभू१एव
'छोरी घरमा गएपछि मैले खान्छु।'

सामान्य कृदन्त रूप उद्देश्यवाचक उपवाक्यसँग पनि आउँछ।

५.१० क्रियाको द्वित्व

माझी भाषामा क्रियाका केही रूपहरू दोहोरिएर आउँछन् तर सङ्ग्रहीत पाठहरूमा यसरी दोहोरिएर आउने क्रियाहरू सीमित मात्र छन्। भूत र अभूत कालमा समापिका क्रिया दोहोरिएर आउँदा तिनीहरूले गर्ने कामलाई जोड दिएको भन्ने अर्थ लाग्छ। तलका उदाहरणले वक्ताले क्रियामा जोड दिएको अर्थ लाग्छ :

(१४०) *मुइँ बल्नि बल्नि*

मुइँ बल्-नि बल्-नि
म बोल्-भू१एव बोल्-भू१एव
'म बोलैँ बोलैँ।'

(१४१) *मुइँ जाइछुँ जाइछुँ*

मुइँ जा-छुँ जा-छुँ
म जा-अभू१एव जा-अभू१एव 'म जान्छु जान्छु।'

५.११ सारांश

यस अध्यायमा माझी भाषाका क्रिया रूपावलीको विश्लेषण गरिएको छ। माझी भाषामा केही मौलिक क्रियाका धातुहरू भए पनि अधिकांश धातुहरू अन्य भारतीय-आर्य भाषा र नेपाली भाषासँग मिल्ने हुन्छन्।माझी भाषामा भूतकाल चिन्हक प्रत्यय *-ल, -न* छन् र यो भाषामा अभूत काल चिन्हक- *छ* हो। माझी भाषामा पूर्ण पक्ष चिह्नन गर्नका लागि *-ल* प्रत्ययको प्रयोग हुन्छ। माझी भाषामा विध्यर्थ भावलाई व्यक्त गर्ने धेरै तरिकाहरू पाइन्छन्। माझी भाषामा काल, पक्ष, भाव र भावकत्व इङ्गित मौलिक प्रत्ययहरूको प्रयोगले गरिन्छ। माझी भाषामा नेपालको पूर्वी तराई तथा मध्य भेगमा बोलिने राजवंशी, मैथिली, दरैजस्ता भाषाहरूमा जस्तै जटिल प्रकारको सङ्गति व्यवस्था रहेको छ। माझी भाषामा उद्देश्यको वचन, पुरुष र आदरार्थीअनुसार क्रियामा सङ्गति हुने गर्दछ। माझी भाषामा सम्प्रदान कारक चिह्नित उद्देश्यले क्रियाको सङ्गति नियन्त्रण गर्ने गर्दछ। यसका अतिरिक्त क्रियाको सङ्गति मूल नामपदसँग नभई नामपदमा आउने विशेषक (सम्बन्ध कारक चिह्नित नाम) सँग हुने गर्दछ। माझी भाषाका सकर्मक र द्विकर्मक क्रियामा क्रिया कर्ता र कर्म दुबैसँग सङ्गति हुने गर्दछ।

अध्याय-६:
क्रियाविशेषण र अन्य पदवर्ग समूह

६.० परिचय

यस अध्यायमा माझी भाषाका क्रियाविशेषण र अन्य केही पदवर्गको चर्चा गरिएको छ। यस अध्यायको पहिलो भाग (६.१) मा क्रियाविशेषणका विविध पक्षको चर्चा गरिएको छ। माझी भाषाका निपातहरूको चर्चा (७.२) मा गरिएको छ । त्यसपछिका उपशीर्षकहरूमा विस्मयादिवोधक शब्दहरू (७.३), अनुकरणात्मक शब्दहरू (७.४), प्रतिध्वनि शब्द (७.५) को क्रमैसँग चर्चा गरिएको छ। यस अध्यायको अन्त्यमा सारांश (७.६) प्रस्तुत गरिएको छ ।

६.१ क्रियाविशेषण

गिभं (२००१) र स्याचर र सोपेन (२००७) का अनुसार क्रियाविशेषणको आर्थी वर्गीकरण यहाँ प्रस्तुत गरिएको छ।

६.१.१ रीति

माझी भाषामा कार्यको तरिका जनाउने केही क्रिया विशेषणहरू उदाहरण (१) मा दिइएको छ । यिनीहरूको वाक्यमा प्रयोग उदाहरण (२-४) मा दिइएको छ।

(१) *छिटो* 'छिटो'
ढिलो 'ढिलो'
एक्ले, अस्करे 'एक्लै'
उत्तिकै 'त्यत्तिकै'
सारे 'राम्ररी'
मज्जासिन् 'राम्ररी'

(२) *होइनिन् एक्ले खेत्का काम् गर्ले*
होइ-निन् एक्ले खेत्-का काम् गर्-ले
ऊ-ऊर्जा एक्लै खेत-अधि काम गर्-भु.३एव

'उसले एक्लै खेतमा काम गऱ्यो।'

(३) *छौँडारिन् उत्ताने सुत्छइ*

छौँडारिन् उत्ताने सुत्-छइ

छोरो उत्तानो सुत्-अभू.३एव

'छोरो उत्तानो सुत्छ।'

(४) *होइ छिटो आइले*

होइ छिटो आ-ले

ऊ छिटो आ-भू.३एव

'ऊ छिटो आयो।'

केही दैशिक क्रियाविशेषणको चर्चा (६.१.७) मा प्रस्तुत गरिएको छ।

६.१.२ कालिक

माझी भाषाका समय जनाउने केही क्रिया विशेषणहरू उदाहरण (५) मा दिइएको छ ।

(५) *अख्खइँ* 'अहिले'

अगाडि 'अगाडि'

तब 'तब'

आचाल् 'आजकल'

ढिलो 'ढिलो'

पइले 'पहिला'

केही समयतालिका जनाउने (calendrical adverbs) उदाहरण (६) मा दिइएको छ।

(६) *आज* 'आज'

कानि 'हिजो'

कालु 'भोलि'

पर्सु 'पर्सि'

पर्खाइ 'पोहोर साल'

आगुँ 'अर्को साल'

एक् छिन् 'एक क्षण'

जब 'जब'

तब 'तब'

यिनीहरूको वाक्यमा प्रयोग उदाहरण (७-८) मा दिइएको छ।

(७) *पर्खाइँ भट्लिका पैरो जाल्ते*

पर्खाइँ भट्लि-का पैरो जा-ल्ते

पोहोर भटौली-अधि पहिरो जा-भू.३एव.सम्प्र

'पोहोर साल भटौलीमा पहिरो गयो।'

(८) *धेरे पहिले मन्थलिका एक्जन् धनि माझी रइले*

धेरे पहिले मन्थलिका एक् जन्

धेरै पहिले मन्लथली-अधि एक जना

धनि माझी रइले

धनी माझी योजिका.भू३एव

'धेरै पहिला मन्थलीमा एक जना धनी माझी थिए।'

दिनमा भागहरू जनाउने केही शब्दहरू (९) मा दिइएको छ। वाक्यमा यिनीहरूको प्रयोग (१०) मा दिइएको छ।

(९) *बिहान* 'बिहान सबेरै'

दिन 'बिहान'

ब्यार 'साँझ'

(१०) *घाम् दिन पुर्बका झुल्काइछि*

घाम् दिन पुर्ब-का झुल्का-इछि

सूर्य बिहान पूर्व-अधि झुल्कि-अभू३एव

'बिहान सूर्य पूर्वमा झुल्किन्छ।'

६.१.३ आवृत्ति

माझी भाषाका केही आवृत्ति जनाउने क्रियाविशेषणलाई उदाहरण (११) मा दिइएको छ। तिनीहरूको प्रयोग उदाहरण (१५-२०) मा दिइएको छ।

(११) *फेरा* 'पटक'

फेरि 'फेरि'

सदँइन् 'सधैँ'

कैलेकाइँ 'कहिलेकाहीँ'

घरिघरि 'घरिघरि'

(१२) *होइ कइलेकाइँ रिसाइछइ*

होइ कइलेकाइँ रिसा-छइ

ऊ कहिलेकाहीँरिसा-अभू३एव

'ऊ कहिलेकाहीँ रिसाउँछ।'

(१३) *छोडारिन् फेरि मिलाइ बोलाइले*

छोडारि-न् फेरि मुइँ-लाइ बोला-ले

छोरो-ऊर्जा फेरि म-सम्पर बोला-भू३एव.१एव

'केटाले मलाई फेरि बोलायो।'

६.१.४ मात्रावाचक

माझी भाषामा परिमाण जनाउने क्रिया विशेषण सीमित छन् (१४)। तिनीहरूको प्रयोग उदाहरण (१५-२०) मा दिइएको छ।

(१४) *अलिकति*अलिकति'

झन्डेइ 'झन्डै'

धेरे 'धेरै'

सारे 'साह्रै'

इन्हा 'यत्ति'

(१५) *होइ झन्डै मोर्ल रैल*

होइ झन्डै मोर्-ल रैल

ऊ झन्डै मर्-पूप योजिका.भू३एव

'ऊ झन्डै मरेको थियो।'

(१६) *उनाइ सारे बड्ख गाछ रल्ति*

उनाइ सारे बड्ख गाछ रल्ति

त्यहाँ साह्रै ठुलो रूख योजिका.भूएव

'त्यहाँ साह्रै ठुलो रुख थियो।'

(१७) *खाँक्रो मात्रे बाँच्ले*

खाँक्रो मात्रे बाँच्-ले

गँगटो मात्रै बाँच्-भू३एव

'गँगटो मात्रै बाँच्यो।'

(१८) *ओखति सारै तित्त रैल*

ओखति सारै तित्त रैल

औषधी साह्रै तितो योजिका.भू३एव

'औषधी साह्रै तितो थियो।'

(१९) *इन्खा ढाङ्ग मानुस् मुइ कइलेइ देख्ल बइरइनाइ*

इन्खा ढाङ्ग मानुस् मुइँ कइलेइ देख्-ल

यति अग्लो मान्छे म कहिल्यै देख्-पूप

बइ-रइनाइ

अक-योजिका.अभू३एव

'यति अग्लो मान्छे मैले कहिल्यै देखेको थिइनँ।'

(२०) *साक् अलिअलि पिरो आछि*

साक् अलिअलि पिरो आछि

साग अलिअलि पिरो योजिका.अभू३एव

'साग अलिअलि पिरो छ।'

६.१.५ स्थानिक

माझी भाषाका स्थानिक क्रियाविशेषणलाई उदाहरण (२१) मा प्रस्तुत गरिएको छ। तिनीहरूको प्रयोग उदाहरण (२२-२५) मा दिइएको छ।

(२१) *उप्र* 'माथि'

हँठ्ठ 'तल, मुनि'

बद्दुर् 'टाढा'

नजिक् 'नजिक'

साम्नेसाम्ने 'आमनेसामने'

पछाडि 'पछाडि '

बाहिर 'बाहिर'

पार 'पारि'

इछि,इतइ,इतान् 'यहाँ'

उछि, उतान् 'त्यहाँ'

(२२) *स्याल् उप्राउने जाइले*

स्याल् उप्राउने जा-ले

स्याल माथि जा-भू३एव

'स्याल माथि गयो।'

(२३) *उछि केति आछि*

उछि केति आछि

त्यहाँ के योजिका.अभू३एव

'त्यहाँ के छ?'

(२४) *होक्र कपाल् उप्र चरि उड्ले*

होइ-र कपाल् उप्र चरि उड्-ले

ऊ-सम्बन्ध टाउको माथि चरो उड्-भू३एव

'उसको टाउकामाथि चरो उड्यो।'

(२५) *घर्कार पारे पट्टि गाछ्र आछि*

घर्-रपारे पट्टि गाछ्र आछि

घर पारि पट्टि रूख योजिका.अभू३एव

'घरको पारिपट्टि रूख छ।'

६.१.६ प्रश्नवाचक

माझी भाषाका प्रश्नवाचक क्रियाविशेषणलाई उदाहरण (२६) मा प्रस्तुत गरिएको छ ।

(२६) *किनारे* 'किन'

किनिखइ 'कसरी'

कछिबाटे 'कहाँबाट'

कखन् 'कहिले'

कछि 'कहाँ'

६.१.७ अवधारक क्रियाविशेषण (emphatic adverbs)

माझी भाषामा वाक्यहरूलाई जोड दिँदा प्रयोग हुने क्रियाविशेषणहरू सीमित पाइन्छन्। तिनीहरूलाई उदाहरण (२७) मा दिइएको छ।

(२७) *पक्का* 'पक्का'
खास् 'खास'

(२८) *मुइँ अस्करे जाइछुँ*
मुइँ अस्करे जा-छुँ
म एक्लै जा-अभू३एव
'म एक्लै जान्छु।'

केही क्रियाविशेषणले अरू क्रियाविशेषणको विशेषक बन्दछन् (२९-३१)।

(२९) *अलि छिटो जा*
अलि छिटो जा
अलि छिटो जा
'अलि छिटो जा।'

(३०) *तोर घर् कत्ते बद्दुर् आछ्यास्*
तोइ-र घर् कत्ते बद्दुर्
तँ-सम्बन्ध घर कति टाढा
आछ्यास्
योजिका.अभू२एव.सम्बन्ध
'तेरो घर कति टाढा छ ?'

६.१.८ सार्वनामिक क्रियाविशेषण

माझी भाषामा दुरी जनाउने दुई प्रकारका दैशिकहरूको प्रयोग हुन्छ, निकटता र दूरता। निकटता इङ्गित गर्ने यस्ता शब्दहरूले नजिकको कार्य वा तरिका व्यक्त गर्दछन् भने दूरतासँग सम्बन्धित भएर आउने शब्दहरूले टाढाको तरिका व्यक्त गर्दछन्। माझी भाषामा प्रयोग हुने दर्शक क्रियाविशेषणलाई तालिका (६.१) मा दिइएको छ । यस प्रकारका क्रियाविशेषणको डिक्सन (२००३:६२) ले समेत चर्चा गरेका छन्। यस्ता दर्शकहरू प्रश्न वाचक शब्दहरूसँग पनि सम्बन्धित हुन्छन्। यसै गरी यसैसँग सम्बन्धित सम्बन्धवाचक शब्द पनि पाइन्छन् ।

तालिका ६.१: माझी भाषाका सार्वनामिक क्रियाविशेषणहरू

	प्रश्नवाचक	**सार्वनामिक क्रियाविशेषण**		**सम्बन्ध वाचक**
		निकट	**दूर**	
रीति	*किन्खा* 'कसरी'	*इन्खा* 'यसरी'	*उन्खा* 'त्यसरी'	*जिन्खाइ* 'जसरी'
दिशा	*कथउने* 'कता'	*एथउने* 'यता'	*ओथउने* 'त्यता'	*जथउने* 'जता'
स्थानिक	*कछि* 'कहाँ'	*इछि, इतइ* 'यहाँ'	*उछि, उतइ* 'त्यहाँ'	*जछि* 'जहाँ'
कालिक	*कखन्* 'कहिले'	*अखन्* 'अहिले'	*उइले* 'उहिले'	*जखइ, जख्खन्* 'जहिले'

माथिको तालिकामा प्रस्तुत गरेजस्तै प्रश्नवाचक क्रियाविशेषण *क-* बाट सुरु हुन्छन्। अर्कातिर दूरता जनाउने क्रियाविशेषण चाहिँ *उ-* बाट सुरु हुन्छन्। तलको उदाहरण हेरौँ :

(३१) *छुनेनिन् इनिखे बल्ले*
छुनेनि-न् इनिखे बल्-ले
छोरी-ऊर्जा यसरी बोल्-भू३एव
'छोरी यसरी बोली।'

रूपतात्त्विक विशेषताका दृष्टिकोणले माझी भाषाका क्रियाविशेषण उत्पादक देखिँदैनन्। त्यसकरण त्यसको यहाँ चर्चा गरिएको छैन।

६.१.९ क्रियाविशेषण र वाक्य

क्रियाविशेषण क्रियाको अगाडि आउने गर्दछन्। तलको उदाहरण हेरौँ (३२) :

(३२) *होइनिन् भर्खर् कथा सुन्ले*
होइ-निन् भर्खर् कथा सुन्-ले
ऊ-ऊर्जा भर्खर कथा सुन्-भू३एव

'उसले भर्खर कथा सुन्यो।'

क्रियाविशेषण दोहोरिएर आउने गर्दछन् र तिनीहरू बढी महत्त्व दिन प्रयोग हुन्छन् (३३-३४)।

(३३) *होइ छिटो छिटो बेग्ले*

होइ छिटो छिटो बेग्-ले
ऊ छिटो छिटो दौड्-भू३एव
'ऊ छिटोछिटो दौड्यो।'

(३४) *बाँदर् उप्र उप्र जाइले*

बाँदर् उप्र उप्र जा-ले
बाँदर माथि माथि जा-भू३एव
'बाँदर माथिमाथि गयो।'

क्रियाविशेषणहरू तुलना गर्नका लागि समेत प्रयोग हुन्छन् (३५-३६)।

(३५) *भाएकिन् भन्दा दाजेकिन् छिटो छिटो जोत्छइ*

भाए-क्-इन् भन्दा दाजे-क्-इन् छिटो
भाइ-३एव-ऊर्जा भन्दा दाजु-३एव-ऊर्जा छिटो
छिटो जोत्-छइ
छिटो जोत्-अभू३एव
'भाइले भन्दा दाजुले छिटो छिटो जोत्छ।'

(३६) *मुइँ भन्दा होइनिन् स्वात् माछ पकाइछइ*

मुइँ भन्दा होइ-निन् स्वात्
म भन्दा ऊ-ऊर्जा स्वादिलो
माछ पका-छइ
माछा पका-अभू३एव
'मैले भन्दा उसले मिठो माछा पकाउँछ।'

तलका उदाहरणमा क्रियाविशेषणहरू तुलना गर्नका लागि प्रयोग भएका छन् (३५-३६)।

(३७) *सब् भन्दा पछि फ्यारो आइले*

सब् भन्दा पछि फ्यारो आ-ले
सबै भन्दा पछि फ्याउरो आ-भूभू३एव
'सबैभन्दा पछि फ्याउरो आयो।'

(३८) *लदिपुजाक सबैभन्दा पइले रेखि हालइ पर्छइ*

लदिपुजा-क	सबैभन्दा	पइले
नदीपूजा-सम्बन्ध	सबैभन्दा पहिला	
रेखि हाल्-इ	पर्छइ	
रेखी हाल्-साकृ पर्छ		

'नदीपूजाको सबैभन्दा पहिला रेखी हाल्नुपर्छ।'

६.२ निपात

माझी भाषामा पाइने केही मौलिक निपातको चर्चा यहाँ गरिएको छ। माझी भाषाका सीमित निपात पाइए पनि धेरैजसो निपात चाहिँ नेपाली भाषासँग मिलेको पाइन्छ। जनश्रुतिमा प्रयोग हुने निपातलाई (५.५.२) मा चर्चा गरिएको छ।

(क) ते

माझी भाषाको निपात *ते* प्रश्नको अन्तिममा प्रयोग गरिन्छ।

(३९) *हक्ल पछि केति ख्वाइ ते*

हक्-ल	पछि	केति	खा-आ-इ	ते
हु-पूप	पछि	के	खा-प्रेरणा-साकृ	निपात

'भए पछि (बच्चा जन्मेपछि आमालाई) के खुवाइन्छ?'

(ख) ता

माझी भाषाको निपात *ता* दुई ओटा बस्तु वा कार्यको अन्तर देखाउन प्रयोग हुन्छ।

(४०) *मुइँ ता जाइनाइ*

मुइँ	ता	जा-नाइ
म	त	जा-भू१एव

'म त गएँ।'

माथि चर्चा गरिएका निपातका अतिरिक्त माझी भाषामा नेपाली भाषाका जस्तै निपातको प्रयोग पनि गरिने गर्दछ। केहि उदाहरण तल दिइएको छः

(ग) पो

(४१) *छुनेनि पो आइले*

छुनेनि पो आ-ले

छोरी पो आ-भू३एव

'छोरी पो आई।'

(घ) त

(४२) *घर् त माहाल् आछि*

घर् त माहाल् आछि

घर त राम्रो योजिका.अभू३एव

'घर त राम्रो छ।'

६.३ प्रतिध्वनि शब्द (echo words)

माझी भाषामा प्रतिध्वनि शब्दहरूको प्रयोग हुन्छ। यस्ता शब्दहरू *स-* बाट सुरु हुन्छन्। तलका उदाहरणहरू हेरौँ। यसमा थप अनुसन्धानको आवश्यकता छ ।

(४३) *होइनिन् पैसा सैसा कमाइले*

होइ-निन् पैसा सैसा कमा-ले

ऊ-ऊर्जा पैसा सैसा कमा-भू३एव

'उसले पैसासैसा कमायो।'

(४४) *होइनिन् काम् साम् कमाइले*

होइ-निन् काम् साम् कमा-ले

ऊ-ऊर्जा काम साम् सक्-भू३एव

'उसले कामसाम सक्यो।'

६.४ अनुकरणात्मक शब्द

माझी भाषामा पनि अनुकरणात्मक शब्दहरूको प्रयोग हुने गर्दछ । यसमा थप अनुसन्धानको खाँचो छ।

(४५) *छोडारि थुरुरु काम्ले*

छोडारि थुरुरु काम्-ले
छोरो थुरुथुरु काम्-भू३एव
'छोरो थुरूथुरू काँप्यो।'

(४६) *होइ मुसुक्क हाँस्ले*

होइ मुसुक्क हाँस्-ले
ऊ मुसुक्क हाँस्-भू३एव
'ऊ मुसुक्क हाँस्यो।'

६.७ सारांश

माझी भाषामा विभिन्न समूहका क्रियाविशेषणहरू पाइन्छन्। वाक्य तहमा यस भाषाका अधिकांश क्रियाविशेषणहरू क्रियाको बायाँतिर आउने गर्दछन्। केही क्रियाविशेषणहरू दोहोरिएर पनि आउने गर्दछन्। अन्य भारतीय-आर्य भाषाहरूमा जस्तै माझी भाषामा पनि सार्वनामिक क्रियाविशेषणहरू प्रयुक्त छन् । माझी भाषाका केही आफ्नै मौलिक निपातहरू छन् भने बाँकी नेपाली भाषाका निपातसँगै मिल्दजुल्दा छन् ।

अध्याय-७:
पदावली संरचना

७.० परिचय

यस अध्यायमा पदावली संरचनाको चर्चा गरिएको छ। यसमा नाम पदावली (७.१) र विशेषण पदावली (७.२) को विश्लेषण गरिएको छ। अन्त्यमा (७.३) मा यस अध्यायको सारांश प्रस्तुत गरिएको छ।

७.१ नाम पदावली

नाम पदावलीमा नाम शीर्ष हुने गर्दछ र अन्य विशेषणहरू यसका अधीनस्थ भएर आउने गर्दछन्। माझी भाषा वाम शाखायित (left branching) भाषा हो। नाम पदावलीमा सामान्यतया एउटा शीर्ष अनिवार्य हुन्छ र अन्य कोटिहरू त्यसका विशेषक भएर आउने गर्दछन्।

७.१.१नाम पदावली र शीर्ष

नाम पदावलीमा नाम अथवा सर्वनाम शीर्ष भएर आउने गर्दछ (ड्रायर २००७ख१५१)। माझी भाषामा व्यक्ति वाचक नाम अथवा सर्वनाम वाक्यमा शीर्ष भएर आउँदा विशेषणहरू नामका विस्तारकका रूपमा आउँदैनन्। माझी भाषामा नाम पदावलीमा नाम अनिवार्य भए पनि विशेषकहरू ऐच्छिक रूपमा मात्र नाम पदावली संरचनामा सहभागी हुन्छन्। शीर्षका रूपमा माझी भाषाको नाम पदावलीमा आउन सक्ने शीर्षहरूलाई तलका उदाहरणहरूमा प्रस्तुत गरिएको छ (१-४) :

(१) *गब्रु गाछ्‌ बाटे खस्ले*

[गब्रु] गाछ्‌ बाटे खस्-ले
बालक रूख बाट खस्-भू.३एव
'बालक रूखबाट खस्यो।'

(२) *कुप्रि बेटि लड्ले*

[कुप्रि बेटि] लड्-ले
कुप्री आइमाई लड्-भू३एव
'कुप्री आइमाई लडी।'

(३) *होइ जोल्का डुब्ले*

[होइ] जोल्-का डुब्-ले

ऊ खोला-अधि डुब्-भू३एव

'ऊ खोलामा डुब्यो।'

(४) *बुधिनि पोइला जाइले*

[बुधिनि] पोइला जा-ले

बुधिनी पोइला जा-भू३एव

'बुधिनी पोइला गई।'

नाम पदावलीमा उदाहरण (१) मा जस्तै नाम मात्र आउन सक्छ। उदाहरण (२) मा जस्तै नामसँगै विशेषक आएर नाम पदावली को निर्माण हुन सक्छ। उदाहरण (३) मा सर्वनामले नाम पदावलीको काम गरेको छ भने उदाहरण (४) मा व्यक्ति वाचक नामले नाम पदावली को काम गरेको छ।

७.१.२ नाम पदावलीका प्रकार

यस खण्डमा ड्रायर (२००७ख) लाई अनुसरण गर्दै नाम पदावलीलाई सामान्य नाम पदावली, जटिल र शीर्षविनाको नाम पदावली मा वर्गीकरण गरी चर्चा गरिएको छ।

७.१.२.१ सरल नाम पदावली

ड्रायर (२००७ख) ले सरल नाम पदावलीमा नाम अथवा सर्वनाम शीर्ष भएर आउने उल्लेख गरेका छन्। माझी भाषामा कहिलेकाहीँ सर्वनामसँग अरू घटकहरू आए पनि सर्वनामले नाम पदावलीको कार्य गर्दा विशेषकहरू बिरलै आउने गर्दछन्। ड्रायरको वर्गीकरणमा सरल नाम पदावली मा नामसँग निर्धारक, सङ्ख्या, विशेषण जस्ता सरल खालका विशेषकहरू आउने उल्लेख गरेका छन् (२००७ख:१५१)।

(क) दर्शक

माझी भाषामा दैशिक नामका अग्र स्थानमा आएर नाम पदका घटकका रूपमा कार्य गर्दछन्। यस भाषामा दर्शक विशेषणहरूले निकटता र दूरता गरी

दुई प्रकारमा भेद छुट्याउन सकिन्छ। तलका उदाहरणहरू हेरौँ। थप उदाहरणका लागि हेर्नू (५.६)।

(५) *होइ छाग्रि मोर हो*

[होइ छाग्रि] मुइँ-र हो

त्यो बाख्रो म-सम्बन्ध योजिका.अभू

'त्यो बाख्रो मेरो हो।'

(६) *ह्य निब्वा आम्लो आछि*

[ह्य निब्वा] आम्लो आछि

यो निबुवा अमिलो योजिका.अभू.३एव

'यो निबुवा अमिलो छ।'

(ख) कोटिकर र नाम

माझी भाषामा सङ्ख्यासँग कोटिकर जोडिन्छन् र नामका बायाँतिर आउँछन्। तलका उदाहरणहरू हेरौँ :

(७) *तिन्टि बास्निल पानिका डुब्ला*

तिन्-टि बास्नि-ल पानि-का डुब्-ला

[तीन्-कोटि केटी-बव] पानी-अधि डुब्-भू.३बव

'तिन ओटी केटी पानीमा डुबे।'

(८) *चार्टा दुना मिलाइ दे*

चार्-टा दुना मुइँ-लाइ दे

[चार-कोटि दुना] म-सम्प्र दे

'चार ओटा दुना मलाई देऊ।'

(९) *होक्र पइलो बेटेक् मोर्ल*

[होइ-र पइलो बेटे-क्] मोर्-ल

ऊ-सम्बन्ध पहिलो छोरो-सम्बन्ध मर्-भू३एव

'उसको पहिलो छोरो मर्‍यो।'

(१०) *दोस्रो घर् मोर हो*

[दोस्रो घर् मुइँ-र] हो

दोस्रो घर म-सम्बन्ध योजिका.अभू

'दोस्रो घर मेरो हो।'

(ग) क्रियाविशेषण र नाम

माझी भाषामा क्रियाविशेषणसँग सम्बन्धवाचक कारक जोडिने गर्दछ र त्यसको दायाँतिर नाम आउने गर्दछ। तलका उदाहरण हेरौँ :

(११) *होइ उप्रार घर्का ब्याहा आछि*

[होइ उप्रा-र घर्-का] ब्याहा
त्यो माथि-सम्बन्ध घर-सम्बन्ध विवाह
आछि
योजिका.अभू.३एव
'त्यो माथिको घरमा विवाह छ।'

(१२) *होइ छौँडारि हँठ्ठउरि बेटिर साँहेक् हो*

[होइ छौँडारि हँठ्ठउ-रि बेटि-र]
त्यो छोरो तल-सम्बन्ध.स्त्री केटी-सम्बन्ध
साँहेक् हो
लोग्ने योजिका.अभू
'त्यो केटो तलकी केटीको लोग्ने हो।'

(१३) *इछिर कुरि माहाल आछि*

[इछि-र कुरि] माहाल आछि
यहाँ-सम्बन्ध घर राम्रो योजिका.अभू३एव
'यहाँको घर राम्रो छ।'

(१४) *उछिर गाछ् होक्र हो*

[उछि-र गाछ् होइ-र] हो
त्यहाँ-सम्बन्ध रूख ३एव-सम्बन्ध योजिका.अभू
'त्यहाँको रूख उसको हो।'

(घ) विशेषण र नाम

विशेषण नामका बायाँतिर आउने गर्दछन्। तलका उदाहरण हेरौँ :

(१५) *पिरो खुर्सान् साक्का जुन्हाल्*

[पिरो खुर्सान्] साक्-का जुन्-हाल्
पिरो खुर्सानी साग-अधि निषेध-हाल्
'पिरो खुर्सानी सागमा नहाल्।'

(ङ) परिमाणक र नाम

परिमाणक नामका बायाँतिर आउने गर्दछन्। मासिकाले यस्ता परिमाणकहरू नाम पदावली संरचनामा शीर्ष नाम र विशेषण दुवै अगाडि आउन सक्ने भनेका छन् (मासिका १९९१: ३७१)। तलका उदाहरणहरू हेरौः

(१६) *धेरे रक्सि जुन्खा*

[धेरे रक्सि] जुन्-खा
धेरै रक्सी निषेध-खा
'धेरै रक्सी नखा।'

(१७) *होइनिन् थोरे साक् पाकाइले*

होइ-निन् [थोरे साक्] पाका-इले
ऊ-ऊर्जा थोरै साग पका-भू३एव
'उसले धेरै साग पकायो।'

(१८) *होइनिन् मिलाइ अलिकति झोल् दिले*

होइ-निन् मुइँ-लाइ [अलिकति
ऊ-ऊर्जा म-सम्प्र अलिकति
झोल्] दि-ले
झोल दि-भू३एव
'उसले मलाई धेरै झोल दियो।'

(च) अनुमान जनाउने सङ्ख्या

अनुमान जनाउन प्रयोग हुने *जत्का* जति' जस्तो शब्द (approximation)नामको बायाँतिर आउँछ। तलका उदाहरण हेरौँ :

(१९) *तिन्जन् जति मन्छे आइल आछत्*

[तिन्-जन् जति मन्छे] आ-ल
तिन-कोटि जति मान्छे आ-पूप
आछत्
योजिका.अभू३बव
'तीन जना मान्छे आएका छन्।'

(२०) *होइ पाँच् दिन् जति घर्का बस्ले*

होइ [पाँच् दिन् जति] घर्-का
ऊ पाँच दिन जति घर्-अधि

बस्-ले
बस्-भू३बव
'ऊ पाँच दिन जति घरमा बस्यो।'

(छ) समूहवाचक शब्द र नाम

समूहवाचक शब्द नामका बायाँतिर आउने गर्दछन्। तलका उदाहरण हेरौँ :

(२१) *एक् जोडि परेवा उड्ला*
[एक् जोडि परेवा] उड्-ला
एक जोडी परेवा उड्-भू३बव
'एक जोडी परेवा उडे।'

(२२) *होइनिन् एक् हल् बर्दै किन्ले*
होइ-निन् [एक् हल् बर्दै] किन्-ले
ऊ-ऊर्जा एक हल गोरु किन्-भू३एव
'उसले एक हल गोरु किन्यो।'

(ज) नाम र सीमा जनाउने शब्द

सीमा जनाउने शब्द नामको दायाँतिर आउँछ। तलको उदाहरण हेरौँ (२३) :

(२३) *होक्र ब्वाक् मात्तेइ बाँच्ले*
[होइ-र ब्वा-क् मात्तेइ] बाँच्-ले
ऊ-सम्बन्ध बुवा-३एव मात्रै बाँच्-भू३एव
'उसको बुवा मात्रै बाँच्यो।'

(२४) *एक् जोडि परेवा मात्तेइ उड्ला*
[एक् जोडि परेवा] मात्तेइ उड्-ला
एक जोडी परेवा मात्रै उड्-भू३बव
'एक जोडी परेवा मात्रै उडे।'

(झ) अनिश्चयवाची सर्वनाम

माझी भाषामा अनिश्चयवाची सर्वनाम नामका अग्र स्थानमा आएर नाम पदका घटकका रूपमा कार्य गर्दछन्।

(२५) *कोइ मानुस्ल आइला*

[कोइ मानुस्-ल] आ-ला

कोही मान्छे-बव आ-भू३बव

'कोही मान्छे आयो।'

(२६) *मुइँ तुइसिन् केइ कुरो गरइ आछ*

मुइँ तुइ-सिन् [केइ कुरो] गर्-अइ

म तिमी-सँग केही कुरा गर्-साकृ

आछ

योजिका.अभू३एव

'मैले तिमीसँग केही कुरा गर्नु छ।'

७.१.२.२ जटिल नाम पद

जटिल नाम पद अन्तर्गत ड्रायर (२००७ख) ले विशेषण उप वाक्य र सम्बन्ध कारक चिह्नित विशेषक रहेको नाम पदहरूलाई समावेश गरेका छन्। तिनीहरूको यहाँ चर्चा गरिएको छ।

(क) सम्बन्ध कारक चिह्नित नाम र नाम

माझी भाषामा अनिश्चयवाची सर्वनाम नामका अग्र स्थानमा आएर नाम पदका घटकका रूपमा कार्य गर्दछन्।

(२७) *होक्र रिस् धेरे आछि*

[होइ-र रिस्] धेरे आछि

ऊ-सम्बन्ध रिस धेरै योजिका.अभू३एव

'उसको रिस धेरै छ।'

(२८) *होइनिन् बाँस्कर चोया निकाल्ले*

होइ-निन् [बाँस्-र चोया] निकाल्-ले

ऊ-ऊर्जा बाँस-सम्बन्ध चोया निकाल्-भू३एव

'उसले बाँसको चोया निकाल्यो।'

(ख) विशेषण उप वाक्य र नाम

माझी भाषामा विशेषण उप वाक्य नामको अग्र स्थानमा आउँछ। तलका उदाहरण हेरौँ :

(२९) *भट्लिका बस्तिन् आइला माझिल्किन् नयाँ कुरि बनाइल आछत्*

[भट्टिल-का बस्-तिन् आ-ला माझि-ल्-किन्]
भटौली-अधि बस्-सातत्य आ-पूप माझी-बव-ऊर्जा
नयाँ कुरि बना-ल आछत्
नयाँ घर बना-पूप योजिका.अभू३बव
'भटौलीमा बस्दै आएका माझीहरूले नयाँ घर बनाएका छन्।'

(३०) *होइनिन् मोर घर्काने बुन्ल डोको किन्ले*

होइ-निन् [मुइँ-र घर्-का-ने ऊ-ऊर्जा
म-सम्बन्ध घर-अधि-विम
बुन्-ल डोको] किन्-ले
बुन्-पूप डोको किन्-भू३एव
'उसले मेरो घरमा बुनेको डोको किन्यो।'

७.१.२.३ शीर्ष नाम विनाको नाम पद

माझी भाषामा शीर्ष नामविना नाम पदको निर्माण हुने गर्दछ। विशेषण उप वाक्य र केही विशेषणहरूले शीर्ष नामविना नाम पदको काम गर्दछन्। शीर्ष नामको उपस्थिति नभए पनि यी विशेषणहरूले नाम पदको काम गर्दछन् (ड्रायर २००७ख: १५१)।

(३१) *पुजा कर्नारिन् आफ्ने काम् गर्छइ*

[पुजा कर्-नार्-इन्] आफ्ने काम् गर्-छइ
पूजा गर्-दूर-ऊर्जा आफ्नो काम गर्-अभू३बव
'पूजा गर्नेले आफ्नो काम गर्छ।'

(३२) *माग्नारिन् आन्याक्को कुरो बइसुन्*

[माग्-नार्-इन्] आन्याक्-को कुरो बइ-सुन्
माग्-दूर-ऊर्जा अरू-सम्बन्ध कुरा अक-सुन्व
'माग्नेले अरूको कुरा सुन्दैन।'

उदाहरण (३१) मा *पुजा कर्नारिन्* 'पूजा गर्ने' ले नाम पदको काम गरेको छ। यसमा शीर्ष नाम नभए पनि विशेषण उप वाक्यले नै नाम पदको काम गरेको छ। त्यसै गरी उदाहरण (३२) मा शीर्ष नाम नभए पनि त्यसले नाम पदको काम गरेको छ।

शीर्ष विनाको नाम पद कुराकानीमा मूल रूपमा आउने गर्दछ। उदाहरण (३४) मा वक्ताले *सारि* 'सारी' प्रयोग नगरे पनि वाक्यमा यही नामको चर्चा गरेको कुरा बुझ्न सकिन्छ। यो उदाहरणमा *पिर्ल* 'रातो' ले मात्र नाम पदको काम गरेको छ भने उदाहरण (३६) मा *ढाङ्ग* 'अग्लो' ले मात्र नाम पदको कार्य गरेको छ।

(३३) *तुइ कुन्टो सारि किन्छस्*

तुइ [कुन्टो सारि] किन्-छस्
तँ कुन सारी किन्-अभू२एव
'तैँले कुन सारी किन्छस्?'

(३४) *मुइँ पिर्ल किन्छुँ*

मुइँ [पिर्ल] किन्-छुँ
म रातो किन्-अभू१एव
'मैले रातो किन्छु।'

(३५) *तुइलाइ कुन्खा केटो मन् पछ्र्यास्*

तुइ-लाइ [कुन्खा केटो] मन्
तँ-सम्प्र कुन केटो मन
पर्-छ्यास्
पर्-अभू२एव.सम्प्र
'तँलाई कुन केटो मन पर्छ?'

(३६) *मिलाइ ढाङ्ग मन् पर्छइ*

मुइँ-लाइ [ढाङ्ग] मन् पर्-छइ
म-सम्प्र अग्लो मन पर्-अभू१एव.सम्प्र
'मलाई अग्लो मन पर्छ।'

७.१.३ नाम पदमा सहभागी हुने विशेषकहरू

माथिका खण्डहरूमा माझी भाषाका नाम पदमा सहभागी घटकहरूको चर्चा गरियो। सम्बन्धित क्षेत्रमा गरिएका सङ्कलित यस भाषामा पाठहरूमा चाहिँ नाम पदावलीमा सहभागी हुने विशेषकहरू सीमित भएको पाइन्छ। नाम पदावली मा धेरै विशेषकहरू सहभागी हुने सम्भावना भए पनि एक पटकमा सीमित विशेषक नाम पदावली मा आउने गर्दछन् (३७); जस्तैः

(३७) *होक्र दिदेक्करि काकेक्करि कान्छिक् बेटेक् आइले*

[होइ-र दिदे-क्-करि
ऊ-सम्बन्ध दिदी-३एव-३एव.स्त्री
काके-क्-करि कान्छिक् बेटे-क्]
काके-३एव-सम्बन्ध.स्त्री कान्छी छोरी-३एव
आ-ले
आ-भू३एव
'उसकी दिदीकी काकाकी कान्छी छोरी आई।'

उदाहरण (३७) मा बेटेक 'उसकी छोरी' का अगाडि केही विशेषकहरू आएका छन्। यसरी आउने विशेषकको सङ्ख्या चाहिँ निकै सीमित हुने गर्दछ। उदाहरण (३८-३९) हेरौँ।

(३८) *भट्लिका बस्नार् हेल मोर भाइकराइ धेरे धनि साथेल आइला*

[भट्टिल-का बस्-नार हेल मुइँ-र
भटौली-अधि बस्-दूद यिनी म-सम्बन्ध
भाइ-कराइ धेरे धनि साथे-ल] आ-ला
भाइ-सम्बन्धधेरै धनी छोरी-बव आ-भू३बव
'भटौलीमा बस्ने मेरा भाइका धनी साथीहरू आए।'

(३९) *धेरे माहालि एउटि छुनेनि आइले*

[धेरे माहालि एक्-टि छुनेनि] आ-ले
धेरै राम्री एक-कोटि.स्त्री केटी आ-भू३एव
'धेरै राम्री एउटी केटी आई।'

(४०) *मुइँ होक्र मितेक् हो*

मुइँ [होइ-र मित-क्] हो
म ऊ-सम्बन्ध मित-३एव योजिका.अभू
'म उसको मित हुँ।'

(४१) *बुधेर घर्कर पछाडिर बड्ख जोल् मत्तेइ उर्तिल आछि*

[बुधे-र घर्-कर पछाडि-र बड्ख
बुधे-सम्बन्ध घर-सम्बन्ध पछाडी-सम्बन्ध ठुलो
जोल् मत्तेइ] उर्ति-ल आछि
खोला मात्र बग्-पूप योजिका.अभू३एव
'बुधेको घरको पछिको ठुलो नदी मात्र बगेको छ।'

उदाहरण (३८-४१) मा शीर्ष नामसँग केही विशेषकहरू आएका छन्। तर सङ्कलित पाठहरूमा चाहिँ एकै पटकमा धेरै विशेषकहरू सँगै आएको देखिँदैन।

७.२ विशेषण पदावली

माझी भाषामा केही मात्र विशेषण व्युत्पादन हुन सक्छन् । विशेषण पदावलीमा विशेषण शीर्ष हुन्छ र अन्य केही घटकहरू यसका अग्र स्थानमा (बायाँतिर) आउँछन्। विशेषण पदावली नाम पदावलीको अग्र स्थानमा आउने गर्दछ र यो नाम पदमा विशेषकका रूपमा आउने गर्दछ (मासिका १९९१:१८७)। माझी भाषामा पनि अन्य भारतीय-आर्य भाषामा जस्तै शीर्षको बायाँतिर आउँछन् (मासिका १९९१:३७३)। यस खण्डमा विशेषण पदावलीका केही घटकहरूको चर्चा गरिएको छ।

७.२.१ विशेष जोड दिने शब्द (अवधारक) र विशेषण

विशेषणको मात्रा जनाउन आउने विशेष जोड दिन आउने शब्द विशेषणको अगाडि आउँछ। तलका उदाहरणहरू हेरौँ :

(४२) *साक् अलिअलि पिरो आछि*

साक् [अलिअलि पिरो] आछि
साग अलिअलि पिरो योजिका.अभू३एव
'साग अलिअलि पिरो छ।'

(४३) *इन्खा डाङ्ग मानुस् मुइँ कइलेइ देख्ल बइरइनाइ*

[इन्खा डाङ्ग मानुस्] मुइँ कइलेइ देख्-ल
यति अग्लो मान्छे म कहिल्यै देख्-पूप
बइ-रइनाइ
अक-योजिका.भू.३एव
'यति अग्लो मानिस मैले कहिल्यै देखेको छैन।'

(४४) *होक्रि बोएक् सारे माहालि आछि*

होइ-रि बोए-क् सारे माहालि
ऊ-सम्बन्ध.स्त्री श्रीमति-३एव साह्रै राम्री
आछि
योजिका.अभू३एव
'उसकी श्रीमती निकै राम्री छ।'

७.२.२ तुलना गर्दा आउने शब्द र विशेषण

तुलना गर्दा आउने शब्द (comparative word) विशेषणका अगाडि आउने गर्दछन्। तलका उदाहरण हेरौँ :

(४५) *छुनेनि फुल ठिन् माहालि आछि*

छुनेनि [फुल ठिन् माहालि] आछि
केटी फूल जस्तै राम्री अभू.३एव
'केटी फूल जस्तै राम्री छे।'

(४६) *आँधारि कोठा दिन् ठिन् उज्यालो हकल्ते*

आँधारि [कोठा दिन् ठिन् उज्यालो]
अँध्यारो कोठा दिन जस्तो उज्यालो
हक्-अल्ते
हु-भू.३एव
'अँध्यारो कोठा दिन जस्तो उज्यालो भयो।'

७.२.३ क्रियाविशेषण र विशेषण

विशेषणका अगाडि केही क्रियाविशेषण आउने गर्दछन्। तलको उदाहरण हेरौँ :

(४७) *होइनिन् माहाँलसिन् पाकाइल मासु खाइले*

होइ-निन् [माहाँल-सिन् पाका-ल]ऊ-ऊर्जा
राम्रो-सँग पका-पूप
मासु खा-ले
मासु खा-भू३एव
'उसले राम्ररी पकाएको मासु खायो।'

७.२.४ द्वित्व र तुलना

विशेषणलाई विशेष महत्त्व दिनका लागि तुलनात्मक संरचनामा प्रयोग हुने शब्द 'भन्दा' विशेषणका बायाँतिर आउँछ। तलका उदाहरण हेरौँ :

(४८) *ब्याउला काडुो भन्दा काडुो आछि*

ब्याउला [काडुो भन्दा काडुो]
दुलाहा कालो भन्दा कालो
आछि
योजिका.अभू३एव
'दुलाहा निकै कालो (कालोभन्दा कालो) छ।'

७.३सारांश

माझी भाषा वाम-शाखायित भाषा हो। यस भाषाका नाम पदावली मा अधिकांश विशेषकहरू शीर्ष नामको बायाँतिर आउँछन्। माझी भाषामा सङ्ख्या, विशेषण, दर्शक विशेषण, परिमाणक, क्रियाविशेषण पदावली, तुलना गर्दा आउने नाम, सम्बन्धवाचक चिह्नित नाम पद आदि नामका बायाँ तिर आउने गर्दछन्। अर्कातिर माझी भाषामा अवधारक शब्दहरू शीर्ष नामका दायाँतिर पनि आउन सक्छन्। माझी भाषामा नाम, सर्वनाम अथवा यी दुवै अनुपस्थित भएर पनि नाम पदको निर्माण हुने गर्दछ।माझी भाषामा नाम पदावली मा स्वामित्व जनाउने नाम पदावली जटिल प्रकृतिका हुन्छन्। माझी भाषाको विशेषण पदावली भने सामान्य प्रकारको पाइन्छ।

अध्याय-८:
वाक्य र वाक्यको रूपान्तरण

८.० परिचय

यस अध्यायमा माझी भाषामा सरल वाक्यको परिचय र तिनीहरूको रूपान्तरणका विषयमा चर्चा गरिएको छ। वाक्यका प्रकारमा योजिका वाक्य र वाक्यमा मूल क्रिया आएर निर्माण गरिने वाक्यहरूसमेत पर्दछन्। त्यसपछि व्याकरणिक सम्बन्धको सङ्क्षेपमा अध्ययन गरिएको छ। त्यसपछि प्रश्न सङ्कोडन, अकरण र संयुज्यता परिवर्तनका बारेमा चर्चा गरिएको छ।

८.१ पदक्रम

माझी भाषा वाम शाखायित (left-branching) र क्रियान्त (verb-final) भाषा हो। यस खण्डमा सामान्य वाक्यमा आउने पदक्रमको चर्चा गरिएको छ। पदक्रमको चर्चा गर्दा उप वाक्यहरूसहित वाक्यका घटकहरूको चर्चा गरेको पाइन्छ। माझी भाषा मूलत: [*कर्ता + कर्म +क्रिया*] (SOV) भाषा हो। अकर्मक, सकर्मक र द्विकर्मक वाक्यमा आउने घटकक्रमलाई उदाहरण (१) मा प्रस्तुत गरिएको छ।

(१क) अकर्मक वाक्य: *उद्देश्य + क्रिया*

(१ख) सकर्मक वाक्य: *कर्ता + कर्म +क्रिया*

(१ग) द्विकर्मक वाक्य: *कर्ता + कर्म* $_{अप्रत्यक्ष}$ *+ कर्म* $_{प्रत्यक्ष}$ *+क्रिया*

माझी भाषामा पदक्रममा लचकता देखिन्छ। तलका वाक्यहरू माझी भाषामा तयार गरिएका पाठ्य सामग्रीहरूबाट लिइएका हुन्। यी वाक्यमा माथिका उदाहरणमा भन्दा भिन्न किसिमका पदक्रम भएका वाक्यहरूसमेत पाइन्छन्। सङ्कथन तहमा वाक्यका घटकहरू माथि उल्लिखित आफ्ना स्वभाविक स्थानमा भन्दा भिन्न स्थानमा समेत आएका हुन्छन्। त्यस किसिमका वाक्यहरूले सङ्कथन तहमा आलङ्कारिक अथवा विभिन्न प्रकारको अर्थ दिने गरी समेत प्रयोग गरिन्छ।

८.२ वाक्यका प्रकार

ड्रायर (२००७क) लाई मूल आधार मानेर माझी भाषाका वाक्यलाई वर्गीकरण गरिएको छ। ड्रायर (२००७क) ले वाक्यलाई मूल क्रिया प्रयोग गर्ने र योजिका क्रिया प्रयोग गर्ने गरी मूलतः दुई किसिमले वर्गीकरण गरेका छन्। यिनीहरूलाई क्रमश: (८.२.१) र (८.२.२) मा विश्लेषण गरिएको छ। अध्याय (९) मा मूल र उप वाक्यमा एक आपसमा हुने अधीनता (dependency) का आधारमा वाक्यहरूलाई वाक्य संयोजन र वाक्य मिश्रण गरी दुई कोटिमा वर्गीकरण गर्न सकिन्छ।

८.२.१ योजिका वाक्य

माझी भाषामा *हो, बाट्* र *हख्* गरेर तीन ओटा योजिकाहरूको प्रयोग हुन्छ। यीमध्ये *आछ्* र *हो* योजिका वाक्यमा प्रयोग हुन्छन्। यिनीहरूको भूत कालको रूप *रह* 'योजिका.भू' पनि सँगसँगै प्रयोग हुन्छ। मासिकाले (१९९१:३३७) भारतीय-आर्य भाषाहरूमा योजिकाहरूले परिचयार्थक कार्य गर्ने, परिभाषित गर्ने कार्य र कुनै व्यक्ति तथा चिजहरूको स्थानका बारेमा सूचना दिने कार्य हुने उल्लेख गरेका छन् ।

८.२.१.१ स्थानिक

योजिका *आछ्* स्थान जनाउने वाक्यमा प्रयोग हुन्छ। माझी भाषामा यस्ता वाक्यहरूमा उदाहरण (२) मा दिइएका घटकहरू समावेश हुन्छन्। यस्ता वाक्यहरूमा वाक्यको कर्म नाम वा नाम पद हुन्छ भने योजिकासँग आउने शब्द क्रियाविशेषण (वा स्थान जनाउने नामयोगी) हुन्छ।

(२) [नाम + क्रियाविशेषण (पदावली) + योजिका]

(३क) *मुइँ घर्का आछुँ*

मुइँ	घर्-का	आछुँ
म	घर-अधि	योजिका.अभू.१एव

'म घरमा छु।'

(३ख) *नातिन्क कापाल्का इँकुरि आछत्*

नाति-र्-क	कापाल्-का	इँकुरि
नाती-२एव-सम्बन्ध	कपाल-अधि	जुम्रा

आछत्
योजिका.अभू.१एव
'नातिको कपालमा जुम्रा छ।'

(३ग) *साउन्का धेरे पानि पर्छइ*

साउन्-का धेरे पानि पर्-छइ
साउन-अधि धेरै पानी पर्-अभू३एव
'साउनमा धेरै पानी पर्छ।'

योजिका क्रिया *आछ्-* र *रह-* को रूपायन तालिका (८.१) मा दिइएको छ।

तालिका ८.१ योजिका क्रिया र तिनीहरूको रूपायन

	आछ्-	***रह-***	***हो***
१एव	आछुँ	रइनाइ	हो
१बव	आछे	रइले	हो
२एव	आछस्	रइलेस्	हो
२एव.आदर	आछ:	रइल:	हो
२बव	आछ:	रइल	हो
३एव	आछ	रइल	हो
३बव	आछत्	रइला	हो

८.२.१.२ विशेषणात्मक

माझी भाषामा विशेषणसँग आउने योजिकाको संरचनामा पनि परिचयार्थकको जस्तै प्रयोग हुन्छ। विशेषणात्मक योजिकाको संरचना उदाहरण (४) मा दिइएको छ।

(४) [नाम + विशेषण + योजिका]

(५) *होक्र मुटु स्यान्खि आछि*

होइ-र मुटु स्यान्खि आछि
ऊ-सम्बन्ध मुटु सानो योजिका.अभू३एव
'उसको मुटु सानो छ।'

(६) *आगि तातो आछ*

आगि तातो आछ
आगो तातो योजिका.अभू३एव

'आगो तातो छ।'

(७) *सोमे ढ्याङ आछ*

सोमे ढ्याङ आछ

सोमे अग्लो योजिका.अभू३एव

'सोमे अग्लो छ।'

९.२.१.३ सम्बन्ध वाचक

माझी भाषाका सम्बन्ध वाचक वाक्यहरूमा वाक्यको उद्देश्य सम्बन्ध कारक चिह्नित हुन्छन्। यस संरचनामा योजिकाले भेदक (possesor) र भेद्य (possessed) नामहरूका बिचमा जोड्ने (संयोजन गर्ने) काम गर्दछ। यसको संरचना (८) मा दिइएको छ।

(८) [सम्बन्धकारक चिह्नित नाम + नाम + योजिका]

(९) *मोर दुइटाइ छोडारि आछत्*

मुइँ-र दुइटाइ छोडारि आछत्

म-सम्बन्ध दुइटा छोरी योजिका.अभू३बव

'मेरा दुईटा छोरी छन्।'

(१०) *माझील्कर छुट्टेइ भाषा आछ*

माझी-ल्-र छुट्टेइ भाषा

माझी-बव-सम्बन्ध अलग्गै भाषा

आछ

योजिका.अभू३एव

'माझीहरूको अलग्गै भाषा छ।'

८.२.१.४ परिचयार्थक

योजिकाको परिचयार्थक कार्यले वाक्यमा आउने २ ओटा नाम पदको परिचय दिन्छन्। यी वाक्यहरूको संरचना (११) मा दिइएको छ। तलको वाक्यमा *सोम* वाक्यको उद्देश्य हो, *मोरो भाइ* 'मेरो भाइ' उद्देश्यको पूरक हो भने हो योजिक क्रिया हो। माझी योजिका क्रिया *हो* मा भने क्रियाको सङ्गति हुँदैन।

(११) [नाम पद +नाम पद +योजिका]

(१२) *हामे माझी हो*

हामे माझी हो

हामी माझी योजिका.अभू

'हामी माझी हौँ।'

(१३) *मुइँ दरै बया*

मुइँ दरै बया

म दरै अक.योजिका

'म दरै होइन।'

८.२.२ विधेयात्मक वाक्य

वाक्यमा मूल क्रिया आउने वाक्यहरूलाई (विधेयात्मक वाक्यको) यस खण्डमा चर्चा गरिएको छ। यस्ता वाक्यहरूलाई मूलतः अकर्मक, सकर्मक र द्विकर्मक गरी तीन वर्गमा विभाजन गरिएको छ।

८.२.२.१ अकर्मक वाक्य

अकर्मक वाक्यमा उद्देश्य र क्रिया मात्र आउने गर्दछन्। अकर्मक वाक्यमा नाम पद) नाम पद[१] (र क्रिया अनिवार्य हुन्छन् भने नाम पद (नाम पद[२]) मा स्थानिक क्रियाविशेषणको कार्य गर्ने नाम पद आउन सक्छ।

(१४क) *भालु मोर्ले*

भालु मोर्-ले

भालु मर्-भू३एव

'भालु मर्‌यो।'

(१४ख) *टेठा घ~का बस्लसइ*

टेठा घ~का बस्-ल-लाइ

फुपाजु घर-अधि बस्-भु-अनु

'पुसाजु घरमा बस्नुभयो।'

८.२.२.२ सकर्मक वाक्य

सकर्मक वाक्यको संरचनामा कर्ता, कर्म र क्रिया अनिवार्य हुन्छन्। कर्ताले कुनै कारक नलिएको हुन सक्छ वा कर्ताले ऊर्जावत् कारक लिएको हुन सक्छ। त्यसै गरी कर्मले सम्प्रदान कारक लिएको हुन सक्छ।

(१५) *मुइँ जाल् किन्नाइ*

मुइँ जाल् किन्-नाइ

म जाल किन्-भू१बव

'मैले जाल किनेँ।'

(१६) *होइनिन् ढोका खोलल्ते*

होइ-निन् ढोका खोल्-अल्ते

ऊ-ऊर्जा ढोका खोल्-भू३एव.३एव

'उसले ढोका खोल्यो।'

(१७) *मुइँ मोर साथिल्काइ काठि जिगाइतिन् देख्लाइँ*

मुइँ मुइँ-र साथि-ल्-काइ काठि

म म-सम्बन्ध साथी-बव-सम्प्र काठ

जिगा-तिन् देख्-लाइँ

बाल्-सातत्य देख्-भू१एव.३बव

'मैले मेरो साथीलाई काठ चिर्दै गरेको देखेँ।'

८.२.२.३ द्विकर्मक वाक्य

माझी भाषामा उद्देश्य र कर्म (अप्रत्यक्ष र प्रत्यक्ष) त्यसै क्रममा वाक्यमा आउने गर्दछन्।

(१८क) *सुक्रेन् मिलाइ कुलारि दिले*

सुक्रे-न् मुइँ-लाइ कुलारि दि-ले

सुक्रे-ऊर्जा म-सम्प्र बन्चरो दि-भू३एव.३एव

'सुक्रेले मलाई बन्चरो दियो।'

(१८ख) *होक्र ब्वाकिन् होइलाइ आसिक् दिल्ते*

होइ-र ब्वा-क्-इन् होइ-लाइ

ऊ-सम्बन्ध बाउ-३एव-ऊर्जा ऊ-सम्प्र

आसिक् दि-ल्ते

आशिष् दि-भू३एव > ३एव

'उसका बाबुले उसलाई आशिष् दिए।'

(१८ग) *हरिन् साथिक्लाइ जाल् दिल्ते*

हरि-न् साथि-क्-लाइ जाल्

हरि-ऊर्जा साथी-३एव-सम्प्र जाल

दि-ल्ते
दि-भू३एव > ३एव
'हरिले साथीलाई जाल दियो।'

८.२.२.४ अनुभावक वाक्य

मासिका (१९९१) ले भारतीय-आर्य भाषामा अनुभावक वाक्यको छुट्टै संरचना हुने भनेर त्यसै अनुसार प्रस्तुत गरेका छन्। यी वाक्यहरूमा उद्देश्यका स्थानमा आउने नाम पद सम्प्रदान कारक चिह्नित हुन्छ। माझी भाषामा यस्ता सम्प्रदान कारक चिह्नित उद्देश्यसँग क्रियाको सङ्गतिसमेत हुने गर्दछ।

(१९) *माझीलाइ धेरै पिर् परल्ते*
माझी-लाइ धेरै पिर् पर्-अल्ते
माझी-सम्प्र धेरै पिर पर्-भू३एव.सम्प्र
'माझीलाई धेरै पिर पऱ्यो।'
[मन्थली र नदी किनार.९]

(२०) *मिलाइ पइसा चाइले*
मि-लाइ पइसा चाइ-ले
म-सम्प्र पैसा चाहि-भू१एव.सम्प्र
'मलाई पैसा चाहियो।'

८.३ व्याकरणिक सम्बन्ध

यस खण्डमा माझी भाषाका कर्ता र कर्मको सङ्क्षेपमा चर्चा गरिएको छ।

८.३.१ कर्ता (subject)

माझी भाषा मूलत: [*कर्ता + कर्म +क्रिया*] (SOV) भाषा हो। सामान्यतया यस भाषामा कर्ता कर्मको बायाँतिर आउने गर्दछ। पाठहरूमा केही वाक्यहरूमा कर्म कर्ताको बायाँतिर आउने सम्भावना रहे पनि घटकको क्रमलाई हेर्दा समेत वाक्यमा कर्ता कर्मको बायाँतिर आउँछ। माझी भाषामा कर्ता अचिह्नित हुन्छ (null-marked) र ऊर्जावत् कारक लिएको हुन्छ अथवा

सम्प्रदान कारक चिह्नित हुन्छ। यसरी कर्ता कर्मभन्दा कारक चिन्हनमा समेत भिन्न हुन्छ।

(२१) *होइ घर्का बोस्ले*

होइ घर्-का बोस्-ले

ऊ घर-अधि बस्-भू३एव

'ऊ घरमा बस्यो।'

(२२) *होइनिन् मिलाइ देख्ले*

होइ-निन् मुइँ-लाइ देख्-ले

ऊ-ऊर्जा १एव-सम्प्र देख्-भू३एव

'उसले मलाई देख्यो।'

उदाहरण (२१) को कर्ता अचिह्नित छ भने उदाहरण (२२) को कर्ताले ऊर्जावत् कारक लिएको छ। माझी भाषामा सम्प्रदान चिह्नित कारकसमेत चर्चा गर्नुपर्ने हुन्छ किनभने यसले क्रियाको सङ्गति समेत नियन्त्रण गर्दछ (२३-२५)।

(२३) *मिलाइ पइसा चाइले*

मि-लाइ पइसा चाइ-ले

म-सम्प्र पैसा चाहि-भू१एव.सम्प्र

'मलाई पैसा चाहियो।'

(२४) *तुइलाइ भोक् लाग्लेस्*

तुइ-लाइ भोक् लाग्-लेस्

म-सम्प्र भोक लाग्-भू२एव.सम्प्र

'तँलाई भोक लाग्यो।'

(२५) *छोडारिलाइ तिर्खा लागल्ते*

छोडारि-लाइ तिर्खा लाग-ल्ते

छोरी-सम्प्र तिर्खा लाग्-भू३एव.सम्प्र

'छोरीलाई तिर्खा लाग्यो।'

८.३.२ कर्म (object)

वाक्यमा कर्म कर्ताको बायाँतिर आउँछ। माझी भाषामा कर्ता अचिह्नित हुन्छ (null-marked), अथवा सम्प्रदान कारक चिह्नित हुन्छ। यसरी कर्ता कर्मभन्दा कारक चिन्हनमा समेत भिन्न हुन्छ (२६-२७)।

(२६) *मुइँ टोपि किन्निन्*

मुइँ	टोपि	किन्-निन्
म	टोपी	किन्- भू१एव.३एव

'मैले टोपी किनैँ।'

(२७) *मुइँ टोपिलाइ च्यात्निन्*

मुइँ	टोपि-लाइ	च्यात्-निन्
म	टोपी-सम्प्र	च्यात्-भू१एव.३एव

'मैले टोपीलाई च्यातैँ।'

प्रत्यक्ष र अप्रत्यक्ष कर्ममा कारक चिन्हनको थप जानकारीका लागि हेर्नू (३.१.२.५)। कर्मले क्रियाको सङ्गति नियन्त्रण गर्ने गर्दछ (हेर्नू ५.६)।

८.४ प्रश्न सङ्कोडन

माझी भाषामा प्रश्न गर्ने विभिन्न तरिकालाई यस खण्डमा चर्चा गरिएको छ।

८.४.१ सघटक प्रश्न

प्रश्न वाचक सर्वनाम, विशेषण अथवा क्रियायोगीहरू प्रयोग गरेर माझी भाषामा सघटक प्रश्नको निर्माण गर्न सकिन्छ। सघटक प्रश्नमा कुनै एउटा घटकको उत्तरको अपेक्षा गरिएको हुन्छ। यस्ता प्रश्नमा वाक्यमा आएका घटकहरूमध्ये एउटा घटक (नाम, विशेषण, क्रिया, क्रियाविशेषण आदि) उत्तरका रूपमा आउँछन्। केही उदाहरणहरू हेरौः

(२९) *तोर नाउँ केति हो*

तोइ-र	नाउँ	केति	हो
तैँ-सम्बन्ध	नाम	के	हो

'तेरो नाम के हो ?'

(३०) *होइ कुन् हो*

होइ	कुन्	हो
त्यो	को	योजिका.अभू३एव

'त्यो को हो ?'

(३१) *ह्य किनारे जाइछइ*

ह्य	किनारे	जा-छइ
यो	किन	जा-अभू३एव

'यो किन जान्छ ?'

(३२) *तुइ कत्ते मुन् खाइछस्*

तुइ	कत्ते	मुन्	खा-छस्
तँ	कति	जाँड	खा-अभू२एव

'तँले कति जाँड खान्छस् ?'

(३३) *मोर कुरो किनिखइ बुझ्लइ*

मुइँ-र	कुरो	किनिखइ	बुझ्-लइ
म-सम्बन्ध	कुरो	कति	बुझ्-भू२एव

'मेरो कुरो कति बुझ्यौ ?'

(३४) *तुइ उप्र कखै आइछस्*

तुइ	उप्र	कखै	आ-छस्
तँ	माथि	कहिले	आ-अभू२एव

'तँ माथि कहिले आउँछस् ?'

(३५) *मुइँ ह्य झोला कछि धरुँ*

मुइँ	ह्य	झोला	कछि	धर्-उँ
म	यो	झोला	कहाँ	राख्-आज्ञा

'मैले यो झोला कहाँ राखूँ ?'

(३६) *होइनिन् कुन्लाइ हाँसु दिल्ते*

होइ-निन्	कुन्-लाइ	हाँसु	दि-ल्ते
ऊ-ऊर्जा	को-सम्प्र	हँसिया	दि-भू३एव.३एव

'उसले कसलाई हँसिया दियो ?'

(३७) *मोर छोडारिन् केति आन्ले*

मुइँ-र	छोडारि-न्	केति	आन्-ले
म-सम्बन्ध	छोरो-ऊर्जा	के	ल्या-भू३एव

'मेरो छोराले के ल्यायो ?'

८.४.२ ध्रुवीय प्रश्न

माझी भाषामा 'हो' अथवा 'होइन' भन्ने उत्तरको अपेक्षा गरेर प्रश्न गर्दा सघटक प्रश्नमा जस्तो 'प्रश्न शब्द' हुँदैनन्। वाक्यको अन्त्यमा प्रयोग हुने आरोही अनुतान (rising intonation) ले वाक्य प्रश्न हो भन्ने बुझिन्छ।

(३८) *होइ ठाउँ माहाल आछि*

होइ ठाउँ माहाल आछि
त्यो ठाउँ राम्रो योजिका.अभू३एव

'त्यो ठाउँ राम्रो छ ? '

(३९) *तुइ इछि बोस्ल आछस्*

तुइ इछि बोस्-ल आछस्
तँ यहाँ बस्-पूप योजिका.अभू२एव

'तँ यहाँ बसको छस् ?'

(४०) *होइनिन् गाइ बान्ले*

होइ-निन् गाइ बान्-ले
ऊ-ऊर्जा गाई बाँध्-भू३एव

'उसले गाई बाँध्यो ?'

(४१) *बाजा बाझ्छइ*

बाजा बाझ्-छइ
बाजा बज्-अभू३एव

'बाजा बज्छ ?'

ध्रुवीय प्रश्नहरूमा विकल्पहरू पनि दिइएको हुन सक्छ।

(४२) *तुइ जाइलइ कि बइजाइलइ*

तुइ जा-इलइ कि बइ-जा-लइ
तँ जा-भू२एव कि अक-जा-भू२एव

'तिमी गयौ कि गएनौ ?'

(४३) *होइ घर्नाइ बस्ले कि बजार् दिसौ जाइले*

होइ घर्-नाइ बस्-ले कि
ऊ घर-अधि बस्-भू२एव कि
बजार् दिसौ जा-ले
बजार तिर जा-भू३एव

'ऊ घरमा बस्यो कि बजार तिर गयो ?'

(४४) *होल जाइला कि बइजाइला*

होल	जा-ला	कि	बइ-जा-ला
उनीहरू	जा-भू३बव	कि	अक-जा-भू३बव

'उनीहरू गए कि गएनन् ?'

८.४.३ प्रश्न र उत्तर

माझी भाषामा प्रश्नको सङ्क्षेपमा उत्तर दिँदा हो वा होइन भन्ने जनाउने कुरा शब्दहरूका मार्फत् दिन सकिन्छ। सङ्क्षेपमा उत्तर दिँदा हो अथवा होइन भनेर उत्तर दिइन्छ; जस्तैः

(४५) *हर्केर ब्वाक् मोर्ले*

हर्के-र	ब्वा-क्	मोर्-ले
हर्के-सम्बन्ध	बुवा-सम्बन्ध	मर्-भू३एव

'हर्केको बाउ मऱ्यो ?'

(४६) *अँ*
अँ
अँ

'हो।'

(४७) *अँहँ*
अँहँ
अँहँ

'होइन।'

कहिलेकाहीँ पूरा वाक्य उत्तरका रूपमा आउने गर्दछन्।

(४९अ) *अँ होइ भट्लि जाइले*

अँ	होइ	भट्लि	जा-ले
अँ	ऊ	भटौली	जा-भू३एव

'हो, ऊ भटौली गयो।'

(४९आ) *अँ जाइले*

अँ	जा-ले
अँ	जा-भू३एव

'हो, गयो।'

(५०अ) *अँहँ होइ भट्टिल बइजाइले*

अँहँ	होइ	भट्टिल	बइ-जा-ले
अँहँ	ऊ	भटौली	अक-जा-भू३एव

'होइन, ऊ भटौली गएन।'

(५०आ) *अँहँ बइजाइले*

अँहँ	बइ-जा-ले
अँहँ	अक-जा-भू३एव

'होइन, गएन।'

८.५ अकरण

माझी भाषाका वाक्यहरूलाई मूलतः रूपतात्त्विक प्रक्रियाबाट अकरणमा बदलिन्छ। सर्वप्रथम समापक क्रियालाई अकरणमा बदल्ने तरिका हेरौँ।

८.५.१ विभिन्न कालमा अकरण

माझी भाषामा दुबै कालमा (भूत र वर्तमान काल) मा वाक्यहरूलाई अकरण बनाउँदा क्रियामा अकरण उपसर्ग *बइ-* जोडिने गर्दछ । वाक्यमा अन्य घटकहरूमा केही पनि परिवर्तन हुँदैनन्। तालिका (८.२) मा यसलाई प्रस्तुत गरिएको छ।

(५१अ) *मुइँ बेग्छुँ*

मुइँ	बेग्-छुँ
म	दौड-अभू१एव

'म दौडन्छु।'

(५१आ) *मुइँ बइबेगुँ*

मुइँ	बइ-बेगुँ
म	अक-अभू१एव

'म दौडदिनँ।'

तालिका (८.२) मा प्रस्तुत गरिएजस्तै माझी भाषामा अभूत कालको क्रियालाई अकरणमा बदल्दा काल चिन्हक *-छ* बदलिने गर्दछ।

तालिका ८.२: *बेग्-* 'दौडनु' को रूपायन र अकरण

	अभूत		भूत	
		अकरण		अकरण
१एव	बेग्-छुँ	बइ-बेग्-उँ	बेग्-नाइँ	बइ-बेग्-नाइँ
१बव	बेग्-छे	बइ-बेग्-ए	बेग्-ले	बइ-बेग्-ले
२एव	बेग्-छस्	बइ-बेग्-अस्	बेग्-लइ	बइ-बेग्-लइ
२एव.आदर	बेग्-छ	बइ-बेग्-अ	बेग्-ल	बइ-बेग्-ल
२बव	बेग्-छ:	बइ-बेग्-अ:	बेग्-ल:	बइ-बेग्-ल:
३एव	बेग्-छइ	बइ-बेग्-अ	बेग्-ले	बइ-बेग्-ले
३एव.आदर	बेग्-छइ	बइ-बेग्-अ	बेग्-ले	बइ-बेग्-ले
३बव	बेग्-छत्	बइ-बेग्-अत्	बेग्-ला	बइ-बेग्-ला

(५२अ) *छोडारिल बेग्ला*

छोडारि-ल बेग्-ला

छोरो-बव दौड-अभू३बव

'छोराहरू दौडे।'

(५२आ) *छोडारिल बइबेग्ला*

छोडारि-ल बइ-बेग्-ला

छोरो-बव अक-दौड-अभू३बव

'छोराहरू दौडेनन्।'

विध्यर्थक वाक्यमा अकरणमा बदल्दा क्रियामा *जुन्-* थपिने गर्दछ।

(५३अ) *कालु घर जा*

कालु घर जा

कालु घर जा.विध्यर्थ

'भोलि घर जा।'

(५४) *कालु घर जुन्जा*

कालु घर जुन्-जा

भोलि घर निषेध-जा.विध्यर्थ

'भोलि घर नजा।'

(५५) *बस:*
बस:
बस.विध्यर्थ.आद
'बस्नुस्।'

(५६) *जुन्बस:*
जुन्-बस:
निषेध-बस.विध्यर्थ.आद
' नबस्नुस्।'

८.५.२ योजिकाको अकरण

योजिकालाई अकरणमा बदल्दा समेत योजिकामा अकरण पूर्वसर्ग *बइ-* जोडिने गर्दछ। भूत कालको योजिका *रइ-* मा *बइ-* जोडिने गर्दछ। तथापि अभूत कालमा प्रयोग हुने अकरणका रूप भने जटिल छन् किनभने अकरण सर्ग जोडिँदा योजिकाका रूप नै बदलिने गर्दछन्। तालिका (८.३) मा योजिकाको अकरण रूप दिइएको छ।

तालिका ८.३: योजिका क्रिया र तिनीहरूको रूपायन

	आछ्-	**अकरण**	**रह-**	**अकरण**	**हो**	**अकरण**
१एव	आछुँ	बइनुम्	रइनाइ	बइ-रइनाइ	हो	बया
१बव	आछे	बइनु	रइले	बइ-रइले	हो	बया
२एव	आछस्	बइनेस्	रइलेस्	बइ-रइलेस्	हो	बया
२एव.आदर	आछ:	बइन:	रइल:	बइ-रइल:	हो	बया
२बव	आछ:	बइनेर्	रइल	बइ-रइल	हो	बया
३एव	आछ	बइने	रइल	बइ-रइल	हो	बया
३बव	आछत्	बइनत्	रइला	बइ-रइला	हो	बया

केही उदाहरणहरू तल दिइएको छ :

(५७) *तोरा काड्डि बैनर*

तोरा काड्डि बैनर
तिमीहरू कालो अक.योजिका२एव

'तँ कालो छैनस्।'

(५८) *मुइँसिन् पैसा बइने*

मुइँ-सिन् पैसा बइने
म-सँग पैसा अक.योजिका३एव

'मसँग पैसा छैन।'

(५९) *उछि कुनो पुनि बइनत्*

उछि कुनो पुनि बइनत्
त्यहाँ कोही पनि अक.योजिका३एव

'त्यहाँ कोही पनि छैनन्।'

योजिकाहरू सहायक क्रियाका रूपमा प्रयोग हुँदा ती वाक्यहरूमा आएका योजिका अकरणमा बदलिन्छन्।

(६०अ) *छुनेनि नाच्लि रैलि*

छुनेनि नाच्-ल्-इ रैलि
छोरी नाच्-ल-इ योजिका.भू.३एव.स्त्री

'छोरी नाचेकी थिई।'

(६०आ) *छुनेनि नाच्लि बइरैलि*

छुनेनि नाच्-ल्-इ बइ-रैलि
छोरी नाच्-ल-इ अक-योजिका.भू.३एव.स्त्री

'छोरी नाचेकी थिइन।'

(६१अ) *छोडारिन् भात् खाइ हाल्ले*

छोडारि-न् भात् खा-इ हाल्-ले
छोरो-ऊर्जा भात खा-पूकाकृ हाल्-भू३एव

'छोराले भात खाइहाल्यो।'

(६१आ) *छोडारिन् भात् खाइ बइहाल्ले*

छोडारि-न् भात् खा-इ बइ-हाल्-ले
छोरो-ऊर्जा भात खा-पूकाकृ अक-हाल्-भू३एव

'छोराले भात खाइहालेन।'

(६२अ) *मुइँ पौरइ सक्छुँ*

मुइँ पौर्-अइ सक्-छुँ

म पौड-साकृ सक्-अभू१एव

'म पौडन सक्छु।'

(६२आ) *मुइँ पौरइ बइसकुँ*

मुइँ पौर्-अइ बइ-सकुँ

म पौड-साकृ अक-सक्.अभू१एव

'म पौडन सक्दिनँ।'

८.५.३ केही असमापिका क्रियाको अकरण

यस खण्डमा केही असमापिका क्रियाको अकरण बनाउँदा प्रयोग गरिने केही रणनीतिहरूको चर्चा गरिएको छ। आनुक्रमिक रूपलाई अकरणमा बदल्दा अकरण चिन्हक *बइ-* क्रियाको अगाडि आउँछ (६३)। त्यसै गरी क्रियाको दूरवर्ती रूपमा पनि *बइ-* जोडिने गर्दछ (६४)।

(६३) *मुइँ बइजाइकइ पुनि सुख बइपाइनाइ*

मुइँ बइ-जा-इकइ पुनि सुख बइ-पाइ-नाइ

म अक-जा-आनु पनि सुख: अक-पा-अभू१एव

'म नगएर सुख पाइन।'

(६४) *मिलाइ केति गर्नर्ि केत बइगर्नर्ि थाहा बइने*

मुइँ-लाइ केति गर्-नार् केति बइ-गर्-नार्

म-सम्प्र के गर्-दूद के अक-गर्-दूद

थाहा बइने

थाहा अक.योजिका.अभू१एव

'मलाई के गर्ने के नगर्ने थाहा छैन।'

उदाहरण (६५) मा पूर्ण पक्षमा क्रियाको रूपायन हुँदा हुने अकरण व्यवस्थालाई दिइएको छ।

(६५) *बेटेक् बइआइले पछि ब्वाक्लाइ चिन्ता लागल्ते*

बेटे-क् बइ-आ-ले पछि ब्वा-क्-लाइ

छोरो-३एव अक-आ-पूप पछि बुवा-३एव-सम्प्र

चिन्ता लाग्-ल्ते

चिन्ता लाग-भू३एव.सम्प्र

'छोरी नआएपछि बुवालाई चिन्ता लाग्यो।'

उदाहरण (६६) मा समकालीन सङ्क्रियाको रूप हुँदा देखिने अकरण व्यवस्था दिइएको छ। त्यसै गरी उदाहरण (६७) मा आनुक्रमिक सङ्क्रियाको रूपको अकरण व्यवस्था दिइएको छ।

(६६) *खेत्निन् बइजाइतिन् धान् रोपाइ बिग्रिल्ते*

खेत्-निन् बइ-जा-तिन् धान् रोप्-आइ
खेत-अधि अक-जा-सका धान रोप-नामी
बिग्र-ल्ते
बिग्र-भू३एव

'खेतमा नजाँदा धान रोपाइँ बिग्रियो।'

(६७) *होइ भट्टिल नाजाइके घर्का बस्ले*

होइ भट्टिल ना-जा-इके घर्-का बस्-ले
ऊ भटौली अक-जा-साकृ घर-अधि बस्-भू३एव

'ऊ खेतमा नगएर घरमा बस्यो।'

उदाहरण (६८क) मा क्रियाले अवधि जनाउँदा प्रयोग हुने क्रियाको अकरण व्यवस्था दिइएको छ। त्यसै गरी उदाहरण (६८ख) मा पूर्वकालिक कृदन्तको अकरण व्यवस्था दिइएको छ।

(६८क) *व्वाक् नाआउन्जिल् होल चुप लागिकइ बस्ला*

व्वा-क् ना-आ-उन्जिल् होल चुप्
बुवा-३एव.साप्र अक-आ-उन्जेल ३बव चुप
लाग्-इकइ बस्-ला
लाग-आनु बस्-भू२एव

'बाउ नआउन्जेल उनीहरू चुप बसे।'

(६८ख) *कुरो नबुझि नबुझि बुर्रा रिसाइले*

कुरो न-बुझ्-इ न-बुझ्-इ बुर्रा
कुरो अक-बुझ्-पूकाकृ अक-बुझ्-पूकाकृ बुढा
रिसा-ले
रिसा-भू३एव

'कुरो नबुझीनबुझी बुढो रिसायो।'

माझी भाषामा वाक्यलाई अकरणमा रूपान्तरण गर्दा केही शब्दहरू आफै परिवर्तन हुन्छन्। उदाहरण (६९क) मा आएको 'जे पुनि' अकरणमा रूपान्तरण हुँदा 'किछु पुनि' भएको छ।

(६९क) *होइनिन् जे पुनि खाइछइ*

होइ-निन् जे पुनि खा-छइ
ऊ-ऊर्जा जे पनि खा-अभू३एव

'उसले जे पनि खान्छ।'

(६९ख) *होइनिन् किछु पुनि बइखाक्*

होइ-निन् किछु पुनि बइ-खाक्
ऊ-ऊर्जा केही पनि अक-खा.अभू३एव

'उसले केही पनि खाँदैन।'

यस्ता केही थप शब्दहरूको सूची तल दिइएको छ (७०)।

	शब्द	**अकरण**
(७०)	जे पुनि	किछु पुनि
	जत्ता पुनि	कत्ता पुनि
	जुन् पुनि	कुनुन् पुनि
	जछि पुनि	कछुँ पुनि

थप केही उदाहरण तल दिइएको छ।

(७२अ) *होइ जख्खन् पुनि रिसाइछइ*

होइ जख्खन् पुनि रिसा-छइ
ऊ जहिले पनि रिसा-अभू३एव

'ऊ जहिले पनि रिसाउँछ।'

(७२आ) *होइ जख्खन् पुनि बइरिसाइताक्*

होइ जख्खन् पुनि बइ-रिसा-ताक्
ऊ जहिले पनि अक-रिसा-अभू३एव

'ऊ कहिल्यै पनि रिसाउँदैन।'

(७३अ) *होइ जुन्लाइ पुनि भेटाइल्याक्*

होइ जुन्-लाइ पुनि भेटा-ल्याक्
ऊ जो-सम्प्र पनि भेटा-भू३एव > ३एव

'उसले जसलाई पनि भेट्यो।'

(७३आ) *होइ कुनुन्काइ पुनि बइभेटाइल्याक्*

होइ कुनुन्-काइ पुनि बइ-भेटा-ल्याक्

ऊ कोही-सम्प्र पनि अक-भेटा-भू३एव > ३एव

'उसले कसैलाई पनि भेटेन।'

८.६ संयुज्यता परिवर्तन

यस उपखण्डमा प्रेरणात्मक संरचना र वाच्य परिवर्तनको चर्चा गरिएको छ।

८.६.१ प्रेरणार्थक संरचना

माझी भाषामा क्रियाहरूलाई प्रेरणार्थक रूपमा रूपान्तरण गर्दा अकर्मक क्रिया सकर्मक भएर संयुज्यता परिवर्तन हुन्छ। माझी भाषाको प्रेरणार्थक संरचना मूलत: रूपतात्त्विक किसिमले बदल्ने गरिन्छ। यस उपखण्डमा सर्वप्रथम रूपतात्त्विक प्रक्रियाको चर्चा गरिएको छ। प्रेरणार्थक संरचनामा प्रयोग हुने परिधीय संरचनाको चर्चा अन्त्यमा गरिएको छ।

(क) रूपतात्त्विक (morphological)

माझी भाषामा रूपतात्त्विक प्रक्रियाबाट क्रियालाई प्रेरणात्मक क्रियामा बदल्ने गरिन्छ। यस भाषाका थुप्रै धातुहरूमा *-आ* प्रत्यय थपेर यस्तो संरचनाको निर्माण गरिन्छ।

(७४अ) *मुइँ मन्थलि घुम्नाइ*

मुइँ मन्थलि घुम्-नाइँ

म मन्थली घुम्-भू१एव

'म मन्थली घुमेँ।'

(७४आ) *होइनिन् मुइँलाइ मन्थलि घुमाइँले*

होइ-निन् मुइँ-लाइ मन्थलि घुम्-आ-ले

ऊ-ऊर्जा म-सम्प्र मन्थली घुम्-प्रेरणा-भू३एव

'उसले मलाई मन्थली घुमायो।'

(७५अ) *बेटाकिन् खाना खाइले*

बेटा-क्-इन् खाना खा-ले

छोरो-३एव-ऊर्जा खाना खा-भू३एव

'उसका छोराले खाना खायो।'

(७५आ) *आमेकिन् बेटाक्लाइ खाना ख्वाल्ते*

आमा-क्-इन् बेटा-क्-लाइ
आमा-३एव-ऊर्जा छोरो-३एव-सम्र
खाना खा-आ-ल्ते
खाना खा-प्रेरणा-भू३एव > ३एव
'आमाले छोरालाई खाना खुवाइन्।'

माथिका उदाहरणहरूमा (७४आ, ७५आ) मा रूपतात्त्विक किसिमबाट क्रियालाई प्रेरणात्मक क्रियामा रूपान्तरण गरिएको छ। यी दुबै क्रियामा *-आ* जोडिएको छ। माझी भाषाका क्रियाहरूका संरचनाका आधारमा प्रेरणात्मक सर्ग *-आ* का संरूपहरूको प्रयोग हुने गर्दछ। तिनीहरूलाई तल दिइएको छ :

(अ) *-आ*

तलका क्रियाहरूमा प्रेरणार्थक रूप *-आ* को प्रयोग भएको छ।

	क्रिया	**संयुज्यता थप्ने प्रक्रिया**
(७६)	*घुमइ* 'घुम्नु'	*घुमाइ* 'घुमाउनु'
	चडइ 'चढ्नु'	*चडाइ* 'चढाउनु'
	हटइ 'हट्नु'	*हटाइ* 'हटाउनु'

(७७अ) *छाग्रि चर्ले*

छाग्रि चर्-ले
बाख्रो चर्-भू३एव
'बाख्रो चऱ्यो।'

(७७आ) *होइनिन् छाग्रि चराइले*

होइ-निन् छाग्रि चर्-आ-इले
ऊ-ऊर्जा बाख्रो चर्-प्रेरणा-भू३एव
'उसले बाख्रो चरायो।'

(७८अ) *होइ पल्टिले*

होइ पल्ट्-ले
ऊ पल्ट्-भू३एव
'ऊ पल्ट्यो।'

(७८आ) *मुइँ होइलाइ पल्टाइनिन्*

मुइँ	होइ-लाइ	पल्ट्-आ-निन्
म	ऊ-सम्प्र	पल्ट्-प्रेरणा-भू१एव > ३एव

'मैले उसलाई पल्टाएँ।'

(आ) *-वा*

तलका क्रियाहरूमा प्रेरणार्थक रूप *-वा* को प्रयोग भएको छ। *-आ, -ए, -उ* मा अन्त्य हुने क्रियाका धातुमा -वा संरूपको प्रयोग हुन्छ (७९) :

	क्रिया	**संयुज्यता थप्ने प्रक्रिया**
(७९)	*खाइ* 'खानु'	*ख्वाइ* 'खुवाउनु'
	पेइ 'पिउनु'	*प्याइ* 'पियाउनु'
	छुइ 'छुनु'	*च्वाइ* 'छुवाउनु'
	धुइ 'धुनु'	*ध्वाइ* 'धुवाउनु'

	क्रिया	**संयुज्यता थप्ने प्रक्रिया**
(८०)	*कस्टइ* 'टोक्नु'	*कस्ट्याइ* 'टोकाउनु'
	ठस्केइ 'ठस्कनु'	*ठस्क्याइ* 'ठस्काउनु, ठुस्स पार्नु'
	इत्रइ 'ठट्टा गर्नु'	*इत्र्याइ* 'ठट्टा गर्न लगाउनु'

(ख) परिधीय प्रेरणात्मक (periphrastic causative)

माझी भाषामा परिधीय संरचनाको प्रयोगमार्फत् पनि प्रेरणात्मक संरचनाको निर्माण गर्ने गरिन्छ। तलका उदाहरण (८१आ, ८२आ) मा *ला-* 'लगा' क्रियाको प्रयोग गरी प्रेरणात्मक संरचनाको निर्माण गरिएको छ :

(८१अ) *होइनिन् खेत् जोत्छइ*

होइ-निन्	खेत्	जोत्-छइ
ऊ-ऊर्जा	खेत	जोत्-अभू३एव

'उसले खेत जोत्छ।'

(८१आ) *मुइँ होइलाइ खेत् जोतइ लाइछिन्*

मुइँ	होइ-लाइ	खेत्	जोत्-अइ
म	ऊ-सम्प्र	खेत	जोत्-साकृ

ला-छिन्
लगा-अभू१एव.३एव
'मैले उसलाई खेत जोत्न लगाएँ।'

(८२अ) *रामिन् सोरि छुल्ते*
राम्-इन् सोरि छु-ल्ते
राम-ऊर्जा सुँगुर छु-भू३एव.३एव
'रामले सुँगुर छोयो।'

(८२अ) *होइनिन् राम्लाइ सोरि छुइ लाल्ते*
होइ-निन् राम्-लाइ सोरि छु-इ
ऊ-ऊर्जा राम-सम्प्र सुँगुर छु-साकृ
ला-ल्ते
लगा-भू३एव.३एव
'उसले रामलाई सुँगुर छुन लगायो।'

(८३अ) *होइनिन् पानि आन्ले*
होइ-निन् पानि आन्-ले
ऊ-ऊर्जा पानी ल्या-भू३एव
'उसले पानी ल्यायो।'

(८३आ) *मुइ होइलाइ पानि आनै लाइनिन्*
मुइ होइ-लाइ पानि आन्-अइ म
ऊ-ऊर्जा पानी ल्याउ-साकृ
ला-निन्
लगा-भू१एव.३एव
'मैले उसलाई पानी ल्याउन लगाएँ।'

८.६.२ वाच्य

माझी भाषामा कर्तृ वाच्य र कर्म वाच्यको प्रयोग भएको पाइन्छ । यस भाषामा कर्तृ वाच्यबाट कर्म वाच्यमा रूपान्तरण गर्दा क्रियासँग कर्म वाच्य चिन्हक *-ने, -नि* को प्रयोग हुन्छ र *जा-* 'जानु' क्रियाको प्रयोग हुन्छ।

(८४अ) *मुइँ हाँस्नाइ*
मुइँ हाँस्-नाइ
म हाँस्-भू१एव 'म हाँसैं।'

(८४आ) *हाँस्नि जाइले*

हाँस्-नि जा-ले

हाँस्-कतृवा जा-भू३एव

'हाँसियो।'

(८५अ) *मुइँ सुत्नाइ*

मुइँ सुत्-नाइ

म सुत्-भू१एव

'म सुतैँ।'

(८५आ) *सुत्नि जाइले*

सुत्-नि जा-ले

सुत्-कर्तृवा जा-भू३एव

'सुतियो।'

सकर्मक क्रियामा पनि यही नियम लागु हुन्छ।

(८६अ) *हाइँ दसैँ मान्ले*

हाइँ दसैँ मान्-ले

हामी दसैँ मान्-भू१बव

'हामी दसैँ मनाउँछौँ।'

(८६आ) *दसैँ मान्नि जाइले*

दसैँ मान्-नि जा-ले

दशैँ मान्-कर्तृवा जा-भू३एव

'दसैँ मनाइन्छ।'

(८७अ) *मुइ भात् खाइछुँ*

मुइँ भात् खा-छुँ

म भात खा-अभू१एव

'म भात खान्छु।'

(८७अ) *भात् खाइने जाइछुँ*

भात् खा-ने जा-छुँ

भात खा-कर्तृवा जा-अभू१एव

'भात खाइन्छ।'

(८८अ) *हाइँ दसैँ मनाइछे*

हाइँ दसैँ मना-छे

हामी दसैँ मना-अभू१बव

'हामी दसैँ मनाउँछौँ।'

(८८आ) *दसैँ मान्निजाइछे*

दसैँ मान्-नि जा-छे

दसैँ मना-कर्तृवा जा-अभू१एव

'दसैँ मनाइन्छ।'

माझी भाषामा वाच्य परिवर्तनसम्बन्धी थप अनुसन्धानको खाँचो छ।

८.७ सारांश

माझी भाषा क्रियान्त भाषा हो र यस भाषाको पदक्रम *कर्ता-कर्म-क्रिया* (SOV) हो। त्यसै गरी द्विकर्मक क्रियामा वाक्यको बनोटमा कर्ता + अप्रत्यक्ष कर्म + प्रत्यक्ष कर्म +क्रिया आउने गर्दछ। माझी भाषाका योजिका वाक्यहरूमा योजिकाहरूको प्रयोग हुन्छ र माझी भाषामा मूल रूपमा दुई ओटा योजिका (योजिका *आछ्* र *हो*) को प्रयोग हुने गर्दछ। माझी भाषामा प्रेरणार्थक संरचनाको निर्माण मूलतः रूपतात्त्विक प्रक्रिया बाट हुन्छ। यस भाषामा वाक्यलाई अकरण बनाउँदा उपसर्ग *आ-* को प्रयोग हुने गर्दछ। यद्यपि माझी भाषामा वाच्य परिवर्तनको विस्तृत अध्ययनको अझै आवश्यकता रहेको छ।

अध्याय-९:
वाक्य संयोजन

९.० परिचय

यस अध्यायमा वाक्यको संयोजनको चर्चा गरिएको छ। यस उपशीर्षकमा वाक्यलाई वर्गीकरण गर्दा ड्रायर (२००७क) लाई मूल आधार मानिएको छ । उनले वाक्यहरूको वर्गीकरणका आधारहरू प्रस्तुत गर्दा वाक्यहरूको एक आपसमा हुने अधीनता (dependency) लाई समेत जोड दिएका छन्। यसका आधारमा एक अर्कामा स्वतन्त्र वाक्यलाई जोड्ने प्रक्रियालाई 'वाक्य संयोजन' (coordination) अन्तर्गत् (९.१) मा चर्चा गरिएको छ र एक आपसमा अधीन हुने वाक्यहरूलाई 'वाक्य मिश्रण' (subordination) अन्तर्गत् विश्लेषण गरिएको छ (९.२)। अन्त्यमा यस अध्यायको सारांश दिइएको छ।

९.१ वाक्य संयोजन

ह्यास्पेलमाथ (२००७) ले प्रस्तुत गरेका वाक्य संयोजनका तरिकाहरूमध्ये तलका तीन किसिमका संरचना माझी भाषामा विश्लेषण गरिएको छ।

९.१.१ संयोजन

माझी भाषामा केही संयोजकहरूको प्रयोग गरेर वाक्यहरूको संयोजन गर्ने गरिन्छ। तिनीहरूको चर्चा यहाँ गरिएको छ।

(क) र 'र'

दुई वा दुईभन्दा बढी स्वतन्त्र वाक्यलाई जोडन 'र' को प्रयोग गरिन्छ (१-२)।

(१) *होइनिन् मासु र भात् खाइले*
होइ-निन् मासु र भात् खा-ले
ऊ-ऊर्जा मासु र भात खा-भू.३एव
'उसले मासु र भात खायो।'

(२) *गब्रु तामाकोसि जाइले बास्निलाइ भेट्ले र बास्निलाई भागाल्ते*
गब्रु तामाकोसि जा-ले बास्नि-लाइ
केटो तामाकोसी जा-भू३एव तरूनी-सम्प्र

भेट्-ले र बास्नि-लाई
भेट-भू३एव र तरूनी-सम्प्र
भाग-आ-ल्ते
भाग्-प्रेरणा-भू३एव.३एव
'केटो तामाकोसी गयो, केटी भेट्यो र केटीलाई भगायो।'

माझी भाषामा दुई भन्दा बढी स्वतन्त्र एकाइलाई जोड्नुपर्दा संयोजक 'र' अन्तिम एकाइको अगाडि आउने गर्दछ। उदाहरण (२) मा यस्ता तीन ओटा स्वतन्त्र एकाइ छन् र संयोजक अन्तिम एकाइको बायाँतिर आएको छ।

(३) *होइनिन् गाइ भैँसि र छाग्रि पाल्ल आछ*

होइ-निन् गाइ भैँसि र छाग्रि
ऊ-ऊर्जा गाई भैँसी र बाख्रो
पाल्-ल आछ
पाल्-ल योजिका.अभू.३एव
'उसले गाई, भैँसी र बाख्रो पालेको छ।'

संयोजकले वाक्यका अतिरिक्त पदावली र अन्य पदवर्गलाई समेत जोड्ने गर्दछ (४-६)।

(४) *भट्लिका कानि र पोर्सिँ पहिरो जाइले*

भट्लि-का कानि र पोर्सिँ पहिरो
भटौली-अधि हिलो र अस्ति पहिरो
जा-ले
जा-भू३एव
'भटौलीमा हिजो र अस्ति पहिरो गयो।'

(५) *माझेनिन् मुन् र रक्सि बनाइनार् गर्छै*

माझेनि-न् मुन् र रक्सि
माझी महिला-ऊर्जा जाँड र रक्सी
बन्-आ-नार् गर्-छै
बन-प्रेरणा-दूद गर्-अभू.३एव
'माझी महिलाले जाँड र रक्सी बनाउने गर्छे।'

(६) *होक्रि बेटेक् माहालि र जलालु आछि*

होइ-रि बेटे-क् माहालि
ऊ-सम्बन्ध छोरी-३एव राम्री

र जलालु आछि
र लजालु योजिका.अभू.३एव
'उसकी छोरी राम्री र लजालु छे।'

वाक्य तथा पदावलीको संयोजन गर्दा संयोजकले भिन्नभिन्न अर्थ दिन्छ। उदाहरण (७) मा संयोजित भएको दोस्रो वाक्यले 'कारण' देखाएको छ भने उदाहरण (८-१०) मा कालिक क्रम देखाएको छ।

(७) *चोर् घर्का पोस्ले र कुकल् भुक्ले*
चोर् घर्-का पोस्-ले र कुकल्
चोर घर-अधि पस्-भू र कुकुर
भुक्-ले
भुक्-भू.३एव
'चोर घरमा पस्यो र कुकुर भुक्यो।'

(८) *होइनिन् धेरे रक्सि पिले र बेरामि पोर्ले*
होइ-निन् धेरै रक्सि पि-ले
ऊ-ऊर्जा धैरै रक्सी पि-भू३एव
र बेरामि पोर्-ले
र बिरामी पर्-भू.३एव
'उसले धेरै रक्सी पियो र बिरामी पऱ्यो।'

(९) *होइनिन् घर्का अइले र बिस्तराका लड्ले*
होइ-निन् घर्-का आ-ले
ऊ-ऊर्जा घर-अधि आ-भू.३एव
र बिस्तरा-का लड्-ले
र बिस्तरा-अधि लड्-भू.३एव
'ऊ घरमा आयो र बिस्तारामा लड्यो।'

(१०) *होइनिन् मिलाइ पैसा दिले र छेग्रि लैजाल्ते*
होइ-निन् मुइँ-लाइ पैसा दि-ले
ऊ-ऊर्जा म-सम्प्र पैसा दि-भू.३एव
र छेग्रि लैजा-ल्ते
र बाख्रो लै-भू३एव.३एव
'उसले मलाई पैसा दियो र बाख्रो लग्यो।'

(ख) *अनि*'अनि'

माझी भाषामा वाक्यहरूको संयोजन गर्नका लागि *अनि* 'अनि' संयोजकको पनि प्रयोग भएको हुन्छ। यस्ता वाक्यहरू समपदिक हुन्छन्।

(११) *नानि जन्मिले अनि बेटि मोर्ले*

नानि जन्म्-ले अनि बेटि मोर्-ले
बच्चा जन्म-भू.३एव अनि आइमाई मर्-भू३एव
' बच्चा जन्म्यो अनि आइमाई मरी।'

(१२) *मुइँ पढ्नाइ अनि खेल्नाइ*

मुइँ पढ्-नाइ अनि खेल्-नाइ
म पढ्-भू१एव पनि खेल्-भू१एव
'मैले पढैँ अनि खेलैँ।'

(१३) *मुइँ जाइनाइ अनि पानि परल्ते*

मुइँ जा-नाइ अनि पानि पर-ल्ते
म जा-भू१एव पनि पानी पर्-भू३एव
'म गएँ अनि पानी पऱ्यो।'

(१४) *होइ आइले अनि मुइँ जाइनाइ*

होइ आ-ले अनि मुइँ जा-नाइ
ऊ आ-भू३एव पनि म जा-भू३एव
'ऊ आयो अनि म गएँ।'

